परिच्छेद एक

# अध्ययनपत्र परिचय

## १.१ विषय परिचय

लोकसाहित्यका विभिन्न विधा लोकगीत, लोककविता, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का र गाउँखाने कथामध्ये सर्वाधिक बढी रचिने, गाइने र रुचाइने विधाका रूपमा लोकगीतलाई चिनिन्छ । लोकगीतमा लोकजीवनका सुख-दुःख, आँसु-हाँसो, आशा निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार आस्था र मान्यताको चित्र प्रस्तुत गरिएको हुन्छ । लोकगीत रागात्मक र लयात्मक हुन्छ । मानव हृदयमा रहेका प्रेम-करुणा, आशा-निराशा, हर्ष-विस्मात् आदिको अभिव्यक्ति लोकगीतमा हुने भएकाले लोकगीतलाई लोक मानसले आफ्नो ठानेको हुन्छ ।

हामी र हाम्रो परिवेशलाई हेर्दा डाँडाकाँडा, कुनाकन्दरा, उकालीओराली र भञ्ज्याङ्ग चौतारीको प्रचुरता पाइन्छ । यहीँ विविध जातजाति, धर्म संस्कृतिको विविधता र बाहुल्यता रहेको अनुपम प्राकृतिक सौन्दर्यको खानीका रूपमा रहेको नेपाल वास्तवमै लोकगीतको उर्वर भूमि हो । यहाँको लोकजीवनका आफ्नै शैली र विशेषता छन् । ग्रामीण परिवेशले ठूलो हिस्सा ओगट्नु नेपालको विशेषता हो, यही परिवेशमा लोकगीतले फक्रने र फुल्ने मौका पाएका छन् । आर्थिक तथा सामाजिक दृष्टिले नेपाली लोकजीवन अझै परम्परागत परिवेशमै बाँचेको छ । जीविका र जीवनशैलीमा उस्तै आफ्नापन र मौलिकता विद्यमान छन् । तिनै अवस्था र अनुभूतिलाई कला साधक र सर्जकले निरन्तर आफ्नो सीप र सिर्जनाका माध्यमबाट उजागर गरिरहेका छन् । नेपाली लोक सङ्गीतको सिर्जना, उत्थान र विकासमा कैयौं सर्जकले आफ्नो जीवन समर्पण गरिरहेको यथार्थता सबैका सामु छर्लङ्ग छ ।

नेपाली लोकजीवनका यथार्थ पक्षलाई टपक्क टिपेर लयात्मक प्रवाहमा पस्कने प्रतिभावान् कला साधकको नाम स्मरण गर्नु उपयुक्त हुन्छ । यस सन्दर्भमा हाम्रा अघिल्ला पुस्ताका धर्मराज थापा, झलकमान गन्धर्व, अली मियाँ, कोइली देवी, कुमार बस्नेत, कल्याण शेरचन, चेतन कार्की, हिरण्य भोजपुरे, गणेश रसिक, बुद्धि परियार, बमबहादुर कार्की, प्रेमराजा महत जस्ता मूर्धन्य व्यक्तित्वलाई सम्झिनु पर्दछ । जसमध्ये अधिकांश साधक गण्डकीको सेरोफेरोलाई नै कर्मथलो बनाई क्रियाशील रहेको भेटिन्छ । त्यसपछिका पुस्तामा र खास गरी पोखरेली सेरोफेरोकै लोकजीवनसँग सामिप्य राख्दै आएका सक्रिय कला साधक

हरिदेवी कोइराला, प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, तारापति सुवेदी, जीवन दाहाल, पार्वती जी.सी., चोलेन्द्र पौडेल, घनश्याम रिजाल, रामजी पौडेल, ज्योति लोहनी, माया गुरुङ जस्ता प्रतिभावान् व्यक्तित्व देखा पर्दछन् । लोकगीत र लोक गायनका क्षेत्रमा सक्रिय यिनै व्यक्तित्वमध्येकी गायिका सरस्वती लामिछानेले पनि पर्दछिन् । गायिका लामिछानेले गायनका माध्यमबाट नेपाली जनजीवनका हरेक पक्ष र पाटालाई अभिव्यक्त गर्दै आइरहेकी छन् ।

नेपाली जनजीवनमा घाँस दाउरा, मेलापात, संस्कार र पर्वहरूमा युवायुवती बीच हुने प्रेम प्रसङ्ग, आकाङ्क्षा र घोचपेचलाई विषयवस्तु बनाई अभिव्यक्त गरिने दोहोरी गीत, श्रम गर्दा गाइने श्रम गीत, वैदेशिक रोजगारीका लागि विदेश गएका नेपाली युवायुवतीका अन्तरमनका कथाव्यथा पोखिएका विरही भावका गीत पनि उनले गाएकी छन् । साथसाथै, नारी जीवनमा व्याप्त आशा, निराशा कुण्ठा, पीडा र आकाङ्क्षाको प्रतिबिम्ब देखिने तीजे गीत गायिका सरस्वती लामिछानेले गाएर आफ्नो गीति यात्रालाई अगाडि बढाइ रहेकी छन् । यही सन्दर्भलाई समेटेर प्रस्तुत अध्ययनपत्रमा सरस्वती लामिछानेले गाएका गीतको अध्ययन गरिएको छ ।

## १.२ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक **सरस्वती लामिछानेले गाएका गीतहरूको अध्ययन** रहेको छ ।

## १.३ अध्ययनको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौँ पत्र (५४०-६) को पूरक प्रयोजनका लागि प्रस्तुत अध्ययनपत्र तयार गरिएको छ ।

## १.४ समस्या कथन

नेपाली लोक संस्कृतिका उन्नायकहरूको पहिचान, मूल्याङ्कन र योगदानको यथेष्ठ अध्ययन हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा निम्नानुसारका समस्यामा केन्द्रित रही अध्ययन गरिएको छ :

१. गायिका सरस्वती लामिछानेको व्यक्तित्व के कस्तो रहेको छ ?

२. सरस्वती लामिछानेले के-कस्ता गीत गाएकी छन् ?

३. सरस्वती लामिछानेले गाएका गीतलाई के कसरी अध्ययन गर्न सकिन्छ ?

## १.५ उद्देश्य कथन

प्रस्तुत अध्ययनपत्रको मुख्य उद्देश्य लोकगीत र गायनको क्षेत्रमा सक्रिय गायिका सरस्वतीको व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी उनको योगदानको चर्चा गर्नु रहेको छ। अध्ययनपत्रको उद्देश्यलाई निम्न लिखित बुदाँका आधारमा पूर्णता दिइएको छ :

१. गायिका सरस्वती लामिछानेको व्यक्तित्वको चिनारी दिनु,

२. सरस्वती लामिछानेले गाएका गीतको सङ्कलन गर्नु,

३. सरस्वती लामिछानेले गाएका गीतको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

हामीसँग हाम्रा ग्रामीण जनजीवनका ऐतिहासिक, सांस्कृतिक र सामाजिक पक्षको नालिवेली अभिव्यक्त हुने आफ्नै प्रकारका मौलिकता बोकेका गीत र भाकाको अद्भूत भण्डार छ। त्यस्ता गीत र भाकाको अध्ययन र विश्लेषण गर्ने कार्य पनि हुँदै आएका छन् । यद्यपि सम्पूर्ण स्रष्टा साधकको गीत सङ्गीतको साधनाको, जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी प्रकाशमा ल्याउने कार्य भने अपेक्षाकृत भएको देखिँदैन । लोकगीत र गायनका क्षेत्रमा प्रशस्त साधक क्रियाशील भए पनि अझै उनीहरूको व्यक्तिगत जीवन र साधनाप्रति कसैले चासो राख्ने र समीक्षा गर्ने गरेको भेटिदैन । पोखरेली गायक गायिकाका सन्दर्भमा भएका केही अध्ययनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

'**अली मियाँको जीवनी, व्यक्तित्व र कृतित्व**' (२०५४) शीर्षकमा शोधार्थी नारायणप्रसाद ज्ञवालीले शोधपत्र तयार पारेको पाइन्छ । उक्त अध्ययनमा अली मियाँको जीवनी र कृतित्वका बारेमा चर्चा भए तापनि सरस्वती लामिछानेका बारेमा चर्चा पाइँदैन ।

'**हरिदेवी कोइरालाले गाएका गीतहरूको अध्ययन**' (२०६१) शीर्षकमा आनन्दसुन्दर श्रेष्ठले अध्ययनपत्र तयार गरी उनको व्यक्तित्व र कृतित्वलाई प्रकाशमा ल्याएको देखिन्छ । जुन अध्ययनमा पनि सरस्वती लामिछानेका बारेमा चर्चा हुन सकेको छैन ।

**पद्मराज ढकालले गाएका गीतको अध्ययन** (२०६९) शीर्षकमा अध्ययनकर्ता सविता सुनामले अध्ययनपत्र तयार गरेको पाइन्छ । उक्त अध्ययनपत्रमा ढकालले गाएका गीतको चर्चा भए तापनि सरस्वती लामिछानेका बारेमा कुनै चर्चा फेला पर्दैन ।

**चोलेन्द्र पौडेलले गाएका गीतको अध्ययन** (२०७१) शीर्षकको अध्ययनपत्र अध्ययनकर्ता दुर्गाबहादुर थापाले तयार गरेको पाइन्छ । उक्त अध्ययनपत्रमा पनि सरस्वती लामिछानेका बारेमा कतै केही उल्लेख भएको पाइँदैन ।

यी बाहेक लोकगीत, सङ्गीतलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाएर गायनका क्षेत्रमा समर्पित तथा क्रियाशील कैयौं साधकका बारेमा, उनीहरूका कार्य र कृतिका बारेमा कहीँ कुनै क्षेत्रबाट हालसम्म अध्ययन तथा विश्लेषण गरिएको भेटिदैन । यही यथार्थतालाई मध्यनजर गर्दै गायनको माध्यमबाट नेपाली डाँडाकाँडा, कुना कन्दरा र भीरपाखाका सुसेलीहरूलाई लयात्मक प्रस्तुतिद्वारा जनमानस समक्ष पस्कन सफल गायिका सरस्वती लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी कलाको मात्र नभई कलाका साधकको पनि अध्ययन हुनपर्छ भन्ने मान्यतामा प्रस्तुत अध्ययनपत्र केन्द्रित छ । यसरी सरस्वती लामिछानेले गाएका गीतको अध्ययन तथा विश्लेषणसहित उनको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन र समीक्षा गर्ने कार्य हालसम्म भएको पाइँदैन । सोही अभावपूर्ति गर्नका लागि प्रस्तुत अध्ययनपत्र तयार पारिएको छ ।

## १.७ अध्ययनको औचित्य

नेपाली लोकगीतको आकाशमा र विशेष गरी पोखरेली लोक गायनका क्षेत्रमा सरस्वती लामिछाने परिचित नाम हो । उनले विभिन्न गीतका माध्यमबाट नेपाली जनजीवनका कथा व्यथा र संवेदनाहरू अभिव्यक्त गरी लोकगीत सङ्गीतका पारखीहरूलाई मनोरञ्जन प्रदान गर्दै आइरहेकी छन् । यसका साथै, पोखरेली लोक गायनका क्षेत्रमा अग्रजहरूले सिर्जना गरेको साङ्गीतिक पथलाई पछ्याउँदै लोकगीत सङ्गीतको भण्डार अभिवृद्धि गर्न क्रियाशील रहेकी छन् । यद्यपि हालसम्म गायिका सरस्वती लामिछानेको व्यक्तित्व र कृतित्वबारे कुनै क्षेत्रबाट अध्ययन वा विश्लेषण गर्ने कार्य हुन सकेको छैन । प्रस्तुत अध्ययनपत्रमा गायिका सरस्वती लामिछानेले गाएका गीतको अध्ययन गरी उनको कृतित्व र योगदानको समीक्षा गरिएकाले अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

सरस्वती लामिछानेले गाएका गीतको अध्ययन गर्नु यसको अध्ययन क्षेत्र रहेको छ । यस्तै, प्रस्तुत अध्ययनपत्र तयार पार्दासम्म सार्वजनिक भएका उनका गीतमा अध्ययन कार्यलाई सीमित गरिएको छ । यो नै यस अध्ययनको क्षेत्र रहेको छ ।

## १.९ अध्ययन विधि

प्रस्तुत अध्ययनपत्र तयार पार्न सरस्वती लामिछानेले गाएका गीतहरूको पुस्तकालयीय विधिबाट सङ्कलन गरी अध्ययन गरिएको छ । जसका क्रममा उनले गाएका गीतका श्रव्यदृश्य सामग्रीको सङ्कलन र उपयोग गरिएको छ । समय समयमा सरस्वती लामिछाने स्वयम् र उनीसित सम्बन्धित व्यक्तिसँग मौखिक तथा लिखित अन्तर्वार्ता र छलफलका माध्यमबाट प्राप्त जानकारीका आधारमा अध्ययन सम्पन्न गरिएको छ ।

## १.१० परिच्छेद विभाजन

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित गर्नका लागि निम्नानुसारको ढाँचामा परिच्छेदको निर्माण र विभाजन गरी अध्ययनपत्र तयार पारिएको छ :

परिच्छेद एक : अध्ययन परिचय

परिच्छेद दुई : लोकगीतको सैद्धान्तिक चिनारी

परिच्छेद तीन : सरस्वती लामिछानेको सङ्क्षिप्त चिनारी

परिच्छेद चार : सरस्वती लामिछानेले गाएका गीतको अध्ययन

परिच्छेद पाँच : निष्कर्ष

परिशिष्ट,

सन्दर्भ सूची ।

परिच्छेद : दुई

# लोकगीतको सैद्धान्तिक चिनारी

## २.१ लोक साहित्यको चिनारी

लोकसाहित्य 'लोक' र 'साहित्य' को मेलबाट बनेको शब्द हो । यसको अर्थ हो- लोकको साहित्य । लोकको अर्थात् जनताको साहित्यलाई लोकसाहित्य भनिन्छ । जनताद्वारा सिर्जना गरिने र अनन्तकालदेखि मौखिक रूपमा एक मुखबाट अर्को मुख, एक ठाउँबाट अर्को ठाउँ हुँदै विकसित जनताको साहित्य नै लोकसाहित्य हो । यसको सिर्जना शिष्ट समुदायबाट नभई सामान्य जनसमुदाय वा लोकबाट गरिन्छ । जनसाधारणका बीचमा प्रचलित एवम् लोकप्रिय भएर रहेको लोकसिर्जनाले सामान्य जनसमुदायका जीवनका सुख दुःखात्मक प्रत्येक पक्षलाई छोएको हुन्छ । यसलाई नेपालीमा अर्थ लगाउँदा हित वा कल्याणको भावनाले युक्त हुन नै साहित्य हो । समग्रमा भन्दा यसको अर्थ लोक कल्याणको भावनाले युक्त अभिव्यक्ति लोकसाहित्य हो भन्ने बुझिन्छ ।

मानव सभ्यताको प्रारम्भिक अवस्थादेखि नै मानिसले आफ्ना अनुभव र अनुभूतिलाई विभिन्न माध्यमबाट व्यक्त गर्ने भाषा साहित्य र कलात्मक अभिव्यक्तिमा लोकसाहित्य र साहित्य पर्दछन् । लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोकसाहित्य हो । यस्तो साहित्य लोक समुदायद्वारा रचना गरिन्छ र लोक समुदायमा नै प्रचलनमा हुन्छ (पराजुली र गिरी, २०६८ : १) । यसरी लोक साहित्यका विविध परिभाषालाई हेर्दा के भन्न सकिन्छ भने, लोकसाहित्य लोक परम्पराबाट प्राप्त साहित्य हो । यसमा मानव सभ्यताको पुरानो इतिहास अङ्कित हुन्छ । यसले मानव ग्रन्थी माथि प्रकाश पार्छ र सामाजिकस्तरलाई बुझाउन मद्दत गर्दछ । यसैले लोक साहित्यलाई लोकको सम्पत्ति मानिन्छ ।

## २.२ लोक साहित्यका विधा

लोकसाहित्यमा लोकका समस्त क्रियाकलापको अभिव्यक्ति प्रष्ट रूपमा भएको हुन्छ र यो निरन्तर विकासशील छ । लोकजीवनको सम्पूर्ण दर्शन नै यसैबाट प्रतिबिम्बित भएको छ । लोकसाहित्य समाजका सम्पूर्ण वर्ग र सर्वहारा वर्गको जीवन पद्धतिमा आबद्ध भएको

पाइन्छ । यिनै वर्गका अनुभूतिलाई यसले आत्मसात् गरेको हुन्छ । त्यसैले लोकसाहित्यलाई प्रतिनिधित्व गर्ने प्रमुख विधाहरू विभाजन गर्न सक्दछौँ (शर्मा र लुइटेल, २०६३ : ४६) । शर्मा र लुइटेलले गरेको विभाजन अनुसार लोकसाहित्यलाई निम्नानुसार अध्ययन एवम् विश्लेषण गर्न सकिन्छ ।

### २.२.१ लोककथा

लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन र लोकप्रिय विधा हो । जसको अस्तित्व संसारभर व्याप्त छ । संसारका सबै भाषा, जात, जाति, क्षेत्र र स्थानमा लोक कथाको अस्तित्व पाइन्छ । लोककथा सुन्ने र सुनाउने प्रचलन मानव सभ्यताको प्राथमिक कालदेखि प्रारम्भ भई हालसम्म कायम रहेको देखिन्छ । लोककथा सुन्न र भन्न खास कुनै औपचारिक ठाउँको आवश्यकता पर्दैन । नेपाली लोककथा विशेष गरेर बेलुकाको समयमा खानापछि घरपरिवार सँगै बसेर काम गर्दा वा पारिवारिक कुराकानीका समयमा भन्ने गरिन्छ । यसरी लोककथा भन्दा बौद्धिक ज्ञान, मनोरञ्जन, उत्साह, वीरता र शारीरिक स्फुर्तीसमेत बढेको पाउन सकिन्छ ।

### २.२.२ लोकनाटक

लोकनाटक अन्तर्गत लोक जीवनलाई मनोरञ्जन दिलाउनका लागि देखाउने स-साना नाच पर्दछन् । कुनै-कुनै नाटक त संवादयुक्त घटना भएका पनि देखाइन्छ । जस्तैः रत्यौलीमा नाचिने नाच, गाईजात्रे नाच, तिहारमा नाचिने नाच, कृष्ण चरित्रमा नाचिने नाच र श्रीस्वस्थानीको समापनमा नाचिने नाच सबै लोकनाटक अन्तर्गत पर्दछन् ।

### २.२.३ गाउँखाने कथा

गाउँखाने कथा विधा सङ्क्षिप्त भएर पनि अत्यन्त प्रचलित छ । खासगरी यस विधाले मनोरञ्जनमै आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । गाउँखाने कथाको उत्तर प्रतीकका रूपमा खोज्नु पर्ने हुन्छ, जसले दिमागलाई छिटो, छरितो र चिन्तन गर्ने प्रक्रियातर्फ अप्रत्यक्ष रूपमा अग्रसर गराउछ । यसमा एउटा जटिल प्रश्न राख्ने वा अड्को थाप्ने काम गरिन्छ । श्रोताले उत्तर दिने वा अड्को फुकाउनु पर्ने हुन्छ । यो लोकसाहित्यको

रमाइलो र चुड्किलो विधा हो, जसले मनोरञ्जनका साथसाथै बुद्धि विकासको कला सिकाउने गर्दछ ।

## २.२.४ उखान

उखान शब्द संस्कृतको 'उपाख्यान' शब्दबाट आएको हो (पराजुली, २०३९ : ८) । संस्कृतको उपाख्यान शब्दले पुरानो कथा, प्राचीन वृतान्त, ठूलो कथा अन्तर्गत रहने सानो कथा, उखान भन्ने अर्थ अभिव्यक्त गर्दछ (पोखरेल र अन्य, २०४० : १५५) । उखानको अर्थ लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुटकिला, उक्ति, लोकोक्ति, आहान, कहावत हो (पोखरेल र अन्य, २०४० : १३३) । लोकसाहित्यका विभिन्न विधामध्ये उखान एउटा सशक्त विधा हो । लोक जीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोक्ति नै उखान हो । यसको मूलस्रोत लोक जीवनको दिनचर्या, अभिव्यक्ति एवम् आपसी व्यवहार हो । यसमा लोक अनुभवबाट परिस्कृत बन्दै गएको भाषा पाइन्छ (पराजुली, २०३९) । यसले व्यावहारिक जीवनमा खारिएको सत्य व्यक्त गर्दछ । अतः यसले मानवजीवनलाई सत् बाटोमा हिँड्न मार्ग निर्देशन गर्छ । त्यसकारण यो लाम्ो समयसम्म बाँचेको हुन्छ । जस्तै :

*अदुवा खाई सभा बस्नु, मुला खाई वन पस्नु*

*अचानोको पीर खुकुरीले जान्दैन*

*अकबरी सुनलाई कसी लाउन पर्दैन ।*

यसरी आज उखान र उपाख्यान शब्दको बीच अर्थभेद भइसकेको छ । उखान लोक जीवनका विविधतालाई सूत्रबद्ध रूपमा व्यक्त गर्ने कसिलो लोक अभिव्यक्ति हो भने उपाख्या एक किसिमको कथा हो । उखानको जन्म कथ्य भाषाबाट हुन्छ । त्यसपछि क्रमशः विकसित हुँदै र खाँरिदै उखान लेख्य भाषामा प्रवेश गर्छ । यसले भनाइलाई खिरिलो र मार्मिक बनाइदिन्छ । यसर्थ भाषामा उखानको स्थान महत्त्वपूर्ण हुन्छ । यसैले लोकले मौखिक रूपमा जीवित राखेको भाषिक, लघुसंरचनात्मक वाक्यस्तरको कथनलाई उखान भनिन्छ ।

## २.२.५ टुक्का

टुक्कालाई अङ्ग्रेजीमा आइडम (Idom) भनिन्छ । कथ्य र लेख्य रूपमा पाइने टुक्का शब्दको सम्बन्ध टुक्रासँग रहेको देखिन्छ । टुक्का वाक्यमा प्रयुक्त खास भाषिक टुक्रा वा इकाइ भएकाले यी दुईका बीचमा अर्थगत निकटता पाइन्छ । संसारका अधिकांश भाषामा

टुक्काको अस्तित्व रहेको छ । नेपाली भाषा र अभिव्यक्तिमा पनि टुक्काले विशेष स्थान लिएको छ । भाषिक अभिव्यक्तिलाई विशिष्ट र प्रभावकारी तुल्याउन यसको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ । नेपालीमा टुक्कालाई वाक्यांश, वाक्यपद्धति र वाकधारा पनि भनिएको पाइन्छ (शर्मा र लुइटेल, २०६३ : ३३) । कसै-कसैले यसलाई तुक्का र मुहाबरा पनि भनेका छन् । टुक्का र तुक्कामा ध्वनिसाम्य भए पनि अर्थका दृष्टिले यी दुवैमा भिन्नता रहेको छ । टुक्काले पदसमूह तहको खास-खास भाषिक एकाइलाई जनाउछ भने तुक्काले कुनै प्रयोजनबाट गरिएको काम निष्प्रयोजन हुनुलाई जनाउछ । जस्तै :

आए आँप, गए झटारो

तर्नु आँखा तर्नु, छाला तर्नु

डढ्नु घर डढ्नु, मन डढ्नु, वन डढ्नु

टोक्नु ओठ टोक्नु, जिब्रो टोक्नु ।

प्रस्तुत टुक्कामध्ये माथिल्लो टुक्कालाई हेर्ने हो भने यसमा झटारो हान्दा आँप झर्नु प्रयोजन हो । यस्तै आँप नझरी झटारो जानु निष्प्रयोजन भई तुक्का बन्नु हो । यसर्थ टुक्का लागि तुक्का शब्दको प्रयोग अमिल्दो देखिन्छ ।

### २.२.६ लोकगाथा

लोक जनमानसका कथाहरू रहेको रचना लोकगाथा हो । कुनै पनि प्रबन्धकाव्य वा महाकाव्यलाई गाथासँग तुलना गर्न सकिन्छ । त्यसैले कुनै पनि गीतले बाँधिएको कथालाई गाथा भन्न उपयुक्त हुन्छ । नेपाली बृहत् शब्दकोशले लोकगाथा भनेको ‘परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको नृत्य र कथात्मकतासमेत विद्यमान रहेको राष्ट्रिय गौरव, वीर चरित्र र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध विशेष गीत’ (पोखरेल र अन्य २०४० : ११८८) । हो भन्ने उल्लेख गरेको छ । लोकसाहित्यका यी विभिन्न विधाका साथै लोकगीत पनि एक हो । यस अध्ययनपत्र पनि गीतसँग सम्बन्धित भएकाले लोकगीत सम्बन्धी विभिन्न सन्दर्भलाई यहाँ चिनारी दिने प्रयास गरिएको छ । अन्य विधाको तुलनामा यसलाई बढी जोड दिइएको छ ।

## २.३ लोकगीतको चिनारी

लोकगीत लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो (बन्धु, २०५८ : १२१) । लोकगीतमा लोकजीवनका दुःख-सुख, आँसु-हासो, आशा-निराशाका साथै लोकको चालचलन, विधि, व्यवहार, आस्था र मान्यताको अभिव्यक्ति नै लोकगीत हो । यसमा लोकको संस्कृति अभिव्यक्ति हुन्छ । लोकगीतमा मानव हृदयमा रहेका प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति हुन्छ । यस्ता अभिव्यक्तिले गीत सुन्ने र गाउनेको हृदयलाई संयम बनाउछन् । लोकगीतले कठोर मनलाई पनि रसमय बनाउछ साथै सहृदयी बनाउनु यसको विशेषता हो । लोकगीतका प्रभावले मानिस आफ्ना दुःख, कष्ट, पीर, व्यथा बिर्सन्छन् । भोक तिर्खा, प्यास र रागलाई भुल्छन् र गीतकै रागात्मकतामा रमाउछन्, आनन्द लिन्छन् (बन्धु, २०५८ : १२१-१२३) । लोकमानसको स्वतःस्फूर्त अभिव्यक्ति लयात्मक रूप लिई भाषामा प्रकट हुँदा लोकगीतका रूप लिन्छन् । लोकगीत लोक जीवनमा एकबाट अर्कोमा हस्तान्तरण हुँदै आएका हुन् ।

कुनै-कुनै व्यक्तिले लोकगीतलाई आफ्नै सम्पत्ति ठानेर अनि त्यसमा मौलिकतासमेत थपेर अभिव्यक्ति गर्दछन् । लोकगीत लयात्मक अभिव्यक्ति हो । लय यसको आत्मा हो । लोक जीवनमा लय र भाकामा विभिन्न रूप हुन्छन् । लोकगीत विभिन्न भाषामा भए पनि, हामीले त्यो भाषामा नबुझे पनि यसले मानिसलाई प्रभावित पार्दछ । विभिन्न भाषामा, विभिन्न उमेर, विभिन्न संस्कृति भएका समुदायमा पनि यसले सबैको हृदयलाई एउटै बिन्दुमा ल्याउछ । लोकगीत सुन्दासुन्दै कतिपय मान्छेमा तुरुन्त हासो वा आँसु देखा पर्न थाल्दछ । त्यसैले त भावनाको प्रवाह र संवेगलाई लोकजनित लयात्मक अभिव्यक्तिमा प्रस्तुत गर्दै जाने कलाका रूपमा लोकगीतलाई चिनाउछन् (सुवेदी, २०४५ : १००) । यसरी लोकगीत बारेका विभिन्न परिभाषालाई हेर्दा लोक जीवनको चिनारी नै लोकगीत हो ।

## २.४ लोकगीतको परिभाषा

समाजको रुचि र संस्कार अनुसार लोकगीतको संशोधन परिवर्तन र पर्वद्धन भइरहन्छ । तिनका विषय, लय, प्रस्तुति आदिमा नित्य नवीन विशेषता देखा परि रहन्छन् । त्यसैले ती कहिल्यै पनि म्याद गएका बाँसी सामग्री बन्दैनन् । आफूलाई समयको गति सापेक्ष बनाउँदै आफ्नो प्रभाव कायम राख्न ती सक्षम हुन्छन् । लोकगीतलाई चिनाउन

विभिन्न विद्वान्ले यसलाई परिभाषित गरेका छन् । तीमध्ये केही महत्त्वपूर्ण परिभाषा यस प्रकार छन् :

- 'लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मातृभाषाका नाताले मानव-समाजमा नैसर्गिक रूपले दुःखसुखको अभावमा दया, माया, प्रेम भाव अभिव्यक्ति हुँदा स्वयम् उद्गारको रूपमा निस्केर लयदार तर जसमा काव्यमयी शैली भई सिर्जना हुन्छन्' (जोशी, २०१४ : २५) । सत्यमोहन जोशीको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा के भन्न सकिन्छ भने, लोकगीत भनेको दुःख सुख, माया, स्नेह र प्रेम भावलाई अभिव्यक्त गर्ने लयात्मक शैली लोकगीत हो । जुन काव्यमय भएकाले श्रोताको ध्यान तान्ने एउटा सङ्गीतमय रूपमा अभिव्यक्त हुने माध्यम हो ।
- 'लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःख-सुख आँसु-हासो, आशा-निराशाका साथै लोकको चालचलन, विधि, व्यवहार, आस्था र मान्यताको चित्रण हुन्छ' (बन्धु, २०५८ : ११५) । चूडामणि बन्धुको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा लोकगीतले हाम्रा लोक जीवनमा तथा चलन चल्तीमा रहेका पुराना संस्कार संस्कृति, विधि व्यवहार, आस्था र मान्यतालाई झल्काउने एउटा माध्यम हो भन्न सकिन्छ ।
- 'लोकगीत हृदयको स्वतः स्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो' (पराजुली, २०५७ : ६९) । कृष्णप्रसाद पराजुलीको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा कुनै करकाप विना व्यक्तिको भित्री आत्मा अथवा हृदयदेखि स्वतः स्फूर्त रूपमा निस्कने अभिव्यक्ति लोकगीत हो । जुन अभिव्यक्तिले कसैलाई बाधा, व्यवधान, नोक्सानी, पीडाबोध नगराउने सरल लयबद्ध अभिव्यक्ति हो भन्ने कुरा पुष्टि गर्न सकिन्छ ।

यी माथिका परिभाषालाई समेट्दै समग्रमा लोकगीत लोकले मौखिक रूपमा जीवित रहेको लोक, मानसको अर्थात् लोक हृदयको स्वतःस्फूर्त लयात्मक अनि गेयात्मक अभिव्यक्ति नै लोकगीत हो भन्न सकिन्छ ।

## २.५ लोकगीतका प्रमुख तत्त्वहरू

लोकगीत एउटा संरचना हो । जसरी एउटा घर बनाउन ढुङ्गा, माटो, काठ, खर आदि तत्त्वहरूको खाँचो हुन्छ यसरी नै लोकगीतको संरचना खडा गर्न पनि विभिन्न तत्त्व आवश्यक पर्दछन् । लोक संरचनामा सन्दर्भ, विषयवस्तु, भाव, भाषा, स्थायी, अन्तरा, थेगो,

लय वा भाका शैली पाइने कुरा यसका समीक्षकले उल्लेख गरेका छन् (बन्धु, २०५८ : ११५) । नेपाली लोकगीतको संरचना निर्माण गर्ने प्रमुख तत्त्व निम्नलिखित छन् :

### २.५.१ सन्दर्भ

लोकगीतको प्रमुख तत्त्व अन्तर्गत सन्दर्भ पर्दछ । यसको आफ्नो नीति सन्दर्भ हुन्छ । यस्ता सन्दर्भहरू धेरै किसिमका हुन्छन् । जस्तै सामाजिक, मनोरञ्जनमूलक, धार्मिक, श्रममूलक, सांस्कृतिक, भाषिक, लोकसङ्गीत श्रृङ्गारिक आदि । उदाहरणका लागि असारे गीतले आफ्नो रूप चहक्याउन उसका लागि असार महिनाको खेत रोपाइँको श्रममूलक सन्दर्भ खोज्छ, यसका प्राकृतिक वातावरणमा हली, बाउसे, खेतला र वियाडेले गाएको असारे गीतले ओज प्राप्त गर्छ । यसमा एकातिर खेत हिल्याउँदै बाउसेहरू आली लगाउँदै, अर्कातिर खेतालाहरू धानको बीउ रोप्दै र बीउ काँड्दै गरेको वातावरण असारे गीतका लागि उपयोगी मानिन्छ । यस्तो प्रकारले खेत रोपाइँको सन्दर्भमा गाएको गीत नै असारे गीत हो । यो गीत तीजका बेलाम् गाउँदा त्यो ओजपूर्ण र असारे गीत हुन सक्दैन ।

### २.५.२ विषयवस्तु र भाव

लोकगीतका लागि अत्यावश्यक तत्त्व विषयवस्तु र भाव हो । लोकगीत सानो बालकदेखि बुढापाकाले गाउने गीतमा पनि कुनै-कुनै विषयवस्तु र भाव आएको हुन्छ । त्यो विषय आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, वैज्ञानिक आदि हुन सक्छ । जस्तैः भजन, मालासिरी, आरती आदि धार्मिक विषय हुन्छ भने सालैजो, झ्याउरे, यानिमया, कौरा गीतमा प्रेम विषय हुन्छन् । रत्यौली गीतमा हासो युक्त पक्षलाई विषय बनाइएको हुन्छ । त्यसैले विषयवस्तु र भावलाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ ।

### २.५.३ भाषा

लोकगीतको अर्को तत्त्व भाषा हो । यसमा प्रयोग हुने भाषा लोकस्तरको सरल र कलात्मक हुन्छ । यस्तो सरल भाषा लोक जीवनमा भिजेको हुन्छ । भाषाले विषयको अर्थबोध गराउँछ भने लयले साङ्गीतिक आनन्द दिन्छ । लोकगीत पनि भाषिक अभिव्यक्ति हो, त्यसैले भाषालाई अनिवार्य तत्त्व भनिएको हो । यो जनवोली अनुकूलको हुनु पर्दछ ।

### २.५.४ स्थायी, अन्तरा र थेगो

लोकगीतका लागि नभई नहुने अर्को तत्त्व स्थायी, अन्तरा र थेगो हो । लोकगीतमा पटक-पटक दोहोरिइकन रहने पङ्क्ति समूह स्थायी हो । यही स्थायीलाई छेकेर गाइने लोकगीतको पङ्क्ति समूह अन्तरा हो भने लोकगीतमा दोहोरिने निरर्थक वाक्यांश थेगो हो ।

उदाहरणका लागिः

**स्थायी-** *डाँडै घुम्यो चिल, नैहुन रैछ र, सारै बस्यो दिल*

**अन्तरा-** *आजभोलि के हुन्छ के हुन्छ ?*

*वनको न्याउली कराउँदा मन रुन्छ ।*

**थेगो-** *हे, हा, आहोइ*

लोकगीतमा स्थायी अन्तरा र थेगो तीनवटै तत्त्व समावेश भएका गीत पनि हुन्छन् भने थेगो र स्थायी वा अन्तरा र स्थायी समावेश भएका गीत पनि हुन्छन् । यी कुनै पनि मिश्रण नभएका गीत प्रायः राम्रा हुँदैनन् । त्यसैले स्थायी र थेगो लोकगीतका अनिवार्य तत्त्व भनिएको हो ।

### २.५.५ लय

लयलाई लोकगीतको अर्को प्रमुख तत्त्व भनिन्छ । लय भन्नाले स्वरको आरोह अवरोह हो । लोकगीतमा हुने स्वर आरोह अवरोहलाई लोकलय भनिन्छ । यसका तीनवटा क्रम द्रुत, मध्य र बिलम्बित हुन्छन् । यसरी लय पनि फरक-फरक हुन्छ । नेपाली लोकगीतमा धेरै किसिमका लय छन् । जस्तैः सालैजो, झ्याउरे, असारे, देउसी, भैलो, यानिमाया, सुनिमाया, रोइला आदि । यी लय नै लोकगीतका भाका हुन् । यस्ता प्रकारका भाकालाई ठाडो भाका, तेस्रो भाका, घुमाउरो भाका, लस्के भाका जस्ता नामले चिनिन्छ । झ्याउरे गीतको लय आफ्नै किसिमको हुन्छ भने असारे गीतको लय एक किसिमको हुन्छ । त्यसैगरी तीजे गीतको लय आफ्नै किसिमको हुन्छ । त्यसैले लयलाई लोकगीतको मेरुदण्ड मानिन्छ । लयको अभावमा लोकगीत बन्न सक्दैन ।

### २.५.६ शैली

शैली भन्नाले पद्धति, रीति, ढाँचा, परिपाटी तरिका भन्ने बुझिन्छ । यो पनि लोकगीतको अत्यावश्यक तत्त्व हो । लोकगीतका सन्दर्भमा लोकगीत गाउने तरिका नै शैली भन्ने जनाउँछ । यसका पनि विविध भेद छन् । जस्तैः सरल, आलङ्कारिक, वर्णनात्मक, संवादात्मक, मनोवादात्मक शैली आदि । नेपाली लोकगीतमा प्रायः प्रशस्त मात्रमा सरल शैलीको प्रयोग पाइन्छ । दोहोरी गीतमा भने तार्किक शैली प्रवल पाइन्छ । हालसालैका दोहोरी गीतमा आलङ्कारिक शैली प्रचुर मात्रामा पाइन्छ ।

## २.६ लोकगीतका विशेषता

लोकगीत विभिन्न विशेषताले युक्त हुन्छन् । तिनका विषयवस्तु, भाव, भाषा, प्रस्तुति, सिर्जना आदिका आधारमा तिनलाई ठम्याउन सकिन्छ । लोकगीतका विशेषता यस प्रकार छन् :

### २.६.१ सरल र सहज

अभिव्यक्ति सरल, सहज हुन्छ । साधारण भनाइले मिठास थपेको पाइन्छ । यो भावुक हृदयबाट प्रस्फुटित हुन्छ । यसको आत्माले साहित्यलाई पनि आत्मसाथ गरेको हुन्छ ।

### २.६.२ मौखिक र श्रुतिपरम्परामा आधारित

लोकगीत मौखिक र श्रुतिपरम्परामा जीवित रूपमा आएको पाइन्छ । यो लिखित नभई अलिखित रहन्छ । यसलाई सङ्कलन गरी लिपिबद्ध गरेपछि विकासशील र परिवर्तनशील रूपमा आएको पाइन्छ ।

### २.६.३ रचनाकार र रचनाकाल अज्ञात

लोकगीत कसले र कहिले रचेको हो भन्ने जानकारी अहिलेसम्म पाउन सकिएको छैन । प्राचीन कालदेखि नै परम्परागत रूपमा चलेर आएको हुँदा यसको सामाजिकीकरण भई तिथिमिति तथा रचनाकार स्पष्ट रूपमा जानकारी पाउन सकिएको छैन ।

### २.६.४ सङ्गीतात्मक

लोकगीत गाउनका लागि लय र सङगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । लोकगीतले सङ्गीतको समुचित प्रयोग गर्छ । कतिपय लोकगीतमा निरर्थक शब्दकोसमेत प्रयोग हुने हुँदा साङ्गीतिक धुनको आवश्यकता रहन्छ । यसलाई, बाँसुरी, मादल आदि विभिन्न वाद्ययन्त्रको प्रयोगबाट सङ्गीत पूर्ण बनाइन्छ ।

### २.६.५ परिवर्तनशील

लोकगीतमा समय र स्थान अनुसार परिवर्तन आउने गर्छ । यसमा हुने परिवर्तनशीलतालाई यसको विकासशीलता मानिन्छ । प्राचीनता, पारम्परिकता, हस्तान्तरणीयता मौखिकता आदिका कारण यसमा समय-समयमा परिवर्तन देखापर्छ ।

## २.७ लोकगीतका प्रकार

नेपालीमा धेरै प्रकारका लोकगीत पाइन्छन् । प्रत्येक लोकगीतका आफ्नै विशेषता, महत्त्व र प्रकार रहेको देखिन्छ । त्यसैले अध्ययनका क्रममा लोकगीतको प्रकार धेरैले धेरै उल्लेख गरेका छन् । तापनि सर्वसम्मत, वैज्ञानिक अथवा निर्दोष वर्गीकरण कसैले गर्न सकेको छैनन् (न्यौपाने, २०६६ : १२) । यस्तो स्थिति देखिए पनि नेपाली लोकगीतलाई बाह्रमासे गीत, श्रमगीत, पर्वगीत र संस्कार गीत गरी चार प्रकारमा विभाजन गर्न सकिन्छः

### २.७.१ बाह्रमासे गीत

बाह्रै महिना जुनसुकै समयमा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । बाह्रमासे गीतका लागि खास समय, अवसर, महिना वा ऋतु, चाडपर्व आदि केहीको आवश्यकता पर्दैन, जुनसुकै समयमा गाउन सकिन्छ । मनले गाउन चाहेपछि जति बेला पनि सदाकालीन वा बाह्रमासे गीतहरू स्वतः प्रस्फुटित हुन्छन् ।

### २.७.२ श्रमगीत

श्रमगीत विशेष गरी खेतबारी सम्बन्धी खासखास समयमा खासखास काम गर्दा गाइने गीत अन्तर्गत पर्छन् । यो एक प्रकारको कर्मगीत अर्थात् श्रमगीत पनि हो । खेतबारीमा काम गर्दाको समयमा गीत गाइने हुँदा यसलाई कर्मगीत वा श्रमगीत भनिन्छ

(पराजुली, २०५७ : २०८) । यी गीतहरू एकातिर रोपाइँ, गोडाइँ, दाइँ आदि क्रमशःसँग सम्बन्धित छन् भने अर्कोतिर असार, भदौ, मंसिर, जेठ आदि समयसँग सम्बद्ध छन् । काम र समयको तालमेल मिलाएर गाइने हुँदा यिनलाई सामाजिक वा समय विशेषको लोकगीत भनिएको हो । जस्तैः जेठेगीत, असारेगीत, साउनेगीत, भदौरेगीत दाइँगीत, बालीगीत भारी उचाल्ने गीत आदि रहेका छन् ।

### २.७.३ पर्वगीत

पर्व विशेष वा चाडवाडमा गाइने गीतलाई पर्वगीत भनिन्छ । हाम्रो नेपाली समाजमा वसन्त ऋतुको आगमनसँगै, विभिन्न पर्वको सुरुआत हुने गर्दछ । सामाजिक विषयवस्तु भावगत विविधता, भएका हाम्रो नेपाली समाजमा फरक-फरक खालका पर्वगीत देखा परेको पाइन्छ (बन्धु, २०५८ : १७२) । सरस्वती लामिछानेले विभिन्न पर्वगीत गाएकी छन् ।

### २.७.४ संस्कार गीत

विभिन्न मान्छेको संस्कार गर्दा गाइने गीतलाई संस्कार गीत भनिन्छ । माङ्गलिक अवसरमा महिला पुरुष दुवै मिली माङ्गलिक कार्यको आरम्भमा गाइने गीत हो । यो गीत बढी मात्रामा बाह्रमण तथा क्षेत्री जातिका महिलाले गाएको भेटिन्छ भने पुरुष अन्तर्गत गन्धर्व जातिले गाउँदा सारङ्गी बाजा बजाउनु र धर्म, अर्थ, मङ्गल मनोरञ्जन प्राप्त गर्ने उद्देश्यले गाइनु यस गीत अन्तर्गत पर्दछ (नेपाली, २०६० : ३८) । संस्कार गीत अन्तर्गत विभिन्न संस्कार गर्दा गाइने गीत यसप्रकार छन् । जस्तैः मागल, सगुन, फाग, खाँडो, रत्यौली विवाहमा गाइने सिलोक, तरबारे गीत आदि सरस्वती लामिछानेले पनि विभिन्न संस्कार गीत गाएकी छन् ।

## २.८ निष्कर्ष

लोकसाहित्य लोक जीवनमा परम्परागत मौखिक रूपले चल्दै आएको अज्ञात रचनाकारको अभिव्यक्ति हो भने जनसाहित्य चाहिँ जनताको बोलीचाली र मर्मका आधारमा जन हृदय छुने गरी रचिएको साहित्य हो । लोकसाहित्य गाउँमा मात्र सीमित नभई शहरमा पनि हुन्छ । यसरी स्थान भूगोल र भाषामा निहित अत्यन्त व्यापक र विशिष्ट रूपमा रहेका

लोकगीत, लोक कविता, लोककथा, लोक नाटक, गाउँखाने कथा, उखान टुक्का आदि विविध विषयको समष्टि रूपलाई लोकसाहित्य भन्नु युक्तिसङ्गत देखिन्छ ।

लोकगीत लोकका गलागलामा् बसी एक ठाउँबाट पुग्दै त्यहाँको स्थानीयता ग्रहण गर्दै त्यो गीत राम्रो समाज र स्थान अनुसार मौखिक रूपमा परिवर्तन हुँदै गीत परिस्कृत र परिमार्जन भएको पाइन्छ । लोकगीतमा लोक जीवनका तथा लोकमा घटेका दुःख, सुख, आँसु-हासो आशा-निराशा, पीर-वेदना, माया-प्रेम, मिलन-विछोड, चालचलन, व्यवहार, धर्म, आस्था र मान्यताको अभिव्यक्ति गरिएको हुन्छ ।

परिच्छेद : तीन

# सरस्वती लामिछानेको सङ्क्षिप्त चिनारी


## ३.१ सरस्वती लामिछानेको व्यक्तित्व

पोखराबाट नजिक रमणीय ठाउँ पर्वत जिल्लाको सुन्दर प्राकृतिक वातावरणको काखमा जन्मेर हुर्केकी हुन् सरस्वती लामिछाने । नेपाली लोकगीत र सङ्गीतलाई वातावरणीय परिवेश अनुसार आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा अंगाली गायनका क्षेत्रमा क्रियाशील गायिका सरस्वती लामिछाने व्यक्तित्व एवम् पारिवारिक पृष्ठभूमि, जन्म बाल्यकालका समय र सन्दर्भ, शिक्षा, दाम्पत्य जीवन, व्यक्तिगत स्वभाव र रुचि तथा गायनका निम्ति प्राप्त प्रेरणा र प्रारम्भ जस्ता जीवनका विविध पक्षलाई प्रकाश पार्दै यस परिच्छेदमा उनको जीवनी प्रस्तुत गरिएको छ ।

### ३.१.१ पारिवारिक पृष्ठभूमि

गायिका सरस्वती लामिछानेको पुर्ख्यौली थलो धवलागिरि अञ्चल पर्वत जिल्ला हो । पर्वत जिल्लाको तिलाहार गा.वि.स. वडा नं. १, गिज्यानमा जन्म भएर गीत सङ्गीतलाई अगाडि बढाउदैँ पोखरालाई कर्म थलो बनाउदैँ बसोबास गरेको पाइन्छ । बामदेव लामिछानेका दुई छोरा जेठा ढोलकराज र कान्छा रिद्धिराज लामिछाने थिए । उनै लामिछानेका जेठा छोरा ढोलकराज लामिछाने तथा लक्ष्मी लामिछानेका कोखबाट सरस्वती लामिछानेको जन्म भएको हो ।

सरस्वती लामिछानेका दुई भाइ र एक बहिनी छन् । जसमध्ये एक भाइ सन्तोष लामिछाने वैदेशिक रोजगारीको सिलसिलाम् साउदी र अर्का भाइ स्मित लामिछाने नेपाली सेनामा कार्यरत छन् । यस्तै बहिनी सङ्गीता लामिछाने बी.बी.एस.पढ्दै गरेको पाइन्छ । सरस्वती लामिछानेका बाबाआमा पुर्ख्यौली थलोमा नै बसोबास गर्दै आइरहेका छन् । मुख्यतः गायिका सरस्वती लामिछानेको पारिवारिक स्वरूपलाई निम्नानुसारले प्रस्तुत गरिएको छ :-




### ३.१.२ जन्म, बाल्यकाल र शिक्षा

पर्वत जिल्ला तिलाहार-१ निवासी ढोलकराज लामिछाने तथा लक्ष्मी लामिछानेका जेठी सुपुत्तिका रूपमा २०४५ साल माघ २५ गतेका दिन सरस्वती लामिछानेको जन्म भएको हो । सरस्वती लामिछानेको बाल्यकाल ग्रामीण परिवेशमा नै बित्यो । मध्यमस्तरको परिवारमा जन्मेकी लामिछानेले गाउँघरमा हुने पूजाआजा, विवाह, व्रतवन्ध जस्ता धार्मिक एवम् कार्यक्रममा बज्ने बाजा, गाइने गीत सुन्न र सहभागी हुँदै जान थालिन् । सोही कारण बाल्यकालदेखि नै सरस्वती लामिछानेमा गीत सङ्गीतप्रतिको लगाव बढ्दै जान थालेको पाइन्छ ।

उनको शिक्षादीक्षाका सन्दर्भमा कक्षा १ देखि ५ सम्म श्री नवदुर्गा प्राथमिक विद्यालय र कक्षा ६ देखि १० कक्षासम्म पकुवा गाउँ विकास समितिको श्री वीरेन्द्र माध्यमिक विद्यालयमा पढेको पाइन्छ । सानैदेखि गीत सङ्गीततर्फ रुचि रहेकी सरस्वती पढाइमा मध्यमस्तरकी विद्यार्थी थिइन् । पढ्ने इच्छा हुँदाहुँदै पनि दश कक्षा पास गरेपछि विभिन्न कारणले पढाइलाई अगाडि बढाउन नसकेको देखिन्छ । अध्ययनका क्रममा आफूँ अध्ययन गर्ने विद्यालयमा विभिन्न कार्यक्रममा भाग लिने गरेको देखिन्छ । उनको प्रतिभालाई देखेर शिक्षकले पनि साङ्गीतिक कार्यक्रममा गीत गाउने सन्दर्भमा उनलाई साथ दिएर सहयोग गरेको पाउन सकिन्छ ।

### ३.१.३ दाम्पत्य जीवन र परिवार

सरस्वती लामिछाने २०७० साल वैशाख २७ गतेका दिन सामाजिक परम्परा अनुसार वैवाहिक जीवनमा प्रवेश गरेकी हुन् । उनका श्रीमान् व्यवसायमा संलग्न छन् । उनका दुई सन्तान छन् । पहिलो सन्तानका रूपमा जन्मेकी छोरी आश्रेया अधिकारी दुई वर्षकी पुगेकी छन् । यस्तै दोस्रो सन्तान कान्छी छोरी अनुश्री अधिकारी हाल एक वर्षकी छन् । चार परिवारसहितको उनको दाम्पत्य जीवन सुखमय तवरले बितेको छ ।

### ३.१.४ गायन प्रेरणा र प्रारम्भ

सानैदेखि रेडियो र टिलिभिजनमा बज्ने लोकगीत सङ्गीत नै सरस्वती लामिछानेका प्रेरणाका मुख्य स्रोत हुन् । आमा र दिदीहरूले भजन कृतन गर्दा गाउन मन पराउने उनको स्वभाव थियो । बिमाकुमारी दुरा, सुकमित गुरुङ, शर्मिला गुरुङ्ग, प्रेमराजा महत, कुमार बस्नेत जस्ता लोकगायक र गायिकाहरूले गाएका गीत नै उनका प्रेरणाका स्रोत हुन् । उनको औपचारिक गायन प्रारम्भको कुरा गर्दा, पर्वतको कुश्मामा लोकदोहोरी प्रतियोगितामा भाग लिएर उनको गायन सुरु भएको हो । त्यसपछि उनलाई पोखराको लेखनाथ महोत्सवमा सहभागी हुने अवसर मिल्यो, यसैगरी धेरै ठाउँमा भाग लिने अवसर मिल्दै गयो । २०६३ सालको माघ ३० गते श्री लालीगुराँस युवा क्लबले आयोजना गरेको गन्तव्य धम्पुस लालीगुराँस महोत्सवमा द्वितीय हुँदै साङ्गीतिक यात्राको शुरुआत गरेको र यस्तै परिवेशले उनलाई गीत सङ्गीतका क्षेत्रमा अगाडि बढ्ने प्ररेणा मिलेको थियो ।

### ३.१.५ स्वभाव र रुचि

स्पष्टवक्ता, मिलनसार, भद्र स्वभावकी अनुशासित स्वभावका कारण सरस्वती लामिछाने सबैसँग सजिलै घुलमिल हुन सक्ने व्यक्तिका रूपमा परिचत छन् । लामिछानेका गीत सङ्गीत बाहेक विभिन्न साहित्यिक पुस्तक र पत्रपत्रिकाको अध्ययन गर्नु रुचिका विषय अन्तर्गत पर्दछन् । उनको विभिन्न सामाजिक कार्यमा रुचि र संलग्नता पाउन सकिन्छ ।

### ३.१.६ अविस्मरणीय क्षण

सरस्वती लामिछानेको व्यक्तिगत जीवनका सन्दर्भमा बाल्यकालदेखि हालसम्म स्मृतिमा आइरहने घटनाहरू रहे पनि मुख्यतः गीत सङ्गीतमा नै आफ्नो क्षेत्र भएका कारण

उनले त्यसैसँग सम्बन्धित घटना र सन्दर्भलाई नै स्मरण गरेको पाइन्छ । लेखनाथमा महोत्सव हुँदा महोत्सवको प्रतियोगितामा भाग लिएर सेमीफाइनलमा पुगेको र भोलिपल्ट गीत गाउनका लागि पोखराबाट लेखनाथ पुग्दा समयमा पुग्न नसकेर टिमले गीत गाउन नपाएकाले फर्किनु परेको क्षणलाई लामिछाने अविस्मरणीय र निराशजनक क्षणका रूपमा सम्झन्छिन् ।

## ३.२ सरस्वती लामिछानेको बहुआयामिकता

सरस्वती लामिछाने स्वभावले हेर्दा सरल, स्पष्टवक्ता र अनुशासित व्यक्तित्व भएको पाइन्छ । शारीरिक रूपमा पनि उनी आकर्षित देखिन्छिन् । गायन यात्रालाई सफल र व्यावसायिक रूपमा स्थापित हुँदै आएकी सरस्वती लामिछानेको अन्य व्यक्तित्वलाई यस प्रकार अध्ययन गर्न सकिन्छ ।

### क.गायिका व्यक्तित्व

बाल्यकालमै गीतसङ्गीत भनेपछि हुरुक्कै हुने सरस्वती लामिछाने अहिले कुशल गायिकाको रूपमा स्थापित हुँदैछन् । सरस्वती लामिछाने विभिन्न लोक तथा दोहोरी गीत प्रतियोगितामा गीत गाउँदै आफुलाई गायिकाको रूपमा परिचित गराइसकेको पाइन्छ । उनको गायन यात्रा भने २०६३ सालको माघ ३० गते श्री लालीगुराँस युवा क्लवले आयोजना गरेको गन्तव्य धम्पुस लालीगुराँस महोत्सवमा द्वितीय स्थान प्राप्त गरेपछि अगाडि बढेको हो । यसरी सुरुआत गरेको साङ्गीतिक यात्राले विभिन्न प्रतियोगिता हुँदै २०७० सालको भाद्र ३० गतेका दिन **भन्न नसकेर** शीर्षकको लोकदोहोरी गीतको एल्बममा स्वर भरेर सबै सामु लोकगायिकाको रूपमा परिचित हुने अवसर पाएकी हुन् । त्यस लोकदोहोरी गीतमा सरस्वती लामिछाने र गायक रामजी पौडेलको स्वर रहेको छ । काठमाडौंबाट उत्पादित 'भन्न नसकेर' शीर्षकको एल्बममा समावेश गीतले लोकप्रियतासँगै निरन्तर अगाडि बढेको लामिछानेको गायनसँगसँगै हालसम्म २० वटा गीत र म्यूजिक भिडियोमा उनको स्वर सजिएको छ । उनलाई गायनमा चोलेन्द्र पौडेल, रामजी पौडेल, कृष्ण अखेली, शिव अखेली, वसन्त थकाली जस्ता लोकप्रिय गायकको साथ रहेको छ ।

सरस्वती लामिछानेले गाएका गीतमा नेपाली जनजीवन र सामाजिक परिवेश भेटिन्छ । मायाप्रेम झल्किने उल्लास र उमङ्ग, यौवनका उमङ्ग बोकेका युवायुवतीका

रोमान्सका कथा, आर्थिक विपन्नताका कारण परिवारले भोग्नु परेका समस्या जस्ता मानव जीवनका सबै पात्रसँग सम्बन्धित गीत सरस्वती लामिछानेले गाएकी छन् । आफ्नै गाउँवेशी, पाखापखेरा, उकालीओराली र भञ्ज्याङका सुसेलीलाई आफ्ना सुस्केराबाट अभिव्यक्त गर्ने गायिका सरस्वती लामिछानेको गायन व्यक्तित्वमा पर्वतदेखि पोखराको प्राकृतिक विविधता समेटिएको भेटिन्छ ।

सरस्वती लामिछानेले लोकगीत, दोहोरीगीत, तीजेगीत जस्ता विविध गीतहरू गाएकी छन् । उनको स्वरमा दिनप्रतिदिन निखारता मिठास र माधुर्य पाइन्छ । त्यसैकारण उनका सबै गीतहरू साङ्गीतिक बजारमा लोकप्रिय हुँदै गएका छन् । सरस्वतीले गाएका गीतमा युवायुवतीका मायाप्रेम, नारीका कुण्ठा र वेदना, स्वदेश र जन्मभूमिप्रतिको प्रेम, जीवनका आशा निराशा, विपन्नताको चित्र अभिव्यक्त भएका छन् । यसरी नेपाली जनमानसका सुख-दुःख, आँसु-हासो, प्रेम-वियोग र विरहका विविध अनुभूतिलाई सुमधुर आवाजमा पस्कन सक्ने सीप र प्रतिभा भएकी सरस्वती लामिछाने वर्तमानमा कुशल गायिकाको रूपमा परिचित छन् ।

**ख. व्यावसायिक व्यक्तित्व**

हिजो लोकगीत डाँडाकाडाँ, उकाली, ओराली, घाँस दाउरा, मेलापात र अन्य काम गर्दा गुन्गुनाइने र सुनिने गरिन्थ्यो । आज तिनै गीत समय क्रमसँगै रेडियो, टेलिभिजन र मोबाइल जस्ता विद्युतीय सञ्चार माध्यम र उपकरणबाट छिटो र सहज श्रोता तथा दर्शकले सुन्न र हेर्न पाउने भएका छन् । सूचना प्रविधिको विकास र प्रभावका कारण गीत सङ्गीतका पारखी आजभोलि होटल र रेष्टुरेन्टमा लोकगायक गायिकाबाट प्रत्यक्ष रूपमा गाइने लोकगीत र दोहोरी गीत सुन्न र रमाउने गरेको बढ्दो रूपमा पाइन्छ । यसबाट रोजगारीका दृष्टिले गायक, गायिकालाई जीविकोपार्जन गर्ने अवसर मिलेको छ भने आर्कोतर्फ कलाकारको कला साधनाले नियमितता र निरन्तरता पाएको छ । पछिल्लो समयमा देशका विभिन्न शहरमा सञ्चालित होटल तथा रेष्टुरेन्टले आफू कहाँ आउने ग्राहकलाई सांस्कृतिक कार्यक्रमको माध्यमबाट मनोरञ्जन प्रदान गर्न व्यावसायिक शैली अवलम्बन गरेका छन् । विशेषगरी काठमाडौँ र पोखरा जस्ता शहरमा लोकदोहोरी गीत प्रस्तुत गरी मनोरञ्जन दिने प्रवृत्ति बढ्दो रहेको छ । होटल र रेस्टुरेन्टमा प्रस्तुत गरिने सांस्कृतिक कार्यक्रममा गायक गायिकाका माध्यमबाट प्रत्यक्ष रूपमा लोकदोहोरी गीतहरू

सुनाएर मनोरञ्जन प्रदान गर्ने गरेको देखिन्छ । यस्ता कार्यक्रममा गीत गाउने कलाकारले राम्रो पारिश्रमिक पाउँछन् जसले गर्दा उनीहरूको जीवन यापनका निम्ति भरोसा र सहयोग पुगेको पाइन्छ ।

सरस्वती लामिछानेले पनि २०६४ सालदेखि पोखराको चिप्लेढुङ्गास्थित **दीपशिखा दोहोरी साँझ** नामको रेष्टुरेन्टमा गीत गाउँदै आएकी छन् । गायक गायिकालाई आफ्नो जीवनयापनको आवश्यकता पूरा गर्नु बाध्यता हो । अझ नेपालको ग्रामीणस्तरको पारिवारिक आर्थिक पृष्ठभूमि बोकेका व्यक्तिलाई कलाकै माध्मबाट जीविकोपार्जनका लागि वैकल्पिक पेसा अपनाउन पर्ने बाध्यता हुन्छ । सरस्वती लामिछानेले गीत सङ्गीतको कर्मलाई सँगै लिएर तथा आर्थिक उपार्जनको वैकल्पिक पेसा अपनाएर कला, सिर्जना र व्यवसाय बीच अन्तरसम्बन्ध स्थापित गर्दै आफ्नो व्यवसायिक जीवन व्यतित गरिरहेको देखिन्छ ।

## ३.३ कृति र संलग्नता

कर्मशील र प्रतिभावान् क्षमताका कारण नेपाली गीत, सङ्गीतका क्षेत्रमा आफ्नो अलग्गै पहिचान स्थापना गर्न क्रियाशील सरस्वती लामिछानेका आफ्नै सुमधुर आवाज रहेको गीत सङ्गीतका श्रव्यदृश्य एल्बम बजारमा आएका छन् । विभिन्न समयमा उनीद्वारा स्वर भरिएर प्रकाशित क्यासेट एल्बमले लोकप्रियता आर्जन गरेको देख्न सकिन्छ । गीत सङ्गीतका विविध विधामा विभिन्न कलाकारसँग स्वर दिएका उनका एल्बम प्रकाशन भए तापनि उनका एकल कृति र एल्बम भने प्रकाशन भएका छैनन् ।

उनले हालसम्म विभिन्न संघसंस्थाले आयोजना गरेका कार्यक्रममा आफ्ना प्रस्तुती राखेकी छन् । जस अन्तर्गत २०६४ सालमा चौथो फेवा नववर्ष महोत्सव, पर्वत महोत्सव, दोस्रो सराङ्कोट महोत्सव, जनजागरण विकास केन्द्र, लेखनाथ महोत्सव, शिवशक्ति तमु युवा परिवार, जनप्रिय समाज वातावरण सुधार समिति (२०६५), शुक्लागण्डकी युवा क्लब (२०६६), पर्वत महोत्सव, क्षितिज युवा क्लब, नीलगगन विकास समाज, जनजागरण विकास केन्द्र, बाहाकोट बराह क्लव हरितालिका तीजमेला, पर्वत महोत्सव (२०६७), राष्ट्रिय औद्योगिक व्यापार मेला (२०६८), राष्ट्रिय लोकगीत तथा दोहोरी गीत प्रतिष्ठान, फुड फेष्टिबल, समाज सुधार सेवा मञ्च, तेस्रो पोखरा महोत्सव (२०६९) पर्वत महोत्सव-२०७०, राष्ट्रिय लोक तथा दाहोरी गीत प्रतिष्ठान नेपाल, लायन्स क्लब अफ पर्वत कुश्मा, श्री ब्राइट फ्युचर यूथ क्लब, एकता समाज सुधार समिति, बालकन्या युवा क्लब, अन्तर्राष्ट्रिय संगठन

लायन्स क्लब अफ नेपाल, श्री हरिहर गुफा सन्यास आश्रम, माझठाना कृषि महोत्सव, आर्थर डाँडाखर्क ल्होसार महोत्सव, नवआदर्श सामुदायिक विकास समाज लाम्‌चौर (२०७०) जस्ता विभिन्न प्रतियोगितामा भाग लिएर तथा साङ्गीतिक प्रस्तुतिका माध्यमबाट आफ्नो कला र कौशल प्रस्तुत गरिसकेकी छन् । यस्तै, प्रगतिशील समाज सुधार युवा क्लब, प्रथम चिप्लेढुङ्गा मिनी मार्केट व्यापारिका मेला, बाटुलेचौर तीजगीत मेला, लायन्स क्लब पर्वत ( २०७१), खुला तीजगीत प्रतियोगिता, रेडियो सफलता तीजगीत प्रतियोगिता, युवा संघ नेपाल, रेडियो जननी तीजगीत, जनकल्याण सामाजिक महिला समूह, हरितालिका तीज महोत्सव (२०७२), पोखरा महोत्सव, पर्वत महोत्सव (२०७३), जननी तीज विशेष हस्तकला व्यापार मेला र खुला तीजगीत प्रतियोगिता (२०७४) लगायतका संस्थाले आयोजना गरेका विभिन्न कार्यक्रममा पनि आफ्नो प्रस्तुती राखेकी छन् । यसरी उनको कलालाई मञ्च प्रदान गरेर पनि सम्मान अर्पण गर्दै आएको देखिन्छ ।

लोकतथा दोहोरी गायिका सरस्वती लामिछाने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान धवलागिरिको तृतीय उपाध्यक्षका रूपमा रहेकी छन् । यसका अलवा उनी विभिन्न सांस्कृतिक तथा साहित्यिक संघसंस्थामा आवद्ध रहँदै आएकी छन् ।

### ३.४ प्राप्त पुरस्कार र सम्मान

गायिका सरस्वती लामिछानेले गायन यात्राका क्रममा विभिन्न सङ्घसंस्थाबाट सम्मान र पुस्कार प्राप्त गरेको पाइन्छ । सरस्वती लामिछानेलाई २०६३ सालबाट विभिन्न पुरस्कार प्राप्त हुन थालेका हुन् जो शृङ्खला हालसम्म जारी रहेको छ । जसलाई निम्न कालक्रमानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

| क्र.सं. | सम्मान गर्ने संस्था | मिति | कैफियत |
|---|---|---|---|
| १ | पर्वत उद्योग वाणिज्य संघ | २०६७/११/२२ | |
| २ | राष्ट्रिय लोक तथा दोहारी गीत प्रतिष्ठान | २०६९/०२/३२ | |
| ३ | जनजागरण विकास केन्द्र | २०६७/०६/०२ | |
| ४ | निलगगन विकास समाज | २०६७/०६/२९ | |
| ५ | नेपाल दर्पण साप्ताहिक मुम्बई | २०६९/०१/०४ | |
| ६ | राष्ट्रिय लोक तथा दोहारी गीत प्रतिष्ठान, नेपाल | २०७०/०२/३१ | |
| ७ | एकता समाज सुधार समिति | २०७०/१०/२५ | |

| | | | |
|---|---|---|---|
| ८ | बालकन्या युवा क्लब | २०७०/१२/०५ | |
| ९ | नेपाली काँग्रेस | २०७०/१२/०८ | |
| १० | खुला तीजगीत प्रतियोगिता | २०७२/०५/२५ | |
| ११ | युवा संघ नेपाल | २०७२/०५/१९ | |
| १२ | रेडियो जननी | २०७४/०५/०२ | |

यसरी लामिछानेलाई विभिन्न संघसंस्थाबाट सम्मान तथा पुरस्कार प्रदान भएको पाइन्छ । यसैगरी उनले विभिन्न साङ्गीतिक र सांस्कृतिक प्रस्तुती राखेर विभिन्न संघसंस्थाबाट विभिन्न प्रशंसापत्र, मायाको चिनोसमेत प्राप्त गरेकी छन् । यसरी हेर्दा लामिछानेलाई एक क्रियाशील र सिर्जनशील स्रष्टाका रूपमा लिन सकिन्छ ।

परिच्छेद : चार

# सरस्वती लामिछानेले गाएका गीतको अध्ययन

## ४.१ सरस्वती लामिछानेले गाएका गीत

नेपाली लोक जीवनका अनुभूति र यथार्थता बोकेका गीतहरूलाई मार्मिक शैलीमा जस्ताको तस्तै टिपेर गाउने कला साधक सरस्वती लामिछानेले विविध प्रकारका विषयवस्तु र भाव अभिव्यक्त भएका गीतहरूको गायन गरेकी छन् । उनले आफ्ना गीतका माध्यमबाट मानव जीवनका उज्याला र अँध्यारा पाटालाई सरल भाषामा छताछुल्ल पारेकी छन् । अतः उनका गीतको अध्ययन र विश्लेषण हुनु भनेको लोक जीवनप्रति सम्मान व्यक्त गर्नु हो ।

सरस्वती लामिछाने लोक तथा दोहोरी गायिका हुन् । लोकगीतमा आफ्नै अनुभूति र अनुभव व्यक्त हुने भएकाले लोकगीतलाई मानिसले आफ्नै सिर्जना र अभिव्यक्तिका रूपमा स्वीकार गरेको भेटिन्छ । यस परिच्छेदमा सरस्वती लामिछानेले गाएका तीनै लोक तथा दोहोरी गीतको क्रमवद्ध अध्ययन गरिएको छ ।

### ४.१.१ 'भन्न नसकेर' गीतको अध्ययन

गायिका सरस्वती लामिछानेको स्वर रहेको पहिलो गीत 'भन्न नसकेर' २०७० सालमा प्रकाशित गीत हो । यसको उत्पादन रक्षा म्यूजिक प्रा.लि. काठमाडौंले गरेको हो । यस गीतमा रामजी पौडेलको शव्द तथा लय सङ्कलन रहेको छ । गीतमा रामजी पौडेल र सरस्वती लामिछानेको सुमधुर स्वर पाउन सकिन्छ । 'भन्न नसकेर' शीर्षकको दोहोरी गीतमा मुख्यतः युवायुवतीको प्रेम प्रसङ्ग प्रस्तुत गरिएको छ । युवायुवती बीच एक आपसमा आकर्षण उत्पन्न भएको छ । प्रेमको मुना टुसाउँदै छ तर दुवै युवायुवतीले मनको कुरा भन्न नसकेर मनमै राखेकाले रुन परेको र निष्ठुरी बन्न परेको भावना व्यक्त गरिएको छ ।

मायामा माया गर्ने मान्छेको कमजोरी नै भन्न नसक्नु देखिएको पाइन्छ । एकले अर्काप्रति आफैंलाई भुलेर, आफु भित्र-भित्र जलेर माया गरे पनि बाहिरी रूपमा एक अर्काप्रति व्यक्त गर्न नसक्नु नै कमजोरीको विषय बनेको देखिन्छ । युवायुवतीले एक अर्कालाई माया गर्दा गर्दै पनि भन्न नसकेर छुट्टिनु परेको प्रसङ्ग समेटिएको छ । यस गीतमा विरहको भाव व्यक्त भएको छ । मनमा लागेका कुराहरू समय वितेपछि भनेर कुनै अर्थ हुँदैन भन्ने सन्देश यस गीतमार्फत् दिन खोजिएको छ ।

### ४.१.२ 'अलिअलि रङ्ग छ' गीतको अध्ययन

२०७० सालमा रेकर्डिङ भएको यस गीतमा चोलेन्द्र पौडेल र सरस्वती लामिछानेको स्वर रहेको छ । गीतको शव्द सङ्कलन भने पशुपति शर्माको रहेको छ । 'अलिअलि रङ्ग छ' शीर्षकको दोहोरी गीतमा भर्खरै मनमा प्रेमको भाव टुसाएको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । युवयुवती उमेरमा वैंस चढ्न लागेको अवस्थामा एकान्तमा बस्न रुचाउने, एकान्तमै हराउन चाहने र कल्पनाको सागरमा डुबुल्की मारेर समय व्यतित गर्ने नवयौवनका क्षणहरूको प्रतिबिम्ब प्रस्तुत गरिएको छ । यस्तो समयमा पहिलो नजरमै युवायुवती एक आपसमा आकर्षित हुने तर उमेरको अपरिपक्क र अनुभवको अपर्याप्तताका कारण कता-कता डरको अनुभुति हुने युवा मनोविज्ञानको यथार्थ पक्ष यो गीतमा पोखिएको छ ।

वैशालु उमेरका युवायुवती एक आपसमा भेटिँदा वा देखिँदा यौवनका अनेकौं छालहरू तरङ्गित हुन्छन् । एक अर्काको निकटताले उनीहरूमा उमङ्गको स्वाभाविक सञ्चार उत्पन्न हुन्छ तर शङ्का र डरको खुल्दुलीले एक प्रकारको अन्यौल र दोधार खडा गरिदिन्छ । माया प्रेमको अनुभव यसअघि कहिल्यै नभएका कारण प्रेमको परिणति के कस्तो हुने भन्ने अनुमान गरी हाल्न सक्ने अवस्था युवायुवतीमा छैन । प्रेमले खुसी र उमङ्ग मात्र होइन पीडा र वेदना पनि सँगसँगै ल्याउन सक्छ भनेर विश्वास र शङ्का दुवै पक्षको चित्रण गरिएकाले गीतले राम्रो सामाजिक सन्देश दिएको देखिन्छ ।

### ४.१.३ 'अँधेरीमा जूनतारा' गीतको अध्ययन

प्रस्तुत गीत २०७० सालमा मालश्री स्टुडियोले उत्पादन गरेको हो । 'अँधेरीमा जूनतारा' शीर्षकको गीतमा वसन्त थकाली र सरस्वती लामिछानेको स्वर रहेको छ । शव्द सङ्कलन तारापति सुवेदीको रहेको छ । 'अधेरी जून तारा' शीर्षकको गीत दोहोरी गीत हो । यस गीतमा माया प्रेमकै प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । माया प्रेम गर्ने युवायुवतीले चिनो स्वरूप पसिना पुछ्नका लागि रुमाल साटासाट गरेका छन् । युवायुवती बीच गहिरो माया बसेपछि एकैसाथ बस्ने निर्णय गरेका छन् । गीतमा जिन्दगी बिताउन दुई रथको आवश्यकता पर्दछ भन्ने मुख्य भाव रहेको छ ।

आफुले मन परेको व्यक्ति भेट हुँदा युवायुवती एक आपसमा जिन्दगीको सहारा भइदेऊ जीवनमा जे जस्तो दुःखसुख पर्छ त्यसमै रमाइदेऊ म तिम्रै लागि यस धर्तीमा

जन्मेकी हुँ भन्ने गर्दछन् र ईश्वरलाई साक्षी राखी भन्दछन्-नछुटाइदेऊ हाम्रो जोडीलाई । छोडी जान शक्तिन मैले र रोक्दैन कसैले जस्ता भनाइ व्यक्त गरेको पाइन्छ । यस्तो अवस्थामा माया प्रेमको परिणाम के-कस्तो हुन्छ भन्ने अनुमान युवायुवतीले गर्न सकेका छैनन् भन्ने भाव गीतमा देखाइएको छ । यस गीतमा युवायुवती प्रेमले खुसी भएर यहीँ जुनीमा रहिछ । आफूले माया गरेको व्यक्ति जीवनसाथीका रूपमा पाउनु नै भाग्यमानी हो । प्रेमीप्रेमिकाको मिलन हुनुले सबैको जोडी यस्तै खुसी रहन्छ भन्ने सन्देश गीतले दिएको छ ।

### ४.१.४ 'पापी मायाले' गीतको अध्ययन

'पापी मायाले' गीत २०७० सालमा पुष्पाञ्जली म्यूजिक प्रा.लि.ले उत्पादन गरेको तीजगीत हो । यस गीतमा स्वर सरस्वती लामिछानेको छ भने शव्द सङ्कलन रामजी पौडेलको रहेको छ । नेपाली नारीको महान् चाड तीजमा पनि माइत जाम् कि नजाम् दोधार भएर दुःख व्यक्त गर्दै आफ्नो मायालुले मनको भावना नबुझ्ने यस्ता मायालुलाई पापी माया भनेर यस गीतको विषयवस्तु बनाइएको छ ।

आफ्ना श्रीमान्ले गरेको नराम्रो व्यवहार र माइत जान नदिएको विरहीको दुःख भाव गीतमा पाइन्छ । तीजको बेला राम्रो सारी लरक्कै पारी, खाली ओठैमा लाली लगाएर, शिरमा श्रीफूल लगाएर राम्री भएर माइत जान्छु भन्दा निहुँ खोजेर जाम् कि नजाम् भएर नारीको महान चाडमा पनि घरमा दुःख मन लिएर बस्न बाध्य परेको तितो यथार्थ गीतमा पाउन सकिन्छ । सबै चेली तीजको बेलामा माइत गएर मिठो खाएर गीत गाएर नाचगान गरेर सबैसँग भेटघाट गरेर वर्ष दिनको दुःख पीर मर्का भुलेर खुसी हुने गर्दछन् । वर्ष दिनको तीजमा माइत जाम् कि नजाम् बनाउने, घरबाट माइत जान नदिने नारीको दुःख, वेदना अहिलेको एक्काइसौ शताव्दीमा पनि यथावत् रहेको छ भन्ने सन्देश गीतमार्फत प्रस्तुत गरिएको छ ।

### ४.१.५ 'आऊ माया सरर' गीतको अध्ययन

२०७० सालमा जीवन्त सङ्गीत प्रा.लि.ले उत्पादन गरेको 'आउ माया सरर' गीत तीजेगीत हो । यस गीतमा सरस्वती लामिछानेको स्वर रहेको छ । गीतमा तीजको समयमा दुःख र पीर भुली एकपल्ट सबैले खुसी व्यक्त गर्न र रमाउन गीतमा नाच्नुपर्ने युवायुवती दुवै पक्षको आग्रहलाई समेटिएको छ । उनीहरूले हातमा रुमाल हल्लाउँदै अझ रमाइलो

गर्नका लागि रुमाललाई प्रयोग गरेर त्यही रुमाल चिनो स्वरूप ठानेको पाइन्छ । यस्तै, तीजको बेला गीत गाएर रमाइलो गर्ने र नाच्ने मात्र नगरिकन महादेवको पूजा गरी व्रत बसे राम्रो वर पाउने आशाको भाव पनि गीतमा पाउन सकिन्छ ।

हिन्दू नारीको महान् पर्व तीजमा पार्वतीले शिवजीलाई वर पाएको सन्दर्भ जोडेर वर्तमान समयमा गीतका विषयवस्तु पनि शिवजी र पार्वती अर्थात् पतिपत्नी बीचका उल्लास र उमङ्गका पक्षहरूमा जोडिएका देखिन्छन् । तीज पर्व नारीहरूको विरह र वेदना पोख्ने अवसरको पर्व मात्र होइन, उल्लास र उमङ्गको सन्दर्भ पनि हो । तीजको समयमा गीत गाएर रमाइलो गर्दै नाच्दै शिवजीको पूजा गरेर व्रत बसे राम्रो मायालु जोडी पाउने आशामा आफुले मनपरेको मायालुलाई आफुसँगै रमाइलो गर्नका लागि आऊ माया सरर रमाइलो गरी हातमा रुमाल हल्लाउदैं फरर नाच्नलाई युवती युवाप्रति आकर्षित भएको र आफुले भने जस्तो वर यहीँ पाएकोमा खुसी व्यक्त गरिएको छ । तीजको समयमा सबैसँग भेटघाट गरेर रमाइलो गर्न महादेवको पूजा गरी व्रत बस्ने र कुनै काम गर्दा नडराइकन लाज नमानी गर्नुपर्छ लाज मानेर बस्यो भने कुनै काम पनि बन्दैन भन्ने सन्देश यस गीतमार्फत प्रस्तुत गरिएको छ ।

### ४.१.६ 'माया लाउँदैन र ?' गीतको अध्ययन

गायिका सरस्वती लामिछानेको स्वर रहेको 'माया लाउदैन र ?' गीत मालश्री रेडर्किङमा रेकर्ड भएर रक्षा म्यूजिक प्रा.लि. काठमाडौले २०७० सालमा उत्पादन गरेको छ । यस गीतमा शब्द सङ्कलन अर्जुन खनाल र लय मेघ थापा मगरले गरेका छन् । माया लाउदैन र ?' दोहोरी गीत हो । यस गीतको विषयवस्तु माया प्रेम नै रहेको छ । यस गीतले आत्मिक प्रेमभाव व्यक्त भएको छ । युवायुवती एक अर्कालाई आफ्नो प्राणभन्दा पनि प्यारो माया गरेका छन् । युवतीले दिन कटाउछे रातमा निद्रा आउँदैन मायालुलाई सम्फी मन जल्ने र उसकै नाममा धड्कन चलेको अनुभव हुने भाव व्यक्त गरेको छ भने युवकले संसार भुली मुटु नै तिम्रै लागि दिँदैछु र जूनतारा भन्दा पनि आफ्नो प्रेमिका उज्यालो लाग्छ भनेर वर्णन गरेका छन् ।

माया गर्नका लागि कुनै गाउँ ठाउँले छेक्दैन केवल मायालु जोडी मात्र भए पुग्छ भनेर यस गीतमा वर्णन गरिएको पाइन्छ । साँचो माया हुनका लागि दुई मुटु र आत्मा मिल्यो भने त्यो माया राम्रो हुने माया गर्नलाई शहर, गाउँ, समाज कसैले नछेक्ने र माया

गर्न युवायुवतीले जहाँ गए पनि मायाको सम्झना आइरहने भन्ने राम्रो सन्देश यस गीतमा पाइन्छ ।

### ४.१.७ 'सम्झी रुदैँछु' गीतको अध्ययन

'सम्झी रुदैँ छु' गीत दोहोरी गीत हो । आचार्य डिजिटल पोखरामा रेकर्डिङ गरिएको यस गीतका शब्द सङ्कलक चन्द्रा क्षत्री हुन् । यस गीतमा चन्द्रा क्षत्री र सरस्वती लामिछानेको स्वर रहेको छ । २०७१ सालमा बजारमा आएको यस गीतमा प्रेमीप्रेमिका बाध्यतावश अलग भएर विछोडिनु परेको विषयवस्तु रहेको छ ।

यस गीतमा प्रेमीप्रेमिकाको गहिरो प्रेम भए पनि शुरुदेखि अन्त्यसम्म विछोडको भाव व्यक्त गरिएको भाव पाउन सकिन्छ । आफूले माया गर्न मायालु वैगुनी भएपछि कसको के लाग्छ र त्यही मायालुलाई सम्झेर रात दिन आँखाबाट आँसु खसाल्दै सम्झी रुदै बैगुनीको मायामा पागल हुँदैछु भनिएको छ । मेरो जीवन एउटा बगैँचामा फुल्ने सुन्दर फूल थियो आज फूल विनाको बगैँचा जस्तो विरूप भयो बरु माया नलाएकै भए राम्रो हुने थियो । प्रेमिका बगैँचामा फुलेको फूल हो भने प्रेमी माली हो । मायाप्रेम गर्ने मानिसले जीवनमा विछोडिन नपरोस् भन्ने सन्देश यस गीतबाट दिइएको छ । गीतमा मायालुलाई सम्झेर रुँदै, बैगुनीको मायामा पागल हुदैं कसैलाई पनि बस्न नपरोस् भन्ने मायालुको भित्री इच्छा र भावनालाई गीतमार्फत् सन्देश दिन खोजेको पाउन सकिन्छ ।

### ४.१.८ 'उपन्यास' गीतको अध्ययन

सरस्वती लामिछानेको स्वर रहेको 'उपन्यास' दोहोरी गीत हो । जुन गीत २०७१ सालमा जनता डिजिटल प्रा.लि. काठमाडौले उत्पादन गरेको हो । यस गीतमा कृष्ण अखेली र सरस्वती लामिछानेको स्वर रहेको छ । गीतका शब्द सन्देश पौडेल र शिव अखेलीका रहेका छन् ।

यस गीतमा माया प्रेमकै विषयवस्तु रहेको पाइन्छ । प्रेमीले आफ्नी प्रेमिकालाई आफू घाइते भएको र दिनरात आसुँमा डुबेको विरहको भाव व्यक्त गरेको पाइन्छ । यस गीतमा युवायुवतीको उमेरमा गरेका र भनेका काम कुरा दुवै जनाले इतिहास जस्तै गरेर किताब बनाएको पाइन्छ । बैँसको बेलामा् गरेका क्रियाकलाप, सुखदुःखका कुराहरू कला बनेर किताब 'उपन्यास' बनाएर बजारमा जान बाँकी रहेको अभिव्यक्ति प्रकट गरेको पाइन्छ ।

प्रेमिकाले अन्तिम भेटमा गरेका कुराहरू आज मेरो किताबको पहिलो पानामा सम्झनाको रूपमा आएका छन् भने दोस्रो पेजमा पोखेको गुनासो बजारमा जान बाँकी रहेको कुरा दुवैजना व्यक्त गर्दछन् । उमेर र वैंसमा गरिएका कुरा पछाडि उमेर बितेपछि याद आउँछ र एउटा किताबमा लेखेर राखे सधैं सम्झना हुन्छ भन्ने राम्रो सन्देश यस गीतमार्फत व्यक्त गरिएको पाइन्छ ।

### ४.१.९ 'चढ्यो चढ्यो जवानी' गीतको अध्ययन

सरस्वती लामिछानेले गाएको 'चढ्यो चढ्यो जवानी' शीर्षकको गीतको उत्पादन २०७२ सालमा आएको हो । प्रिज्म स्टुडियो काठमाडौंमा रेकर्डिङ भएको गीतलाई रक्षा म्यूजिक प्रा.लि.ले बजार व्यवस्थापन गरेको छ । यस गीतमा रामजी पौडेलको शब्द र लय सङ्कलन रहेको छ । सरस्वती लामिछानेलाई रामजी पौडेलको स्वरमा साथ रहेको छ । 'चढ्यो चढ्यो जवानी' शीर्षकको दोहोरी गीतमा भर्खरै बैंसले भरिएका युवायुवतीप्रति प्रेमको भाव टुसाएको र एक अर्काप्रति गर्ने माया प्रेम कस्तो हुन्छ भन्ने सन्दर्भलाई जोडेर यस गीतको मुख्य विषयवस्तु बनाइएको छ ।

गीतमा युवायुवतीका नवयौवनका क्षणको प्रतिविम्ब प्रस्तुत गरिएको छ । यस्तो समयमा पहिलो नजरमै युवायुवती एक आपसमा आकर्षित हुने, माया प्रेम बस्न लाग्दा नराम्रो पनि राम्रो लाग्ने र १५-१६ वर्षको वैसमा युवायुवतीप्रतिको माया छुट्टै हुने भाव यस गीतमा व्यक्त गरिएको छ । बसालु उमेरका युवायुवती एक आपसमा भेटिदा वा देखिदा यौवनका अनेकौं छाल तरङ्गित हुन्छन् । उनीहरूको भित्री तन, मनदेखि नै छुट्टै रौनक आउने र बाहिरी सौन्दर्यमा पनि राम्रो गर्न खोज्ने गर्दैछन् । यस उमेरका युवतीले राम्रो लुगा लगाउने, ओठमा लाली भरेर राम्री भएर हिँडेको देख्दा युवाहरूले आखा झिम्काउने, युवतीको अगाडि जूनतारा पनि मधुरो लाउनी र युवतीलाई फूल जस्तै सुन्दर देखेर भमरा जस्तो पछि-पछि लागेर बाटो छेकी जिस्काउने गर्दछन् । स्वर्गबाट झरेका अप्सरा जस्ता राम्रो देख्ने गर्दछन् भन्ने भाव व्यक्त भएको छ । यस गीतमा युवायुवती प्रेमले खुसी र उमङ्ग मात्र होइन उनीहरूप्रतिको विशेष माया स्नेहप्रति राम्रो मिलन र संयोगको प्रस्तुति रहन्छ भन्नु नै गीतको सन्देश रहन गएको छ ।

### ४.१.१० 'फुल्यो सुनाखरी' गीतको अध्ययन

गायिका सरस्वती लामिछानेको स्वर रहेको 'फुल्यो सुनाखरी' गीतका शव्द लय सङ्कलक रामजी पौडेल हुन् । नमस्ते पोखरामा रेकर्ड गरिएको उक्त गीत २०७२ सालमा बजारमा आएको हो । यस गीतमा स्वर पनि सरस्वती लामिछाने र रामजी पौडेलको रहेको छ । 'फुल्यो सुनाखरी' शीर्षकको गीत दोहोरी गीत हो । यस गीतमा पञ्चासे वन क्षेत्रको वर्णन गरिएको छ । प्राकृतिक सौन्दर्य र वन्यजन्तुको सन्दर्भसँग गीत जोडिएको छ ।

यस गीतको मुख्य विषयवस्तु वनमा फुल्ने सुनाखरी फूल र वन क्षेत्रलाई केन्द्रित गरिएको पाइन्छ । 'हरियो वन नेपालको धन' भन्ने उखान जस्तै हाम्रो वरपर रहेका वनक्षेत्रलाई संरक्षण गरी राख्नुपर्छ भन्ने भाव गीतमा व्यक्त छ । अहिलेको आधुनिक युगमा मानिसले आफु बस्नका लागि र राम्रो ठाउँ बनाउने भन्दै वनजङ्गल मास्दै बस्ती बसालेको अवस्थामा पोखराको मुख्य पर्यटकीय क्षेत्र फेवातालको मुहान हो पञ्चासे क्षेत्र । यसलाई सधैं हराफरा, सफा र पवित्र राखे मात्र हाम्रो पर्यटन विकास गर्न सघाउ पुऱ्याउछ भनिएको छ । पर्यटन विकासमा सघाउ पुऱ्याउनका लागि पनि यस क्षेत्रको राम्रो संरक्षण गर्नु आवश्यक देखिन्छ । वनजङ्गलमा फुल्ने फूल, वन्यजन्तु, खोलानाला तालतलैया यी सबै राष्ट्रका लागि अमूल्य सम्पत्ति हुन् । यिनीहरूको संरक्षण गर्नु नै हाम्रो समाज र राष्ट्र विकासमा सहयोग पुऱ्याउनु हो भन्ने सन्देश गीतले दिएको छ । यस्तै, वनजङ्गल जोगायो भने वन्यजन्तुको लोप हुन पाउँदैन, पानीको मुहान सुक्दैन, पर्यटन विकासमा सघाऊ पुऱ्याउनका लागि यस क्षेत्रको संरक्षण गर्नु सबैको भलाई हुन्छ भन्ने सन्देश यस गीतमा व्यक्त गरिएको पाइन्छ ।

### ४.१.११ 'आउनी जानी बसैको' गीतको अध्ययन

सरस्वती लामिछानेको स्वर रहेको 'आउनी जानी बसैको' गीत २०७२ सालमा उज्यालो म्यूजिकले उत्पादन गरेको हो । यस गीतमा कृष्ण अखेली र सरस्वती लामिछानेले स्वर दिएका छन् भने शब्द सङ्कलन शिव अखेलीले गरेका छन् । 'आउनी जानी बसैको' गीत तीजको सन्दर्भमा जोडेर तयार गरिएको गीत हो । यस गीतमा नेपालका विभिन्न पर्यटकीय ठाउँहरू समेटी गीतका विषयवस्तु बनाएको पाइन्छ । युवायुवती नेपालको विभिन्न पर्यटकीय सुन्दर ठाउँहरू घुमेर त्यसमा लागेको खर्च दुवैले आधा-आधा तिर्ने कुरा गीतमार्फत् व्यक्त गरेका हुन् ।

पहिलो पटक युवकले पोखरा घुम्न जाँदा लाएको खर्च आधा-आधा तिरम्ला भन्ने प्रसङ्ग ल्याइएको छ भने युवतीले छोरी मान्छे घरपरिवारले भनेका कुरा मान्नुपर्छ । आमालाई त मनाउन सक्छु तर बाबाले के भन्नुहुन्छ ? भन्ने डर पनि लागेको छ । केटी मान्छेलाई घरबाट बाहिर हिँड्दा घरपरिवारले केही भन्छन् कि भन्ने डर गीतमा समावेश गरिएको पाइन्छ । यस गीतमा युवायुवती दुवै जना मिलेर नेपालका विभिन्न ठाउँहरू पोखरा, बुटवल, चितवन, गोरखा, कुश्मा, बाग्लुङ जस्ता पर्यटकीय शहर र त्यहाँ रहेका मन्दिर दर्शन गर्ने । साथै, नेपालमा गएको भूकम्पले पुऱ्याएको क्षति र भूकम्पमा परेका मानिसहरूले राहत पाएकी पाएनन् होला भन्ने अभिव्यक्ति यस गीतमार्फत् प्रस्तुत गरिएको छ । नेपालका विभिन्न ठाउँ घुमेर तिनीहरूको अध्ययन गरी युवायुवतीले आउनी जानी बसैको भाडा आधा-आधा तिरेर आफ्नो देशप्रति देखाएको चासो र मायाले गीतमा राष्ट्रिय भाव छताछुल्ल पाइन्छ ।

### ४.१.१२ 'कम्मर दुख्न थाल्यो' गीतको अध्ययन

सरस्वती लामिछानेको स्वर रहेको 'कम्मर दुख्न थाल्यो' शीर्षकको गीत २०७२ सालमा शिव दर्शन डिजिटलले उत्पादन गरेको हो । यस गीतमा सोवित वि.क र सरस्वती लामिछानेको स्वर रहेको छ । गीतमा देव पुन र धनु परियारको शव्द सङ्कलन रहेको छ । 'कम्मर दुख्न थाल्यो' तीजगीत हो । यस गीतमा तीजको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । नारीहरूको महान् चाड तीज हो । यो पर्वमा महिलाहरू छमछम कम्मर भाँचेर नाच्छन् । महिला र पुरुष मादलको तालमा नाचेर शरीर दुखेको भाव रहेको छ । तीजको समयमा रातो सारी कम्बरमा टिमिक्क पारी नाच्दा कतिपय युवतीको कम्मर दुखेको हहशुस गर्दछन् ।

हामीले अरु चाड जस्तै तीजलाई पनि रमाइलो गरेर मनाउनु पर्छ नराम्रा विकृति हटाएर राम्रा संस्कृतिलाई जोगाएर राख्नुपर्छ । सधैं झैं सम्झना होस् । यो वर्षको तीजमा कसैको हासोमा कमी नहोस् जस्ता राम्रा पक्षहरू समेटिएको पाइन्छ । अहिलेको समयमा तीजगीतमा दुवै जना युवायुवती रमाइलो गरेर नाच्ने गर्दछन् र नाच्दा एक अर्काको तारिफ गरेर नाच्ने गरेको देखिन्छ । हामीले हाम्रो संस्कृतिलाई जोगाएर सधैं हासो उमङ्गका साथमा तीज पर्व मनाउनु पर्छ भन्ने सन्देश यस गीतमार्फत् प्रस्तुत गरिएको छ ।

### ४.१.१३ जागिर ठूलै होला गीतको अध्ययन

गायिका सरस्वती लामिछानेको स्वर रहेको 'जागिर ठूलै होला' तीजको गीत हो । २०७२ सालमा प्रिज्म रेकर्डिङ स्टुडियोले उत्पादन गरेको यस गीतमा शिव अखेली र सरस्वती लामिछानेको आवाज रहेको छ ।

'जागिर ठूलै होला' गीत तीजको सन्दर्भलाई लिएर गाइएको गीत हो । यस गीतमा नारी जातिले लगाउने लुगा गहनालाई मुख्य विषयवस्तु बनाइएको छ । वर्तमान समयमा देखावटीका रूपमा चलाइने आइफोन र एटीएम कार्डलाई पनि विशेष महत्त्वले हेरिएको छ । समाजमा श्रीमतीले राम्रा-राम्रा लुगा लगाएर हातमा महङ्गा मोबाइल लिएर रात दिन पार्टीमा हिँडेदेखि श्रीमान्को जागिर ठूलै होला भन्ने भाव पर्छ भनेर नेपाली समाजलाई तिखो व्यङ्ग्य प्रहार गरेको यसमा पाउन सकिन्छ । यस गीतले श्रीमान्को कमाइभन्दा पनि श्रीमतीहरूको देखावटी बढी भएर हाम्रो समाजका महिला बिग्रेको अवस्थालाई उजागर गरेको छ । अहिलेको वर्तमान समयमा नारी पुरुष बराबर भनिए पनि कतिपय नारीहरू आफू काम नगरी लोग्नेलाई धेरै सम्पत्ति कमाउन प्रोत्साहित गरी आफू अरुको अगाडि सधैँ लुगा गहना फेरेर समाजमा नराम्रो वातावरणमा सृजना गरेको पाइन्छ । यस गीतमा नारीहरूले समाजमा देखाउने देखावटीपन, विकृति, विसङ्गतिलाई चित्रण गरी लोग्नेको जागिरले रमाउने नारीप्रति तिखो व्यङ्ग्य गरी आजका नारीप्रति गीतमा आफै आत्मनिर्भर हुनुपर्छ भन्ने सन्देश व्यक्त गरिएको पाइन्छ ।

### ४.१. १४ 'अमेरिका भन्ने ठाउँमा ओवामाको देश' गीतको अध्ययन

सरस्वती लामिछानेले गाएको अर्को गीत 'अमेरिका भन्ने ठाउँ ओवामाको देश' हो । आचार्य रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको गीतको उत्पादन २०७३ सालमा हमाल म्यूजिकले गरेको हो । यस गीतमा शव्द शिव अखेलीको रहेछ छ । शिव अखेली र सरस्वती लामिछानेको स्वर रहेको 'अमेरिका भन्ने ठाउँ ओवामाको देश' गीत दोहोरी गीत हो । यस गीतमा मानिसहरू आफ्नो भाग्य राम्रो बनाउने र भविष्यमा सुख शान्तिका लागि धेरै धन कमाउने उद्देश्य लिएर अमेरिका जाने विषयलाई केन्द्रित गरिएको छ ।

अमेरिकालाई सपनाको देशमा रूपमा लिइन्छ । आफ्नो देशमा सानो व्यवसाय गर्न लाज मान्ने मानिस अमेरिकामा जान पाउने भनेपछि घर खेत बारी धितो राखि जति पैसा तिरेर पनि जान पछि नपरी अगाडि सर्दछन् । अमेरिकाको पैसा ठूलो र ग्रिनकार्ड भन्ने

बित्तिकै मानिस जति भएभरको पैसा खन्याएर अमेरिका जाने तितो यथार्थ यस गीतमा व्यक्त गरिएको छ । गीतमा पैसा धेरै तिरेर आफ्नो ज्यानलाई जोखिममा पारेर अमेरिका गएर पसिना बगाउनु भन्दा नेपालमा हलो जोतेर खोले साग र सिस्नो आनन्द मन लिएर परिवार र समाजसँग बस्नु राम्रो हो भनिएको छ । अमेरिका जाने पैसाले नेपालमा कुनै काम गरे त्यसबाट सबैको भलाई हुन्छ । अमेरिकाको पैसा मात्र ठूलो होइन, गर्न सके आफ्नै देशको पैसा पनि ठूलो हुन्छ । यही सबैका लागि राम्रो अवसर छ भन्ने भनाई गीतमा समावेश गरिएको पाइन्छ । अमेरिका सपनीको देश हो । आफ्नो ज्यानलाई जोखिम मोलेर त्यहाँ बस्नु भन्दा आफ्नै देश नेपालमा हलो जोतेर खोले र सिस्नो आनन्द मनले आफ्नो परिवारसँग सुख सन्तोष लिएर खाएर बस्नु राम्रो भन्ने राष्ट्रप्रतिको माया र स्वदेश प्रेम यस गीतमा पाउन सकिन्छ ।

### ४.१.१५ 'देउरालीको चौतारी' गीतको अध्ययन

गायिका सरस्वती लामिछानेको स्वर रहेको 'देउरालीको चौतारी' गीत २०७३ सालमा आचार्य डिजिटल पोखराले उत्पादन गरेको हो । यस गीतमा सरस्वती लामिछाने र हस्त केसीले आवाज दिएका छन् । गीतको शव्द सङ्कलन गणेश पौडेलको रहेको छ ।

'देउरालीको चौतारी' शीर्षक गीत दोहोरी गीत हो । यस गीतको विषयवस्तु माया प्रेम नै रहेको छ । उमेर पुगेका युवक र युवती आफ्नो मायालुलाई भेटन तत्पर रहेको देखिन्छ । एक अर्काले आफ्नो अतीतलाई सम्झेर तड्पिरहेका छन् । यस गीतको मुख्य भाव युवायुवतीमा वियोग र देउरालीको चौतारी संयोग रहेको छ । देउरालीको चौतारी साक्षी राखी आफ्नो मायालुको अत्यार मेटाएर सम्झेर आउनी जानी गर भनी युवायुवतीले भेट्ने ठाउँ देउरालीको चौतारीलाई बनाएको गीतमा व्यक्त गरिएको छ । चौतारीमा धेरै पछि भेट हुँदा अतीतका दिन सम्झी मन रुन्छ र नियास्रो लाग्छ । घर समाजको कुरा भन्दा पनि हाम्रो माया ठूलो हो भनी एक अर्काप्रति मायाको भावना साटासाट गर्न मानिसले धनी, गरीब, ठूलो, सानो जात भनेर आफ्नो मन मुटुमा बसेको मायालु मानिसलाई गुमाउनु हुँदैन भन्ने अभिव्यक्ति यस गीतमा समावेश गरिएको पाइन्छ । युवायुवतीका लागि मन मुटु मिलेपछि उनीहरूको सबैभन्दा ठूलो सम्पति माया गर्ने व्यक्ति नै हो । उनीहरूलाई घर परिवार समाजको डर हुँदैन भन्ने सन्देश गीतमा व्यक्त गरिएको छ ।

### ४.१.१६ 'खाली पाउँले हिँडदिउला' गीतको अध्ययन

'खाली पाउँले हिँडदिउला' गीत २०७३ सालमा आचार्य डिजिटल पोखराले उत्पादन गरेको हो । यस गीतमा शब्द संकलन शिव अखेलीको रहेको छ । गीतमा सन्देश पौडेल, सरस्वती लामिछाने र शिव अखेलीले पनि स्वरमा साथ दिएका छन् । 'खाली पाउले हिँड्दिउला' गीत दोहोरी गीत हो । यस गीतमा माया प्रेम कै प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । प्रेमीप्रेमिका बीच आत्मिक प्रेम रहेको छ । दुई आँखा र मुटुमा मायाकै चिज होस् भन्ने भाव यस गीतमा समावेश गरिएको छ ।

यस गीतमा युवायुवती मायाको विश्वास देखाउनका लागि आत्मिक प्रेम मन मुटुमा मात्र नभएर मायाका लागि बाहिरी रूपमा खाली पाउले हिँडदिउला गीतमा काडैकाँडाको जञ्जाल भएपनि त्यसैमाथि टेकेर परीक्षा लिएर पास गर्ने वचन दिएका छन् । यस गीतमा दुवै युवायुवतीमा एक अर्काप्रति गर्ने विश्वासले भरोसा लाग्दो जिन्दगी हुन्छ त्यही नै खुसी हो भन्ने देखाइएको छ । विश्वासमा परेपछि दुःख पीर नमानी दुई मुटु एउटै बनाई अगाडि बढाउनु पर्छ भन्ने अभिव्यक्ति गीतमा प्रस्तुत गरिएको छ । यस गीतमा माया प्रेम गर्ने मानिस बाहिरी देखाउने मायाप्रेम मात्र गर्नु हुँदैन भित्री आत्मादेखि नै विश्वास बढाउन सक्नुपर्छ र माया गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

### ४.१.१७ 'सहकारीकी नानी' गीतको अध्ययन

'सहकारीकी नानी' गीत २०७३ सालमा आचार्य डिजिटल पोखराले उत्पादन गरेको हो । यस गीतमा सरस्वती लामिछाने र रामजी पौडेलको स्वर रहेको छ । गीतमा शब्द सङ्कलनमा शिव अखेलीको रहेको छन् । 'सहकारीकी नानी' दोहोरी गीत हो । यस गीतमा आत्मिक पक्षलाई समावेश गरी आर्थिक विकास कसरी गर्न सकिन्छ भन्ने विषयवस्तु रहेको छ । सहकारी संस्थामा दैनिक कार्य गर्दै जादा विभिन्न थरिका मानिसहरू भेट हुन्छन् र दैनिक पैसा जम्मा गर्ने क्रममा घरघरमा हिँड्ने सहकारीकी नानीसँग नचिनेको मानिस भेट भएर चिनजान गरेरपछि माया प्रेम बस्छ भन्ने मुख्य भाव गीतमा व्यक्त भाको छ ।

सहकारी संस्थामा काम गर्ने नानी संस्थामा खाता खोलेका मानिसको घरघरमा गएर थोरैथोरै पैसाबाट धेरै पैसा भएर कुनै काम गर्न सकिन्छ भन्ने उद्देश्यले सहकारी संस्थामा पैसा जम्मा गर्ने गर्छन् त्यसै क्रममा सहकारीकी नानीसँग एकजना मानिस भेट हुन्छन् ।

उनले आार्थिक पक्षसँग सम्बन्धित भएर ती नानीलाई माया प्रेमका कुरा गरेको प्रसङ्ग गीतमा समावेश गरिएको पाइन्छ । सहकारी संस्थामा खाता खोलेर थोरै-थोरै रकम सम्हालेर जम्मा गरे ठूलो काम गर्न सकिन्छ भन्ने सन्देश यस गीतमार्फत् दिन खोजिएको पाइन्छ ।

### ४.१.१८ 'बाबाजीको आँगनी' गीतको अध्ययन

२०७३ सालमा हमाल म्यूजिकले उत्पादन गरेको 'बाबाजीको आँगनी' तीजगीतको हो । यस गीतमा सरस्वती लामिछाने र रामजी पौडेलको स्वर रहेको छ । गीतमा शव्द सङ्कलन रामजी पौडेलको रहेको छ । नेपाली नारीको महान् चाड तीजको बेला छोरीचेली जम्मा भएर मिठो खाने र रमाइलो गर्ने गर्दछन् । तर रमाइलो गरेर छमछम नाच्ने आँगन भत्किएको माइतीघरमा बूढी आमा मात्र बसेको घरमा देख्दा मन अमिलिएको छ । दाजुभाइ र गाउँका युवाहरू बाहिरी देश गएका कारण गाउँ नै शून्य जस्तो भएको यथार्थलाई गीतमा मुख्य विषयवस्तु बनाइएको छ । र वर्तमान परिवेश पनि यस्तै रहेको आँकलन गर्न सकिन्छ ।

चाडपर्वको वेलाम् माइत जाँदा बुढी आमा मात्र घरमा बसेकी छन् । उनी काम गर्न नसक्ने अवस्थामा पुगेकी छन् । काम गर्न सक्ने बलिया युवाहरू विदेश गएकाले गाउँ घर शून्य छ । गाउँघरको माया गर्ने, आफ्नो जन्म दिने आमा, बाबाको माया गर्ने मानिस नहुँदा कसको मन रमाउन सक्छ र वर्ष दिनको तीजमा आउने चेलीले बाबाको आँगनमा टेक्दा त्यो घरको आँगन भत्किएको, खेतबारी बाँझै बिरूपै भएको, पिढीँको डिलमा बसेर आमा रुँदै गरेको देखेको, बुढाबुढी बिरामी हुँदा पानी खान दिने कोही नभएको र गाउँघर शून्य भएको देख्दा चेलीको मन साह्रै रोएको छ । सबैलाई सम्पत्ति प्यारो भएको कुरा गीत मार्फत व्यक्त गरिएको पाइन्छ ।

'बाबाजीको आँगनीं' तीजगीत भए पनि अहिलेको वर्तमान समयमा भइरहेको चल्दो चलन चल्तीमा रहेको वास्तविकतालाई जस्ताको तस्तै देखाइएको छ । अहिलेका युवाले आफ्ना जन्मदिने आामाबाबाप्रति गर्ने कर्तव्य र दायित्व बिर्सेको । आफ्नो जन्म ठाउँ, गाउँघरप्रति गर्ने माया विस्तारै हराएर गएको अहिलेको युवा पुस्तामा बढ्दो रूपमा पाउन सकिन्छ भन्ने भाव गीतमा व्यक्त गरिएको छ । सबैजना धन सम्पत्तिका पछि लागेर सुख सुविधा उपयोग गरी शहर बजारलाई केन्द्रित गरी बसेको राम्रो होइन सबैलाई समान रेखदेख गर्नुपर्छ भन्ने सन्देश यस गीतमा पाउन सकिन्छ ।

### ४.१.१९ 'मादलुको ताल' गीतको अध्ययन

भावना सोलुसनले उत्पादन गरेको 'मादलुको ताल' २०७४ सालमा बजारमा आएको तीजगीत हो । यस गीतमा सरस्वती लामिछाने र जीवन दाहालको स्वर रहेको छ । रामजी पौडेलले गायनमा पनि साथ दिएका छन् भने शब्द संकलन पनि उनै रामजी पौडेलको पाउन सकिन्छ । 'मादलुको ताल' तीजगीतमा वर्ष दिनको तीजमा मादलको ताल सुन्दा माइतीको झझल्को आउनी र आफ्ना दाजुभाइले कहिले बोलाउँछन् भन्ने झझल्को आउँदा तीजमा नबोलाउँदा नराम्रो लाग्दो रहेछ भनेर दाजु र बहिनी बीचको मायालाई मुख्य विषय बनाइएको छ । अहिलेको तीजमा दाजु देश बाहिर बसेको र बहिनीलाई तीजमा बोलाउन नपाएको बहिनी घरमा अरुको अगाडि आफू तीजमा माइत जान नपाउँदा मन सानो गरेर बस्नु परेको भाव यस गीतमा व्यक्त गरिएको छ ।

दाजु विदेश भएपछि बहिनीलाई तीजमा बोलाउने केही नहुँदा यो साल तीजमा यस्तै भो अर्को साल आएर तीज मनाउला परदेशी दाइको मर्म यस्तै रहिछ भन्दै अर्को साल तीजमा सँगै बसे दर खाउला भनेर दाजुले बहिनीलाई सम्झाएका छन् । आमा भए जान्थे माइती घर आमा पनि नहुँदा दाजु पनि नहुँदा घरका देउरानी, जेठानी माइत जाँदा नरमाइलो मान्दै मादलको तालमा नाचेको झझल्को आइरनी भावना चेलीले गीतमार्फत व्यक्त गरेकी छिन् । तीजमा दुःख पीर नमानी वर्ष दिनको तीजमा कसैको अघि शिर नझुकाइकन मनाउ भन्ने सन्देश दाजुले बहिनीलाई दिँदै सम्पूर्ण चेलीलाई जे जस्तो हुन्छ त्यसैमा रमाउन आग्रह गरेको पाइन्छ ।

### ४.१.२० 'तिरिरी बासुरी धुन' गीतको अध्ययन

'तिरिरी बासुरी धुन' गीत दोहोरी गीत हो । २०७४ सालमा प्रकाशित गीतको रेकर्ड आचार्य डिजिटल स्टुडियो पोखराबाट भएको हो । यस गीतमा शब्द संकलन रामजी पौडेलको छ भने चन्द्रा क्षेत्री र सरस्वती लामिछानेको स्वर रहेको छ । यस गीतमा तिरिरी बज्ने धुनलाई मायाको संकेत गरेको पाइन्छ । 'तिरिरी बासुरी धुन' शीर्षकको गीतमा युवायुवतीको प्रेम प्रसङ्गलाई नै मुख्य विषयवस्तु बनाइएको छ । काली गण्डकीको वरिपरि रहेको बागलुङ्ग बजार, बेनीबजार र धार्मिक स्थलको अवलोकन गर्न मायालु जोडीको इच्छा भएको भाव यस गीतमा समावेश गरिएको पाइन्छ । तिरिरी बज्ने बासुरीको धुन मायाको प्रतीक ठानी बेनी बजार घुम्ने मुख्य भाव यस गीतमा प्रस्तुत गरिएको पाइन्छ ।

युवती आफ्नो मायासँग बाग्लुङ घुम्न पाए संसारै भुल्ने गरी रमाउँदै घुम्ने चाहना व्यक्त गर्दछिन् भने युवाले आफ्नी मायालु साथमा लिएर घुम्ने र सिउँदो रङ्गाइदिने जस्ता प्रेम प्रसङ्गका कुरा यस गीतमा व्यक्त गरिएको छ । नेपालको राम्रो ठाउँ बाग्लुङ र बेनी बजार घुमेर विवाह गर्ने जस्ता संयोगान्त भावबाट यस गीतको अन्त्य भएको छ । गीतले नेपालका विभिन्न ठाउँको परिचय दिएर राम्रो सन्देश दिएको छ ।

यसरी सरस्वती लामिछानेका गीतको अध्ययन गर्दा उनले प्रायः एकल र दोहोरी गीत गाएको देखिन्छ । उनले गाएका गीतमा अत्यन्त सरल र सहज शब्दावलीको प्रयोग पाइन्छ । जहाँ लोकजीवनको लोकभाका सलल बगेकै कारण उनका गीत कर्णप्रिय छन् । दोहारी शैलीका गीतमा तीजे गीतको बाहुल्यता बढी पाइन्छ । पर्वगीत अन्तर्गतको उक्त गीतमा मायाप्रेम, विरह, सुखदुःखका घटना, स्वदेशप्रेम, प्रकृति प्रेम, धार्मिक, सांस्कृतिक, विछोडिएका मायालुको प्रेम कहानी जस्ता अनेक पक्ष उनका गीतमा अभिव्यक्त भएको पाइन्छ । यस्तै उनले गाएका एकल गीतमा नारीको वेदना, कुण्ठा, नैराश्यता जस्ता सन्दर्भलाई पोखिएका छन् ।

## ४.२ सरस्वती लामिछानेले गाएका गीतको वर्गीकरण

नेपाली लोकगीतहरूलाई गायन शैलीका दृष्टिले विविध गीतहरूमा वर्गीकरण गरी छुट्याउन सकिन्छ । लोकगीतलाई गायन प्रकार्यका आधारमा सामान्य र विशिष्ट गरी दुई प्रकारले विभाजन गरिएको पाइन्छ । सामान्य गीतहरू एकल, सामुहिक र दोहोरी गीतहरू पर्दछन् भने विशिष्ट गीतहरूमा धार्मिक आस्था, रीति संस्कार, चाडपर्व ऋतु र श्रमसँग सम्बन्धित हुन्छन् । त्यसै गरी प्रस्तुतीकरणमा हुने सहभागिताका दृष्टिले गीतहरूलाई तीन किसिमले वर्गीकरण गरी छुट्याउन सकिन्छ,

(१) एकल गीत,

(२) दोहोरी गीत

(३) समूह गीत (बन्धु, २०५८ : १२१) ।

यही पृष्ठभूमिमा सरस्वती लामिछानेका गीतहरूलाई पनि गायन, प्रस्तुतीकरण, सहभागिता वा प्रकार्यका आधारमा हेर्दा उनले एकल र दोहोरी गीत मात्र गाएको देख्न सकिन्छ । जुन गीतलाई निम्नानुसार वर्गीकरण गरिएको छः

### ४.२.१ एकल गीत

गीत गायन प्रस्तुति र सहभागिताका दृष्टिले एकल, दोहोरी वा सामूहिक गीतहरू हुन्छन् । एक्लै गाएर मनको भाव अभिव्यक्ति गरिने गीतलाई एकल गीत भनिन्छ । एक जना व्यक्तिको मात्र आवाजमा आफ्नै सुरले अगाडि बढ्दै गाइने गीत नै एकल गीत हुन् । एकल गीतमा जुनसुकै सन्दर्भ वा प्रसङ्गलाई विषयवस्तु बनाई गाउन सकिन्छ तापनि बढी जसो मनको वेदना, वियोग जस्ता मनका भाव अरु समक्ष व्यक्त गरी एक्लै गाउने गीत नै एकल गीतका विषयवस्तु हुन्छन् । एकल गीत एक्लै बस्दा आफ्नो मनमा उठेका भावना र विचारहरूलाई उनेर गीत बनाई गाइन्छ । गीतको पृष्ठभूमि माया प्रेम, दुःख, वेदना, गरीबी, सङ्घर्ष जस्तो पनि हुन सक्छ । सरस्वती लामिछानेको स्वरमा सजिएको 'पापी मायाले', शीर्षकको लोकगीत यस्तै एकल भाकाको विरही गीत हो ।

### ४.२.२ दोहोरी गीत

दुई व्यक्ति वा समूहका बीच गीतैमा गरिने सवाल जवाफलाई दोहोरी गीत अथवा जुहारी भनिन्छ । प्रायः युवायुवती तथा युवक र युवतीका समूह बीच यस्तो दोहोरी हुने गर्दछ । दोहोरो संवादको रूपमा गाइने हुनाले दोहोरी भनिएको एक थरीको भनाइ छ भने दोहोऱ्याएर गाइने हुनाले दोहोरी नाम रहेको भन्ने अर्को भरी भनाइ पनि पाइन्छ (बन्धु, २०५८: १४०) । प्रश्नोत्तर र दोहोरो संवादका रूपमा गाइने अन्य गीतहरू पनि हुन्छन् तर सबैलाई दोहोरी गीत भनिदैन ।

प्रश्न र उत्तर दुवै एउटै लय र शैलीमा प्रस्तुत हुने दोहोरी गीत शिलशिलाबद्ध रूपमा कविको रचनामा जस्तैः मर्मस्पर्शी र कल्पनाशील अभिव्यक्ति हुन्छ । दोहोरी गीतमा युवक र युवती बीचको प्रेम प्रसङ्ग निकालेर प्रश्नोत्तर गर्दा आफ्नो परिचय दिँदा आ-आफ्ना अपेक्षा र आकाङ्क्षा व्यक्त गर्दा ख्याल ठट्टा गर्दा वरपर, समाज र वातावरणलाई सन्दर्भका रूपमा प्रयोग गरिन्छ भने छन्द र लय मिलाउने क्रममा केही अप्रासङ्गिक कुरा ल्याई प्रासङ्गिक कुरा भन्ने लोकगीतको शैली दोहोरीमा भेटिन्छ (बन्धु, २०५८: १४०) । खेतबारीमा काम गर्दा चाडपर्वमा रातभर जाग्राम बस्दा, रोदी घरमा र मेला जात्राहरूमा सुनिने दोहोरी गीतहरू हिजोआज होटल रेष्टुरेन्टहरूमा समेत गाउने, सुनाउने र मनोरञ्जन लिने गर्न थालिएको छ । वर्तमान समयमा दोहोरी गीत सुन्न चासो नराख्ने समुदाय बिरलै भेटिन्छन् ।

सरस्वती लामिछानेले हालसम्म प्रकाशन गरेका गीतहरूमध्ये दोहोरी गीतको सङ्ख्या सबैभन्दा बढी छ । उनले गाएका दोहोरी गीतहरू **भन्न नसकेर, अलि अलि रङ्ग छ, अलि अलि डर छ, तड्पिएर तिमी टाढा हुँदा, पञ्चासे वन, माया लाउँदैन, सम्झी रुदै छु, अँधेरीमा जून तारा, चढ्यो चढ्यो जवानी, देउरालीको चौतारीमा, सहकारीकी नानी, उपन्यास, खाली पाउले भन्दिउला काँडा माथि टेकी, तिरिरि बासुरी धुन**लगायतका गीत सबै दोहोरी गीत हुन् । उनका सबै गीतहरू प्रस्तुति र सहभागिताका दृष्टिले मुख्यतः युवायुवती वा उनीहरूको समूह बीच प्रेम प्रसङ्गलाई लिएर गरिएका सबाल जवाफ र ख्यालठट्टामा केन्द्रित छन् । कुनै गीतहरू केटाबाट कुनै गीतहरू केटीबाट शुरु गरिएका छन् । दोहोरी गीतमा अप्रासङ्गिक कुरालाई प्रासङ्गिक शिलशिलाम् मिलाएको पनि पाइन्छ ।

### ४.२.३ पर्व गीत

हिन्दू नारीहरूको महान् पर्व तीज जम्मा तीन दिन मनाइन्छ । भाद्र शुक्ल तृतीयाका दिन हरितालिका तीजको ब्रत बसिन्छ । पौराणिक कथा अनुसार पार्वतीले शिव पति पाउनका लागि निराहार तपस्या गरी मनोकाङ्क्षा पूरा भएको हुँदा त्यसै खुसीलाई आत्मसाथ गरी नाचगानसहित हर्सोल्लासको साथ मनाउने चलन चलेको हो भन्ने मान्यता छ । तीजको पहिलो दिन छोरी चेलीहरूलाई दर खुवाइन्छ । दर खुवाउदा चेलीबेटीहरूलाई बोलाएर एकै ठाउँमा भेला गराएर दूधबाट बनेका परिकारहरू घिउ, दुध, दही, सेलरोटी मिठाइ, फलफूल खुवाउने गरिन्छ । भोलिपल्टको दिन केही नखाइकन (निराहार) ब्रत बसेर महादेवको पूजा गर्ने चलन छ । तीजको अन्तिम दिन ऋषि पञ्चमी हो । तीन सय पैसठ्ठी ओटा दतिवनले आफ्नो दन्त धावन गरेर नुहाएमा र पूजा गरेमा एक वर्षभरि अर्थात् तीन सय पैसठ्ठी दिन नै नुहाए वा पूजा गरे बराबरको सिद्धि प्राप्त हुने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ ।

तीजका अवसरमा नारीहरूद्वारा मनको भावना व्यक्त गरी गाइने गीतलाई तीजको गीत भनिन्छ । सासुले बुहारीलाई दिने गरेका दुःख, वेदना, नन्द र घरका वेदनाहरू एक वर्ष सम्मका मनका भाव व्यक्त गरेर तीजका अवसरमा नारीहरूले गीतका माध्यमबाट एक अर्को समक्ष प्रकट गरी भाव व्यक्त गरी मनलाई हलुको पार्छन् । अहिलेको समय क्रमसँगै तीजका गीतहरूको विषयवस्तु पनि परिवर्तन हुँदै जान थालेका छन् । हिजो आज तीजका गीतमा शिवजी र पार्वती अर्थात पुरुष र महिला वा पतिपत्नीको सन्दर्भ जोडेर युवायुवतीका

माया प्रीति र प्रेम प्रसङ्ग, सामाजिक विकृति र विसङ्गति तथा राजनैतिक सचेतना जस्ता विषयवस्तु समेटिन थालेका छन् । यी र यस्तै विषयवस्तु समेटिएका सरस्वती लामिछानेका हालसम्म **पापी मायाले, आउ माया सरर** (२०७०), **जागिर ठूलै होला** (२०७१), **आउनी जानि बसैको भाडा तिरम्ला, मेरो त कम्मर दुख्न थाल्यो** (२०७२), **बाबाजीको आँगनी** (२०७३) र **रम र झम तीजै र आयो, मादलुको ताल** (२०७४) लगायतका तीजे दोहोरी गीतमा स्वर दिएकी छन् ।

## ४.३ सरस्वती लामिछानेका गीतमा अभिव्यक्त विषयवस्तु र भाव

लोक मानसको अन्तरमनमा निहित जीवनको भोगाइका उज्याला र अँध्यारा पक्षलाई खोतल्ने हाम्रा लोकगीत, संगीतहरू नेपाली मन र नेपाली माटाका सुगन्ध हुन् । हृदयको खेतमा उम्रने लोकगीतले सरलता, सहजता, व्यापकता, रागात्मकता जस्ता शिल्प र शैली अबलम्बन गर्दै देश, काल र परिवेशको चित्रण गरेका हुन्छन् । लोकजीवनका विविध अनुभव र अनुभूतिको नालीवेली प्रकट गर्न लोकगीत र संगीत सुनेर मानिसको हृदयमा शान्ति, शीलतला साथै आफ्नो दुःख र भोगाई बिर्सेको अनुभव गर्दछ । सरस्वती लामिछानेले गाएका गीतमा लोक जीवनका तिनै अनुभव र अनुभूतिका अनेकौ पक्ष र पाटाको सरल, सहज, व्यापक, मार्मिक र लयात्मक चित्रण पाइन्छ । आफ्ना गीतका माध्यमबाट उनले अभिव्यक्त गरेका विषयवस्तु र भावलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१ मायाप्रेम

कुनै पनि सङ्गीतमा प्रत्यक्ष वा परोक्ष रूपमा माया र प्रेमको सुगन्ध आएकै हुन्छ । सरस्वती लामिछानेका धेरै गीतमा मुख्य विषयवस्तु मायाप्रेम नै रहेको देखिन्छ । सृष्टिको अस्तित्व र मानव जीवनको सार सबैभन्दा धेरै माया र प्रेममै बाँचिरहेको हुन्छ । जन्मदेखि मृत्युसम्म मानव जीवन फरक-फरक प्रकृति र स्वरूपको माया र प्रेममा बाँधिएको हुन्छ । मानिसका भोगाई माया र प्रेमका बन्धनमा बाँधिदै र छुट्टिदै गर्दा परिपक्क र पाको हुँदै जान्छन् । सरस्वती लामिछानेका गीतले पनि भोगाई अनुसार माया र प्रेमका स्वरूप भिन्न हुन सक्छन् तर माया प्रेमको सौन्दर्य एउटै हुन्छ भन्ने भाव अभिव्यक्त गरेका छन् । माया

बसेपछि युवायुवती मायामा हराउँदै जाने र मायामा अन्धो भएर बाँच्न नसकेर मनको कुरा भन्न नसकेर रुन परेको गीतमा व्यक्त गरिएको पाइन्छ ।

*यहीँ मायामा हराउँदै गइसके*
*तिमी विना नबाँच्नी भइसके*
*भन्न नसकेर म आज रुन परेको*
*तिमी झैँ निष्ठुरी बन्न नसकेर*

(भन्न नसकेर) ।

माया प्रेममा परेपछि एकान्तमा हराएर संसार भुल्न थाल्छन् र राम्रो माया बस्न केके हुनुपर्छ भनेर गीतमा प्रश्न सोधिएको पाइन्छ :

*हे एकान्तमा हराउन थाल्या छु*
*कसैलाई मन पराउन थाल्या छु*
*अलि अलि रंग छ, अलि अलि डर छ*
*मैले आँखा झिम्काएँ उनले पनि झिम्काइन*
*ओइ दाइ ! अब हाम्रो माया बस्न के के हुनुपर्छ ?*
*सँगै डुल्न पर्छ कि संसार भुल्न पर्छ ?*
*ए ओइ दाइ ! अब हाम्रो माया बस्न के के हुनुपर्छ ?*

(अलि अलि रंग छ) ।

सरस्वतीका गीतमा माया प्रेममा मुटुको दिलमा घर बनाई बाहिर कसरी सक्छ र देखाउन भन्ने साँचो माया प्रकट गरी खाली पाउले काँडामाथि टेकी चाखो प्रेम देखाउन खोजेको पाइन्छ :

*दिलमा बनाई देख्या छु घर तिम्लाई*
*के गरेर दिलाऊ खै भर तिम्लाई*
*खाली पाउँले हिड्दिउँला काँडामाथि टेकी*
*हेर सानु परीक्षा लिएर पास गरौला*
*मैले जाँच दिएर तिम्लाई मेरो मायामा विश्वास नभादेखि*

(खाली पाउले हिँडदिउँला) ।

मायामा मायालुलाई स्वर्गबाट झरेको अप्सरा झै राम्रो लाग्ने र कस्तुरीको झैँ राम्रो बास्ना छर्दै वरिपरी हिँडेजस्तो राम्रो लाग्ने गर्दछः

*अप्सरा नै आए झैँ यो स्वर्गबाट झरी*

*कस्तुरी झैँ बास्न छर्दै हिँड्छेऊ वरिपरी*

(चढ्यो चढ्यो जवानी चढ्यो) ।

मायालुको साथ पाउनकै लागि यस धरतीमा जन्मेको हुँ म तिमी जहाँ छौ त्यही हुन्छु म पनि भन्ने भाव पनि गीतमा व्यक्त गरिएको छ :

*जन्मेकी हुँ म तिम्लाई भनि*

*तिमी जाँ छौ त्यही हुन्छु म पनि*

(अँधेरीमा जून तारा) ।

**४.३.२ स्वदेश प्रेम**

सरस्वती लामिछानेका कतिपय गीतहरूमा स्वदेश प्रेमका ज्वलन्त भावना मुखरित भएका छन् । उनका गीतमा आफ्नै मातृभूमिप्रतिको प्रेम र अनुराग छचल्किएको पाइन्छ । सरस्वती लामिछानेको 'फुल्यो सुनाखरी' शीर्षकको गीतका माध्यमबाट वनजंगल जोगाउनु र सबै जनावरको संरक्षण गरी ताल, तलैया, खोला जोगाएर राखे यिनीहरूको राम्रो संरक्षण गर्न सके मात्र सबैको भलो हुने र विदेशी पाहुनाको स्वागत गरी आफ्नो देशको बारेमा राम्रो परिचय दिन सक्नु नै स्वदेश प्रतिको राम्रो सन्देश यस गीतमार्फत् प्रस्तुत गरिएको छ ।

*दुर्लभ जन्तु चराको बास*

*हुँदै गएछ पर्यटन विकास*

*राम्रो हुन वन जंगल मासे*

*फेवातालको मुहान हो पञ्चासे ।*

*साह्रै सुन्दर पञ्चासे क्षेत्र*

*राखौं सधैं सफा र पवित्र*

*फुल्यो सुनाखरी स्वर्ग जस्तो*

*पञ्चासे क्षेत्रलाई चिनाऊ विश्वभरी*

(फुल्यो सुनाखरी) ।

सरस्वतीका गीतमा आफ्नो मातृभूमिप्रतिको माया गरिएको गीत अमेरिका भन्ने ठाउँ ओवामाको देश शीर्षकको गीतमा आफ्नो देश छोडेर विदेश अमेरिका जानका लागि आफू बसेको घरखेत धितो राखेर पैसा लगानी गरेर आफ्नो ज्यानलाई जोखिममा पारेर विदेशीको

ठाउँमा गएर काम गर्नुको सट्टा बरु आफ्नै देशमा खोले र सिस्नो खाएर आनन्द मन गरेर हलो जोतेर गिटी कुटेर बस भन्ने सन्देश प्रस्तुत गरिएको पाइन्छ ।

*हा ओई भाको यस्तै चालीस पचास लाख लगानी*
*धितो राखी भाको घर जग्गानी*
*अमेरिका भन्ने ठाउँ ओवामाको देश*
*पैसा तिरेर तल्लो बाटो छिरेर जान*
*भन्दा नेपाल मै हलो जोत्न वेश*
*हा ओई तेती धेरै पैसानी तिर्नु छ*
*ज्यानलाई जोखिम मोलेर छिर्नु छ*
*अमेरिका भन्ने ठाउँ सपनीको देश*
*तल्लो बाटो छिरेर जान भन्दा*
*खोले र सिस्नो खान वेश* (अमेरिका भन्ने ठाउँ ओवामाको देश) ।

### ४.३.३ नारीका वेदना

पुरुषप्रधान नेपाली समाजमा नारीहरू परम्परादेखि थिचिँदै र पिल्सिँदै आएका छन् । अझ पनि नारीहरूको दैनिकी घाँस, दाउरा र मेलापात गर्दै बित्छ । मनका इच्छा र आकाङ्क्षाले कहिल्यै पनि शिर ठड्याउन पाउँदैनन् । मनका भावना व्यक्त गर्न नपाएका चेलीको हृदय पनि उस्तै गरी फाटिरहेको यथार्थता आजको एक्काइसौं शताब्दीको कालखण्डमा पनि जीवितै छ । सरस्वती लामिछानेले आफ्ना गीतमा यस्तै परिवेश समेटी नारीको वास्तविक पीडालाई पोख्ने काम गरेकी छन् । नारीहरूको महान चाड तीजमा दाइ लिन नआउँदा साह्रै चित्त दुख्ने र घरमा लिन नआई तीजमा माइत जान नपाउने नियतिलाई सरस्वती लामिछानेले गीतको माध्यमबाट व्यक्त गरेकी छन् ।

*हे सिफनको सारी लरक्कै पारी*
*लाम्की नलाम् बनायो, पापी मायाले*
*मलाई लाम्की नलाम् बनायो पापी मायाले*
*हे साथी सँगी सबै हिँडे सायद छाडी*
*जाम्की नजाम् बनायो पापी मायाले*

*मलाई लाम्की नलाम् बनायो पापी मायाले*

*हैरान बनाये पापी मायाले*

*रोइरहने बनायो पापी मायाले*

*लाम्की नलाम् बनायो, पापी मायाले*

*ओइ जाम्की नजाम् बनायो पापी मायाले*

*जाम्की नजाम् बनायो पापी मायाले*

(पापी मायाले) ।

*हे देउरानी गए जेठानी गए*

*झझल्को आइरनी मलाई मादलुको ताल*

*हे म पनि जान्थे बाआमा भए*

*अहिले जे भएनी दाजु आऊ है अर्को साल*

(मादलुको ताल) ।

मैले गाउँछु बजाउँदै ताली

तिमी नाँच्यौ तीजमा यसपाली

मेरो त कम्मर दुःख थाल्यो

(कम्मर दुख्न थाल्यो) ।

### ४.३.४ सामाजिक विपन्नताको चित्रण

सरस्वती लामिछनेका गीतहरूमा नेपाली सामाजिक जन जीवनमा व्याप्त आर्थिक विपन्नताको सजिव चित्रण पाइन्छ । अहिलेको समयमा दिनानुदिन विज्ञान र प्रविधिको विकास हुदैं गए पनि नेपालको जनजीवन भने यही पसिना बगाउँदा वगाउदैं पनि आफ्नो आवश्यकता पूरा गर्न नसकी विदेशतर्फ जानको लागि घर खेत धितो राखी जानु पर्ने तितो यथार्थ पाउन सकिन्छ ।

*हो ओइ भाको यस्तै चालेस पचास लाख लगानी*

*धितो राखि भाको घर जग्गानी*

(अमेरिका भन्ने ठाउँ ओवामाको देश )

आर्थिक विपन्नताका कारण ठूलो खानदान कुल घरको छोरीलाई माया गरेपनि आफ्ना रहरहरू पूरा गर्न नसकि खुम्चाएर राख्नुपर्ने ग्रामिण जीवनको विशेषता बनेको छ ।

*ठूलो खानदान तिम्रो कुल घरमा*

*परलान् र यो गरीब को भरमा* (देउरालीको चौतारीमा )

## ४.३.५ लोक जीवनको यथार्थ प्रतिबिम्ब

सरस्वती लामिछानेले गाएका गीतमा मायालुसँग विभिन्न ठाउँहरू घुमेर त्यस ठाउँको परिवेशहरूको यथार्थ प्रतिबिम्ब पाइन्छ । त्यसैक्रममा यिनीहरूले भूकम्पमा परेको लोक जीवनको यथार्थ गीतमा समावेश गरिएको पाइन्छ ।

*राहत पाए होलान् कि नाई पिर यति कुराको*

*भूँइचालोले सबैभन्दा धेरै क्षति पुराको*

*जाम्ला माया गोर्खामा घुमम्ला फिरम्ला*

(आउनी जानी बसैको) ।

## ४.३. ६ वियोगको प्रस्तुति

सरस्वती लामिछानेका कतिपय गीतमा वियोग र विरहका भाव प्रस्त्तुत भएका छन् प्रेममा विछोड भइ सहनु परेका वियोगका कथा गीतमा समावेश गरिएको पाइन्छ ।

*आँसु पिउँछु काँडामा टेक्याउँछु*

*घाइते मनको उपन्यास लेख्याउछु*

*सानु तिम्रो बजारमा जान बाँकी छ ।*

*अब धेरै लेख्दिनँ भन्यो*

*सानु लेख्दा लेख्दै किताब बै बन्यो*

*सानु कहानीलाई पूरा गर्न अन्तिम पाना बाँकी छ ।*

*बन्यो सानु कहानीलाई पूरा गर्न अन्तिम पाना बाँकी छ ।*

*काडामा टेक्याउछ घाइते मनको उपन्यास लेख्याउँछु*

*सानु तिम्रो बजारमा जान बाँकी छ ।*

उपन्यास ।

*हे समयले छुटायो हाम्रो साथ*

*त्यही पल सम्भि रोइरहे धेरै रात*

देउरालीको चौतारीमा ।

## ४.४ सरस्वती लामिछ्यानेका गीतका विशेषताहरू

सरस्वती लामिछानेले गाएका गीतहरूमा लोक जीवनका मौलिक रङ्गहरू भेटिन्छन् । उनका गीतहरूमा कृत्रिमता, मौलिकता भन्दा प्राकृतिक परिवेशको सुगन्ध पाइन्छ । त्यसैले सरस्वती लामिछानेका लोकगीत, तीजेगीत, दोहोरी गीत, आदि सबै प्रकारका गीतहरू गीत सङ्गीतका पारखीका निम्ति सुमधुर र कर्णप्रिय थान्छन् । ग्रामीण लवज, शहरिया शैलीका शव्द र लयहरूलाई गीतमा उनेकी सरस्वती लामिछानेले जनमानसका भावना र उकुस मुकुसहरूलाई अभिव्यक्त गरी छताछुल्ल पोखेकी छन् । गुण र तत्त्वका आधारमा उनले हालसम्म प्रकाशन गरेका गीतहरूमा रहेका विशेषताहरूलाई निम्नानुसारले केलाउन सकिन्छ ।

### ४.४.१ सरलता र लयात्मकता

छोटो र छिटो बुझ्न सक्नु नै सरलताको विशेषता हो । लोकगीत उत्साह र लयात्मक अभिव्यक्ति हो । यस किसिमको लगात्मक स्तरमा विविध रूप समावेश भएकै कारण लोकगीत आकर्षक बन्न पुगेको हो । सोही कारण सरलता र लयात्मकता लोकगीतको महत्त्वपूर्ण विशेषता हो । सरस्वती लामिछानेका गीतहरू कृत्रिमताविहिन, नैसर्गिकतायुक्त तथा बोझिला अलङ्कार विहिन गुणहरूले युक्त छन् । उनका गीतहरू जनजिब्रोका भाषामा सलल बग्न सक्छन् सुटुक्क हृदयमा पुग्छन् र नबिर्सने छाप छोड्न सफल हुन्छन् ।

*झन् झन् दुरी लम्बिदै गहिरयो*
*मनको रहर मनैमा रहिरयो ।*
*भन्न नसकेर*
*हे जादै छु म मायालु भेट्नलाई*
*सयौ दिनको अत्यार भेट्न लाई*
*देउरालीको चौतारीमा सधै टाढा बस्दा मन आत्तिन्छ ।*
*कैलेकाहीँ त सम्झेर आउनी जानी गर*
(देउरालीको चौतारीमा) ।
*पानी पर्यो कि पर्यो असिना*
*लैजाउ रुमाल पुछौला पसिना* (अधेरीमा जून तारा) ।

यसरी प्रत्येक गीतमा बौद्धिकता भन्दा हार्दिकता भेटिने भएकोले सरस्वती लामिछानेका गीतहरू सुन्ने बित्तिकै मानिसको मनमा बस्छन् । सामान्य जनमानसले सहजै बुझ्न, दिलमा बस्न र जिब्रोले टिप्न सक्ने सरलता र लयात्मकता उनका गीतमा भेटिने महत्त्वपूर्ण विशेषताहरू हुन् ।

### ४.४.२ प्रश्नोत्तरात्मकता

कतिपय अवस्थामा लोकगीतका माध्यमबाट सवालजवाफ गरिन्छ । लोकगीतका माध्यमबाट आफ्नो मनको भाव प्रश्नोत्तर विधि अपनाएर गाउनु नै प्रश्नोत्तरात्मकता हो । यसैले प्रश्नोत्तरात्मकता यसको अर्को विशेषता हो । सरस्वती लामिछानेका कतिपय गीतहरूमा प्रश्नोत्तरात्मकता भेटिन्छन् । दोहोरी शैलीका संवादात्मक गीतहरूमा ख्यालठट्टा, हाँसोमज्जा गर्ने सन्दर्भमा सवालजवाफ वा प्रश्नोत्तर विधि अँगाली गीतको संरचना तयार गरिएको पाइन्छ ।

*तिम्लाई छोट्नै मान्दैन मन त*
*आत्मै देखि नढाटी भन त?*
*शहर छेन कहि तेस्तो गाउँ छैन*
*तिम्रो याद नआउनी ठाउँ छैन*          (माया लाग्दैन र ) ।

गीतैमा सोधिएका कुरालाई गीतैमा मिलाएर उत्तर दिने प्रश्नोत्तरात्मक शैली दोहोरी गीतमा बढ्दा प्रयोग हुन्छ । दोहोरीको आनन्द नै घोचपेचको प्रश्नलाई त्यस्तै शैलीमा जवाफ दिँदा श्रोता दर्शकलाई समेत कौतुहलतापूर्ण मनोरञ्जन प्राप्त हुन्छ । सरस्वती लामिछानेका गीतमा यस्तै  विशेषता भेटिन्छन् ।

*हे धेरै पछि हामो भेट हुँदैछ*
*हे समयमले छुटायो हाम्रो साथ*
(देउरालीको चौतारीमा) ।

*मन भन्दा मायाभन्दा भेट्न पाम्ला कहिले ?*
*तिमीसँग घुम्न पाए संसार भुल्थे मैले*
तिरिरी बासुरी धुन) ।

सरस्वती लामिछानेका प्रश्नोत्तर शैलीमा गाइएका यी गीतमा मिठास र मनोरञ्जनात्मकता पाइन्छ ।

### ४.४.३ अनुप्रासमयता

गीत गाउने क्रममा गीतका चाहे स्थायी हुन् चाहे अन्तरा सबैमा पहिलो र दोस्रो पङ्क्तिका शब्दमा अनुप्रास मिल्नु नै अनुप्रासमयता हो । जसका कारण गीत गाउने र सुन्ने सन्दर्भमा त्यसले थप मिठास थप्ने भएकाले यो अर्को महत्वपूर्ण विशेषता हो । जहाँ गीतको पहिलो पङ्क्ति र दोस्रो पङ्क्तिका अन्तिम शब्दमा अनुप्रास मिलेको हुन्छ । सरस्वती लामिछानेले गाएका प्रायः गीतमा अनुप्रासमयता भेटिन्छ । एउटै पङ्क्तिमा पनि बीच-बीचमा अनुप्रास मिलेको पाइन्छ । यो उनका गीतमा भेटिने अर्को विशेषता हो :

*जानी बेला समाउँदै हातैमा*
*कि मारिदेऊ कि लैजाऊ साथैमा*

*(भन्न नसकेर)* ।

*हे जाँदै छु म मायालु भेट्नलाई*
*सयौं दिनको अत्यार मेट्नलाई*
*(देउरालीको चौतारीमा)*
*हे चोखो माया चारतिर जोडेर*
*के पायौ त दुःखीलाई छोडेर*

(सम्झी रुँदै छु) ।

*हे कोइले भन्छन् धरान राम्रो कोइले भन्छन् धनगढी*
*मैले भन्छु बाग्लुङ राम्रो त्यो भन्दा नि झन् बढी* (जाउली जानि बसैको) ।

गीतका पङ्क्तिमा प्रयोग भएका शब्दको अनुप्रास र अन्त्यानुप्रासले लयात्मकता र कलात्मकता भेटिने हुन्छन् । अनुप्रास मिलेका गीत बढ्ता मिठासयुक्त हुन्छन् । गीतको पङ्क्तिको अन्त्यमा मात्र नभई पङ्क्तिकै बीचमा पनि यदि शब्दको अनुप्रास मिलेको छ भने त्यस्ता गीतहरू अझ बढी लयात्मक र श्रुतिगम्य हुने गर्दछन् । सरस्वती लामिछानेका गीतहरूमा यिनै गुणले युक्त भएकाले उनका गीतमा मिठास र माधुर्य पाइन्छ ।

### ४.४.४ लोकतत्त्वको प्रधानता

हाम्रो जनसमुदायमा भेटिने प्रचलित शब्दहरू नै लोकशब्द हुन् । ती शब्दमा आफ्नै प्रकारको सुगन्ध भेटिन्छ । जुन शब्द प्रायः गरेर लोकगीतमा प्रयोग गरिने गर्दछ । जुन

शब्दले लोकको चर्चा गरेको हुन्छ सोही कारण ती गीतमा लोकतत्त्वको प्रधानता पाइन्छ । सरस्वती लामिछानेका गीतमा भेटिने अर्को महत्त्वपूर्ण विशेषता भनेको लोकतत्त्वको प्रधानता पनि हो । उनका गीतमा लोकभाषा, लोकभावना, लोक विश्वास र लोक परिवेश अटाएका छन् ।

उनका गीतमा ग्रामीण परिवेशमा भेटिने सानु, काले, सिस्नो, कान्छे, जूनतारा, माया, दाजु, बैगुनी, निष्ठुरी, घुमम्ला, फिरम्ला, बोहेरम्ला, बटौली, जाम्ला, सरम, किरिम, पसम्लानी, बासुरी, कस्तुरी, ओभाउन, काली, कान्छु, गुनासो, छमछम, बसायौ, मागेसी, ओभायन, तेस्तो, विरूपै, पिंढी, डिल, भत्किएको जस्ता शब्द प्रयोग भएका छन् । यस्तै, जनजिब्रोमा प्रयोग हुने सपनी (सपना), तिम्ले (तिमीले), शतुर (शत्रु), नयन (आँखा), नाउँमा (नाममा), आकाशै (आकाश), घुमम्ला (घुम्ने), पिरिम (माया), आँगनी (आँगन), कल्ले (कसले), मादलु (मादल), खाम्ला (खाने), आम्ला (आउने), झल्को (झझल्को), कहानी (कथा), निद (निद्रा), तेस्तो (त्यसको), लेखाउ (लेख्ने), संलनी (संगाल्नी), सम्झी (सम्झेर), फिरम्ला (फिर्ने), गर्रौला (गर्ने), तिरम्ला (तिर्ने), अँधेरी (अँध्यारो), पोख्या छ (पोखेको छ), थकाइनी (थकाइ पनि), नखाइनी (नखाइ पनि), पसम्ला (पस्ने), आइरनी (आउने), तिम्लाई (तिमीलाई) निद (निद्रा) जस्ता अनेकौं ठेट, झर्रा लोक शब्दको प्रयोग उनका गीतमा भेटिन्छन् । नेपाली भाषानुकूल प्रयोग हुन थालेका डलर, अमेरिका, युएस, एटीएम कार्ड, आइफोन, सोरुम, बीस लाख जस्ता शब्दले उनका गीतलाई रङ्गीन बनाएका छन् ।

### ४.५ निष्कर्ष

सुमधुर स्वरकी गायिका सरस्वती लामिछाने पर्वत जिल्ला तिलाहार गाविसको मध्यम वर्गीय परिवारमा जन्मिएर पनि आफ्नो प्रतिभा र साधनाका कारण नेपाली गीत संगीतको क्षेत्रमा स्थापित कलाकर्मीका रूपमा देखिन्छिन् । गायन यात्राको छोटो अवधिमा नै अत्यन्त चर्चा कमाएकी लामिछानेले आफ्नै पृथक शैली र भावका गीतमा स्वर भर्न सिपालु छन् । गीत संगीतसँग सम्बन्धित आफ्नो कुनै पारिवारिक प्रभाव र पृष्ठभूमि नभए पनि उनमा स्वतःस्फुर्त गायन प्रतिभाको विकास र विस्तार भएको भेटिन्छ । प्रारम्भमा रेडियो सुनेर र गाउँघरमा हुने पर्व, मेलाम्া गुन्गुनाउँदै हिँडेर अगाडि बढेको उनको गायन यात्रा वर्तमानमा व्यवसायिक बनेको छ । गायनकै माध्यमबाट उनको जीवनयापन भइरहेको देखिन्छ । ग्रामीण लोक जीवनका यथार्तलाई उनकै शैलीमा जस्ताको तस्तै टपक्क टिपेर गाउन सक्ने

सरस्वतीमा प्राकृतिक मिठास पाइन्छ । घाँस, दाउरा, मेलापात र घुम्न जाँदा आपसमा युवायुवतीले गर्ने ठट्टा र हासो उनका गीतका विषयवस्तु बनेका छन् । उनले स्वर भरेका गीतमा दुःख, विरह, वेदना, प्रेमका सबै पक्ष समावेश भएका छन् । समग्रमा हेर्दा सरस्वतीले गाएका गीतमा मायाप्रेम, सामाजिक, आर्थिक र विपन्न वर्गका कथा समावेश छन् । राष्ट्र र राष्ट्रियताप्रतिको स्नेह देखिन्छ ।

सरस्वती लामिछानेले गाएका गीतको अध्ययन तथा गर्दा धेरै गीतमा माया प्रेमका कुरा समावेश गरेको पाइन्छ । यसका अलवा उनले पारिवारिक, सामाजिक र आर्थिक विषयवस्तु केन्द्रित गीत पनि गाएकी छन् । अहिलेको वर्तमान परिवेशलाई सुहाउँदा गीतमा उनले स्वर भरेको पाइन्छ । उनले गाएका गीतमा माइत जान नपाएका, श्रीमान्ले विदा नदिएका जस्ता सन्दर्भ भन्दा पनि विकट गाउँका चेलीबेटीका दुःख र वेदना पोखिएका गीत गाउन सकेको खण्डमा अझ उत्तम हुने देखिन्छ । लोकगीत आफैँमा सबैको अन्तरहृदयबाट प्रस्फुटन हुने दुःख, सुख, माया प्रेम जस्ता क्षणको अभिव्यक्ति हो । जुनएक पक्षबाट अर्को पक्षसँग प्रकट गर्ने माध्यम भएकाले यसलाई सीमित घेरामा मात्र नराखिनु सबैका सामु प्रस्तुत गर्न पुग्न र सबैको मन छुन सक्ने लोक तथा दोहोरी गीतका विषयवस्तु बनाइएका गीतमा पनि उनको स्वर भरिनु आवश्यक देखिन्छ ।

पाँचौं परिच्छेद

# निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत अध्ययनपत्रमा विभिन्न पाँच परिच्छेद र त्यसको क्रम, उपक्रम विभाजन गरी सरस्वती लामिछानेका गीतको अध्ययन र विश्लेषण गर्ने काम गरिएको छ । अध्ययनको पहिलो परिच्छेदमा अध्ययनपत्र परिचय शीर्षक उल्लेख गरी यस अध्ययनपत्रको परिचय दिँदै अध्ययनको आवश्यकता र औचित्य पुष्टि गरिएको छ । यस परिच्छेदमा अध्ययनपत्रको परिचय, अध्ययनपत्रको शीर्षक, अध्ययनको प्रयोजन, अध्ययनका समस्या, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको क्षेत्र तथा सीमा, अध्ययन विधि र अध्ययनपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

अध्ययनपत्रको दोस्रो परिच्छेदमा लोकगीतको सैद्धान्तिक चिनारी प्रस्तुत गरिएको छ । प्रस्तुत परिच्छेदमा पुस्तकालयीय विधिको प्रयोग गरी लोकगीतको परिचय, लोकगीतका विशेषता, लोकगीतका तत्त्वलाई यसै खण्डअन्तर्गत समेटिएको छ । तेस्रो परिच्छेदमा सरस्वती लामिछानेको सङ्क्षिप्त जीवनी प्रस्तुत छ । उनको गायनयात्रा, संलग्नता, सम्मान तथा पुरस्कारलगायतका विवरण यसै परिच्छेदमा सङ्गृहीत छन् । अध्ययनपत्रको चौथो परिच्छेदमा सरस्वती लामिछानेले गाएका गीतको सङ्कलन गरी वर्गीकरण र अध्ययन गरिएको छ । उनका गीतमा रहेका गुण र विशेषता पहिचान गरी विश्लेषण गर्ने कार्य यसै परिच्छेदमा गरिएको छ । अध्ययनपत्रको अन्तिम परिच्छेदमा उपसंहार प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सबै परिच्छेदको सामान्य सारांश प्रस्तुत गरी अध्ययनपत्रको निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी विभिन्न परिच्छेद र उक्त परिच्छेद अन्तर्गत विभिन्न खण्ड उपखण्डमा विभाजन गरी एउटा पूर्ण अध्ययनपत्र तयार पारिएको छ ।

सरस्वती लामिछानेले प्रकाशन गरेका गीतमा विभिन्न विशेषता पाइन्छन् । उनका गीतमा सरलता र लयात्मकता छ । उनका गीत अलङ्कारविहीन, नैसर्गिक, कृत्रिमताविहीन गुणले युक्त छन् । उनका गीतमा प्रश्नोत्तरात्मकता, अन्त्यानुप्रास, आख्यानात्मकता, आख्यानविहीनता र लोकतत्त्वको प्रधानता पाइन्छ । उनका गीतमा लोकभाषा, लोकभावना, लोकविश्वास र लोकपरिवेश अटाएका छन् । ग्रामीण परिवेशमा भेटिने भाषा, काले, सानु जस्ता पात्रहरू उनका गीतमा प्रयोग भएका छन् । लामिछानेले बेरोजगारको साङ्लोमा

बाँधिएका नेपाली युवाहरू आफ्नो भाग्य र भविष्य खोज्दै रोजगारका लागि विदेशमा होमिनु परेको र परदेशमा दुर्दशापूर्ण जीवन भोग्नु परेको वर्तमानको तितो यथार्थतालाई आफ्ना गीतका माध्यमबाट व्यक्त गरेका छन् । उनका गीतमा विदेश गएका श्रीमान् फर्कने आशामा उसको तस्वीर हेर्दै पति मिलनको बाध्यात्मक आशामा बाँच्न विवश नारीको मनोदशा उल्लेख गरिएको छ । एक मुठी खान र एक सरो लाउनका लागि ऋण काटेर साहुको चर्को ब्याज तिर्न बाध्य हुनुपर्ने ग्रामीण जनजीवनको नियतीलाई उनले गीतमा व्यक्त गरेकी छन् । उनका गीतले सम्पूर्ण युवालाई जन्मभूमिको सम्मान गर्न र स्वदेश मै दस नङ्ग्रा खियाएर बस्न र बाँच्न आह्वानसमेत गरेका छन् ।

## ५.२ निष्कर्ष

नेपाली लोकगीतका क्षेत्रमा आफ्नो पृथक पहिचान बनाउन क्रियाशील सरस्वती लामिछाने कुशल गायिकाको रूपमा देखा परेकी छन् । दुई दर्जनको हाराहारी गीतमा स्वर दिइसकेकी लामिछाने वर्तमानमा पनि गीत सङ्गीतमै क्रियाशील हुन् । निम्न मध्यम वर्गीय परिवारमा जन्मिएर आफ्नै प्रतिभा र साधनाले उनी यहाँसम्म आउन सफल भएकी हुन् । बाल्यावस्थादेखि गीत गुन्गुनाउँदै हिँड्ने गायिका लामिछानेले समय क्रमसँगै विभिन्न स्थानीय तथा राष्ट्रियस्तरका दोहोरी गीत प्रतियोगितामा आफ्नो उपस्थिति देखाएर आफ्नो प्रतिभाको परिचय दिइसकेकी छन् । आफूमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउँदै छोटो समयमै विविध भाव र विषयवस्तु बोकेका गीत गाउन सफल भएकी छन् ।

सरस्वती लामिछाने स्पष्टवक्ता, अनुशासित, मिलनसार र भद्र स्वभावकी स्रष्टा हुन् । उनले गाएका गीतमा नेपाली जनजीवन र माटोको सुगन्ध भेटिन्छ । उनका गीतमा युवायुवतीका मायाप्रेम, छोरीचेलीका कुण्ठा र वेदना ग्रामीण जनजीवनको विपन्न आर्थिक तथा मानव मनका उज्याला, अँध्यारा पाटाहरू अभिव्यक्त भएका छन् । उनले गीतका माध्यमबाट वर्ष दिनमा आउने तीजमा माइत जाने, मीठो मसिनो खाने कल्पनामा रमाउँदै गरेको समयमा घरबाट माइत जान नदिएका, दाजु लिन नआएका दु:ख वेदना उजागर गरेकी छन् । सरस्वती लामिछानेले आफ्नो देशमा पसिना बगाउँदा बगाउँदै पनि सन्तुष्ट नभएर घरखेत धितो राखी बाहिर जानु परेको वर्तमानको तितो यथार्थलाई आफ्ना गीतका माध्यमबाट व्यक्त गरेकी छन् ।

सरस्वती लामिछानेले दोहोरी, तीजे, ख्याली, एकल र भ्याउरे जस्ता विविध प्रकारका गीत गाएकी छन् । उनका गीत लयात्मक गुणले युक्त छन् । सरल र सहज शब्दावलीको प्रयोगले गीत सलल बगेका छन् । उनले गाएका गीत सुन्दा अत्यन्त मिठास र कर्णप्रिय छन् । दोहोरी शैलीका संवादात्मक, ख्यालठट्टा, हाँसोमज्जा र प्रश्नोत्तरात्मकता जस्ता गुणले युक्त उनका गीतले श्रोता दर्शकलाई मनोरञ्जन गराउने सामर्थ्य बोकेका छन् । प्रत्येक पङ्क्तिका बीचमा वा अन्त्यमा अनुप्रास मिलाइएकाले उनका गीतले मधुरता, लयात्मकता र कलात्मकता पस्केका छन् । नेपाली जनजिब्रोमा भिजेका र लोक जीवनमा प्रचलित शब्दको प्रचुर प्रयोगले सरस्वती लामिछानको गीतमा नेपाली लोकजीवनको सौन्दर्य भेटिन्छ । यसका साथसाथै, लामिछानेका युवायुवतीको प्रेम, सामाजिक जीवन र परिवेशको यथार्थ प्रतिबिम्ब र चित्र पर्याप्त मात्रामा प्रयोग भएको पाइन्छ । उनका गीतमा लोकभाका, लोकभावना, लोक विश्वास र लोक परिवेश अटाएका छन् । यिनीहरूको माध्यमले गर्दा उनका गीतको श्रवणबाट लोक जीवनले आफ्नै अन्तर मनका अनुभूति र भावनाहरू छचल्किएको अनुभव गर्न सकिन्छ ।

## ५.३ सुझाउ

नेपाली संस्कार, संस्कृति, सांस्कृतिक सम्पदा, मौलिक पहिचान र गरिमामय अस्तित्व बोकेका गीतको संरक्षण गर्नु वर्तमानको आवश्यकता हो । हाम्रा यस्ता अमूल्य निधि भावी पुस्ताका निम्ति सुरक्षित राख्नु र लोकगीतका भण्डार अभिवृद्धिमा क्रियाशील कलाकर्मीको यथोचित सम्मान गर्नु आजको आवश्यकता र दायित्व हो । यसैक्रममा धवलागिरीमा जन्मेर यसको सेरोफेरोका लोकगीत, भाकाहरूको सङ्कलन र गायनमा सक्रिय सरस्वती लामिछाने जस्ता कलाकार देशका अन्य क्षेत्रमा प्रचलित गीतहरूको सङ्कलन र गायनमासमेत क्रियाशील हुन सके राष्ट्रको सांस्कृतिक एकता अझ बलियो हुने अपेक्षा गर्न सकिन्छ ।

सरस्वती लामिछाने एक क्रियाशील, सिर्जनशील र साधनारत गायिका हुन् । सोहीकारण उनका गीतमा केही दोष पनि रहेका छन् । आगामी दिनमा ती दोषलाई मेटाउँदै लैजान आवश्यक छ । उनले गाएका गीतमा हिजो हाम्रा आमा, दिदी-बहिनी, भाउजु, बुहारीले गाउने गीत सुहाउँदा भेषभुषा र परिवेश फेला पार्न सकिँदैन । त्यसले गर्दा हिजोको हाम्रो पुरानो लोक संस्कृतिको अवसान हुने हो कि भन्ने चिन्ता उनका गीतले निम्त्याएका छन् । वर्तमान समयमा हाम्रो समाजमा दिदी-बहिनीको पर्वका रूपमा रहेको तीजलाई

महङ्गो रेष्टुरामा हुस्की र ब्रण्डीसँग कैद गरिएको छ । जसका कारण हाम्रा मौलिक परम्परा र लोकगीतको नै अन्त्य हुने हो कि भन्ने चिन्ता पनि पैदा गरिदिएका छन् । तर यही संस्कारलाई अंगिकार गरिरहने हो भने दीर्घकालीन रूपमा हाम्रो पहिचान पाउन सकिँदैन तसर्थ यसमा उनी समयमै सचेत हुन आवश्यक छ । किनकि प्रस्तुत अध्ययनपत्रका लागि छनौट गरिएका उनका गीतमा अध्ययन गर्दा राष्ट्र, राष्ट्रियता र आम जनमानसको संसार नियाल्ने प्रयत्न गरे तापनि त्यो भन्दा दुई गुणा ज्यादा गीत जवानी र दुई विपरित लिङ्गी बीचको माया पिरतीको संसारमा भुलेर रुमलिरहेको देख्न सकिन्छ । यसर्थ उनी यो विषयमा समयमै सचेत हुन आवश्यक देखिन्छ ।

प्रस्तुत अध्ययनले मात्र सरस्वती लामिछानेले गाएका गीतको अध्ययन वा अनुसन्धान कार्य पूर्ण हुन सक्दैन । आगामी दिनमा थप उनका गीतको अध्ययनका लागि देहाय बमोजिमका शीर्षक वा क्षेत्रहरू उपयुक्त हुन सक्ने देखिन्छन् :

(क) सरस्वती लामिछानेका गीतमा विषय विधान ।

(ख) सरस्वती लामिछानेका पर्व गीतको अध्ययन ।

(ग) सरस्वती लामिछानेका दोहोरी गीतको अध्ययन ।

(घ) सरस्वती लामिछानेका गीतमा समाज र प्रकृति चित्रण ।

परिशिष्ट खण्ड

*परिशिष्ट : एक*

# सरस्वती लामिछानेले गाएका गीतको सङ्कलन

**१. भन्न नसकेर** (२०७०)

| | | |
|---|---|---|
| **स्वर** | : | **सरस्वती लामिछाने र रामजी पौडेल** |
| **शब्द लय** | : | **रामजी पौडेल** |
| **रेकर्डिङ** | : | **मालश्री स्टुडियो, काठमाडौं** |
| **उत्पादक** | : | **रक्षा म्यूजिक प्रा.लि., काठमाडौं** |

**केटी :** हे झन्-झन् दुरी लम्बिदै गहिरह्यो ।
मनको रहर मनैमा रहिरह्यो ।
भन्न नसकेर म आज यसरी रुन परेको
तिमी झैँ निष्ठुरी बन्न नसकेर ।
म आज यसरी रुन परेको
तिमी झैँ निष्ठुरी बन्न नसकेर ।

**केटा :** हे मनको इच्छा भएन पुरानी
तिम्लाई भन्न पर्ने केही कुरानी
भन्न नसकेर म आज यसरी रुन परेको
तिमी झैँ निष्ठुरी बन्न नसकेर ।
म आज यसरी रुन परेको
तिमी झैँ निष्ठुरी बन्न नसकेर ।

**केटी :** हे जसलाई दिलमा लुकाए छुपाए
उसलाई आफ्नो बनाउने उपाय
भन्न नसकेर ...।

**केटा :** हे माया गरे कमजोरी यही भयो
जस्तो नहोस् भनाथे तेही भयो ।
भन्न नसकेर ...।

**केटी :** जानी बेला समाउँदै हातैमा
कि मारिदेऊ कि लैजाऊ साथैमा
भन्न नसकेर म आज रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर ।
**केटा :** भए तिम्रै मायाकै शिकार
सम्झे लाग्छ आफैँलाई धिकार
भन्न नसकेर म आज रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर ।

**केटी :** जस्लाई दिलमा लुकाए छुपाए
उसलाई आफ्नो बनाउने उपाए
भन्न नसकेर म आज रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर ।
**केटा :** त्यो दिलभित्र फुल्ननी सकिनँ
मनमा बस्यौ भुल्ननी सकिनँ
भन्न नसकेर म आज रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर ।

**केटी :** तिमी बिना यो संसार रितै छ
रुँदै रुदैँ जिन्दगी बित्दैछ ।
भन्न नसकेर म आज रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर ।
**केटा :** यही मायामा हराउँदै गइसके
तिमी विना नबाँच्नी भइसके
भन्न नसकेर म आज रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर ।

❖❖❖

## २. अलिअलि रङ्ग छ (२०७०)

**स्वर** : **सरस्वती लामिछाने र चोलेन्द्र पौडेल**
**शव्द** : **पशुपति शर्मा**
**रेकर्डिङ** : **रक्षा म्यूजिक प्रा.लि.**

**केटा :** हे एकान्तमा हराउन थाल्या' छु ।
कसैलाई मन पराउन थाल्या' छु ।
अलिअलि रङ्ग छ, अलिअलि डर छ
मैले आँखा झिम्काएँ, उनले पनि झिम्काइन्
ओइ दाइ ! अब हाम्रो माया बस्न के-के हुन पर्छ ?
सँगै डुल्न पर्छ कि संसार भुल्न पर्छ ?
एँ ओइ दाइ ! अब हाम्रो माया बस्न के-के हुनुपर्छ ?

**केटी:** हे जब भेट्छु म उनीसँग
आऊँछ मनमा अनेकौ तरङ्ग
अलिअलि रङ्ग छ अलिअलि डर छ
उनले आँखा झिम्काएँ, मैले पनि झिम्काएँ ।
ओइ दाइ ! अब हाम्रो माया बस्न के-के हुन पर्छ ?
सँगै डुल्न पर्छ कि संसार भुल्नु पर्छ ?
ओइ दाइ ! अब हाम्रो माया बस्न के-के हुनु पर्छ ?
सँगै डुल्न पर्छ कि संसार भुल्नु पर्छ ?
ओइ दाइ ! अब हाम्रो माया बस्न के-के हुनु पर्छ ?

**केटा :** हे पहिला माया कहीँ कतै ला' छैन
कस्तो लक्षण देखिन्छ थाहा छैन
अलिअलि रङ्ग ...।

**केटी :** हे न हाँस्नी हो न सँगै रुनी हो ।
मेसै छैन के गरी हुनी हो
अलिअलि रङ्ग ...।

**केटा :** हे भेट नहुँदा भन्छ मन जिस्कने
भेटेपछि बोली ननिस्कनी
अलिअलि रङ्ग ...।

**केटी** : हे कता जाम् र के गरम् गराउँछ
आँखा बोल्छ मुख वौल्नै डराउँछ
अलिअलि रङ्ग ...।

❖❖❖

## ३. अँधेरीमा जूनतारा (२०७०)

**स्वर** : **सरस्वती लामिछाने र वसन्त थकाली**

**शव्द/लय** : **तारापति सुवेदी**

**रेकर्डिङ** : **मालश्री रेकर्डिङ**

*पानी पऱ्यो कहाँ पऱ्यो असिना*

*लैजाउ रुमाल पुछौंला पसिना*

*छोडी जान सकिनँ मैले*

*सँगै जाम् भो रोक्दैन कसैलै*

*अँधेरीमा जून तारा, अँधेरीमा जून तारा,*

*उजेलीमा झुल्के घाम हिँड माया सँगै जाम्*

**कोरस :** तिम्लाई टाढा मलाइ नि टाढा

माछी काँडे डाँडैमा घर सार

**केटा :** के जिन्दगीको साहारा भइदेऊ

दुःखसुःख जे पर्छ रमाइदेऊ

अँधेरीमा जून तारा, अँधेरीमा जूनतारा,

उजेलीमा झुल्के घाम हिँड माया सँगै जाम्

**केटी :** जन्मेकी हुँ म तिम्रै लाई भनी

तिमी जहाँ हौ तेही हुन्छु म पनि

अँधेरीमा जून तारा, अँधेरीमा जून तारा,

उजेलीमा झुल्के घाम हिँड माया सँगै जाम्

पानी पऱ्यो कहाँ पऱ्यो असिना

लैजाउ रुमाल पुछौंला पसिना ।

**केटा :** जिन्दगी हाँसखेल झैँ जानी भो
तिम्लाई पाउनु मै भाग्यमानी हो
अँधेरीमा जून तारा... ।

**केटीः** नछुटाइदेऊ ईश्वरलाई भनिछु
तिमी छौ र धरतीमा पनि छु
अँधेरीमा जून तारा... ।

**कोरसः** तिमी टाढा म पनि टाढा
माछी काँडे डाँडैमा घर सार

**केटा :** तिम्लाई भेटे दुई दिनको चोलाम्
नभेटेमा के गर्थे होला म
अँधेरीमा जून तारा... ।

**केटी :** तिमी मेरो म तिम्रो हुन
यहीँ जुनीमा लेखेको जन्मिन
पनि पऱ्यो कहाँ पऱ्यो असि...।

❖❖❖

## ४. पापी मायाले (तीज गीत-२०७०)

**स्वर** : **सरस्वती लामिछाने**

**शव्द, लय, सङ्गीत** : **रामजी पौडेल**

**रेकर्ड** : **मालश्री स्टुडियो, काठमाडौ**

**उत्पादन** : **पुष्पाञ्जली म्यूजिक प्रा.लि.**

हे सिफनको सारी लरक्कै पारी
लाम्कि नलाम् बनायो, पापी मायाले[३]
मलाई लाम्कि नलाम् बनायो पापी पायाले
हे साथी सँगी सबै हिँडे सायद छाडी
जाम्कि नजाम् बनायो पापी मायाले३
मलाई जाम्कि नजाम् बनायो पापी मायाले
हैरान बनायो पापी मायाले
रोइरहने बनायो पापी मायाले
लाम्कि नलाम् बनायो, पापी मायाले[२]
ओइ जाम्कि नजाम् बनायो पापी पायाले
जाम् कि नजाम् बनायो पापी मायाले ।
हे लाउथेनी खाली ओठैमा लाली
लाम्कि नलाम् बनायो पापी मायाले [३]
मलाई लाम्कि नलाम् बनायो पापी मायाले
हे माइत जान्छु भन्दा निहुँ खोज्ने खाली
जाम्कि नजाम् बनायो पापी मायाले [३]
हैरानै बनायो पापी मायाले
रोइरहने बनायो पापी मायाले
लाम्कि नलाम् बनायो पापी मायाले[२]
जाम्कि नजाम् बनायो पापि मायाले [२]
हे तीजको बेला पनि बस्नु पर्ने पिरमा
जाम्कि नजाम् बनायो पापी मायाले ।[२]

## ५. आऊ माया सरर (तीज गीत-२०७०)

| | | |
|---|---|---|
| **स्वर** | : | **सरस्वती लामिछाने, तारापति सुवेदी, जीवन दाहाल** |
| **शब्द, लय** | : | **तारापति सुवेदी र जीवन दाहाल** |
| **रेकर्ड** | : | **साई भिजन प्रा.लि.** |

**केटी :** तीजैको बेला रमाइलो गरौं गाएर नाचेर
के हुनी छर जानेको कुरा **मनमा साचेर**[२]
आऊ माया सरर हातमा रुमाल हल्लाउँदै फरर[४]
**केटा :** तिमी झैं नाँच्न जान्दिन होला कम्मर मर्काउँदै
बसेर हामी हेरौला नाँच **थपडी पड्काउँदै**[२]
आऊ माया सरर रातो सारी लर्काउँदै फरर[४]

**केटी :** रङ्ग र चङ्ग रमाइलो थोरै ननाचे कहाँ हुन्छ,
नाच्नीको हिँडाइ गाउनीको बोली **सुनेसी थाहा हुन्छ**[२]
आऊ माया सरर हातमा रुमाल हल्लाउँदै फरर[४]
**केटा :** जानेत गाउले नाच्नी हो सानी आउँदैन के गर्ने
तिमीलाई जस्तो तिजको रङ्ग **लाउँदैन के गर्नी** ?[२]
आऊ माया सरर रातो सारी लर्काउँदै फरर[४]

**केटी:** बसिन्छ ब्रत नाचिन्छ ढल्की आफु त मजाले
कुनै काम पनि बन्दैन हेर **बसेर लाजले**[२]
आऊ माया सरर हातमा रुमाल हल्लाउँदै फरर[४]
**केटा :** पानी नी नखाई बसेर ब्रत छौं शिव पुजेकी
बसिछौ ब्रत ब्रतको अर्थ **छ छैनौ बुझेकी**[२]
आऊ माया सरर रातो सारी लर्काउँदै फरर[४]

**केटी :** थाहा छैन तिम्लाई महादेव पुजी के गर्न खोजीछु
जिन्दगी जानी गतिलो वर **यही ठाउँमा रोजीछु।**[२]
आऊ माया सरर हातमा रुमाल हल्लाउँदै फरर[४]

**केटा :** महादेवसँग वर माग्यौ तिम्ले कस्तो वर जुऱ्याउँछ
यही सालमा तिम्रो हुन्छ बिहे **अर्को साल पुऱ्याउँछन्**[२]
आऊ माया सरर रातो सारी लर्काउँदै फरर[४]

**केटी :** संयोगले हो कि भाग्यले होला यही आ'छ आऊन त
जिउडालनी चट्ट रूप पनि राम्रो **के गर्छु पाउन त**[२]
आऊ माया सरर हातमा रुमाल हल्लाउँदै फरर[४]

**केटा :** तिमीले भन्न सकिनौ भने भन्दिमला बरु म
कुन चाहिँलाई रोजौं नढाँटी भन **यहाँ आ'कोहरूमा**[२]
आऊ माया सरर रातो सारी लर्काउँदै फरर[४]

❖❖❖

## ६. माया लाउँदैन र ? (२०७०)

**स्वर : सरस्वती लामिछाने र मेग थापा निश्चल**

**शव्द : अर्जुन खनाल**

**रेकर्ड : मालश्री स्टुडियो, काठमाडौं**

**उत्पादन : रक्षा म्यूजिक प्रा.लि.**

**केटा :** संसार भुली तिम्रै ज्यान बन्दानी
मुटु चुडी दिँदैछु भन्दानी
माया लाउदैन र ?
मलाई भने छिन-छिन मै याद आऊनी
सानु तिम्लाई आउँदैन र ?

**केटी:** मेरो हजुर यति याद आऊदैन
दिन कटाउँछु रातमा निद लाउँदैन
माया लाउँदैन र...।

**केटा :** सानु को याद आऊँदैन यति त
जून तारा नहोलान् तेतित
माया लाउँदैन र...।

**केटी:** जति सम्झेयो उति मन जलाउछ
धड्कन सँगै तिम्रो नाम चल्याछ
माया लाउँदैन र...।

**केटा :** तिम्लाई छोड्नै मान्दैन मन त
आत्मै देखि नढाटी भन त
माया लाउँदैन र...।

**केटी:** शहर छैन कही तेस्तो गाउँ छैन
तिम्रो याद नआऊनी ठाउँ छैन ।
माया लाउँदैन र...।

## ७. उपन्यास (२०७१)

**स्वर : सरस्वती लामिछाने र कृष्ण अखेली**

**शव्द संकलन : सन्देश पौडेल र शिव अखेली**

**उत्पादन : जनता डिजिटल प्रा.लि.**

**केटा :** आँसु पिउँछु (काँडामा टेक्याछु)[२]
घाइते मनको उपन्यास लेख्याछु
सानु तिम्रो बजारमा जान बाँकी छ ।
अब धेरै लेख्दिन भन्यौ सानु लेख्दा लेख्दै किताबै बन्यो सानु
कहानीलाई पूरा गर्न अन्तिम पाना बाँकी छ ।
काँडामा टेक्याछु घाइते मनको उपन्यास लेख्याछु
सानु तिम्रो बजारमा जान बाँकी छ ।
अब धेरै लेख्दिन भन्यौ सानु लेख्दा-लेख्दा किताबै बन्यो सानु
कहानीलाई पूरा गर्न अन्तिम पाना बाँकी छ ।[२]
**केटी:** अन्तिम भेटमा (भनेका केही कुरा)[२]
एक नम्बरमा लेखेछु त्यही कुरा
सानु तिम्रो बजारमा जान बाँकी छ ।
अब धेरै लेख्दिन भन्यौ सानु लेख्दा-लेख्दै कहानी बन्यो सानु
त्यहीँ कहानी पूरा गर्न अन्तिम पाना बाँकी छ । [२]

**केटा :** मेरो खुसी (खोसेर कुन हाँसो)[२]
दोस्रो पेजमा पोख्याछु गुनासो
सानु तिम्रो बजारमा जान बाँकी छ ...।
**केटी:** सिरानीले (ओभाउन चाहनी)[२]
भिजेका दुई नयनको कहानी
सानु तिम्रो बजारमा जान बाँकी छ ...।

**केटा :** बरु भन्नु (लेखकलाई चिन्दिन)[२]
नभन्नु है त्यो किताब किन्दिन
सानु तिम्रो बजारमा जान बाँकी छ ...।
**केटी:** किन छुट्टिम (तिमी र म सानु)[२]
मनले उत्तर खोजेको छ सानु
सानु तिम्रो बजारमा जान बाँकी छ... ।
❖❖❖

## ८. सम्भी रुदैँछु (२०७१)

**स्वर : सरस्वती लामिछाने र चन्द्रा क्षत्री**

**शब्द : चन्द्रा क्षत्री**

**रेकर्डिङ : आचार्य डिजिटल, पोखरा**

*सम्भी रुदैँछु वैगुनीको मायामा पागल हुँदैछु ।*

**केटा :** हे पैला भन्थेऊ फूल जस्तै बसायौ
ऐले किन सतुर हँसाऊ
सम्भी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटी :** हे पैला पैला चाहन्थेऊ ज्यान दिन
ऐले किन छोड्दिऊ ध्यान दिन
सम्भी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटा :** हे तिम्लाई होला सुख र चयन
यता मेरा ओभाएनन् नयन
सम्भी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटी :** सबै आँसु भैसके बन्द
छोडेऊ किन छुवाएर सम्बन्ध ।
सम्भी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटा :** आफैँ चाहेऊ मबाट हराउन
किन खोज्छेऊ, बदनामा बनाउन ।
सम्भी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटी :** आँसु पनि सकिए वगेर
चोखो माया भागेसी ठगेर
सम्भी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटा :** मेरो जीवन कस्तो भो
फूल विनाको बगैँचा जस्तो भो
सम्झी रुदैछु  बैगुनीको मायामा पागल हुँदैछु ।
**केटी:** हे चोखो माया चारतिर जोडेर
के पायौ त दुःखीलाई छोडेर
सम्झी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटा :** हे जसको लागि ज्यान राखे दाउमा
रुन पऱ्यो उसैको नाउँमा
सम्झी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।
**केटी :** हे स्वार्थी संसार क्या साहै घाती छ
बरु माया नलाकै जाती छ ।
सम्झी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटा :** रुन पनि सकिनँ चाहेर
बरु विष खुवाइदेऊ आएर
सम्झी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।
**केटी :** हे पैला हुन्थ्यो फूल माथि बसे झैँ
ऐले भा'छ आकाशै खसे झैँ
सम्झी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

**केटा :** कति बस्नु धोरिदै टोलाउँदै
आऊथे कि झैँ लाग्दछ बोलाउँदै
सम्झी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।
**केटी :** हे पैला हुन्थ्यो फूल माथि बसे झैँ
ऐले भा'छ आकाशै खसे झैँ
सम्झी रुदैँछु बैगुनीको मायामा पागल हुँदैछु ।

❖❖❖

## ९. चढ्यो-चढ्यो जवानी (२०७२)

**स्वर : सरस्वती लामिछाने**
**शव्द संकलन : रामजी पौडेल**
**रेकर्ड : प्रिज्म स्टुडियो, काठमाडौ**
**उत्पादन : रक्षा म्यूजिक**

*चढ्यो चढ्यो जवानी कल्ले होला लानी चढ्यो चढ्यो जवानी*

**केटा :** अस्ति भन्दा हिजो राम्री हिजो भन्दा आज
भरिएर होला वैश मान्न थालिन लाज
चढ्यो चढ्यो जवानी कल्ले होला लानी चढ्यो चढ्यो जवानी
ख्याल गर है नानी चढ्यो चढ्यो जवानी
पातलो ज्यान मोटो भो लाको लुगा छोटो भो
चढ्यो चढ्यो जवानी ...

**केटी:** तनै भरी मनै छायो लाली रङ्ग
ऐना हेर्छु आफैँसँग आफैँ हुन्छु दङ्ग
चढ्यो चढ्यो जवानी...
कल्ले होला लानी चढ्यो चढ्यो जवानी[२]
चोली भयो टिमिक्कै आँखा भयो झिमिक्क
कल्ले होला लानी चढ्यो चढ्यो जवानी

**केटा :** अप्सरा नै आए झैँ भो स्वर्गबाट झरी
कस्तुरी झैँ बास्ना छर्दै हिँडदेऊ वरिपरि
चढ्यो चढ्यो जवानी...

**केटी :** १५ पुगि १६ लागे ऐले वैशाखदेखि
केटाहरू जिस्काइ राख्छन् बाटो छेकी-छेकी
चढ्यो चढ्यो जवानी...

**केटा :** तिम्रो अघि जुनतारा नि मधुरो झै लाउनी
को होला त्यो भाग्यमानी यति राम्री पाउनी
चढ्यो चढ्यो जवानी...

**केटी:** फूल फुलेसी भमरा त आऊदा रैछन् धेरै
अझैँ पनि दोधार भाछु कस्लाई भनम् मेरै
चढ्यो चढ्यो जवानी...

❖❖❖

## १०. फुल्यो सुनाखरी २०७२

**स्वर : सरस्वती रामजी**

**शब्द : रामजी पौडेल**

**रेकर्ड : नमस्ते पोखरा रेकर्डिङ**

फुल्यो सुनाखरी स्वर्ग जस्तो
पञ्चासे क्षेत्रलाई चिनाऊ विश्वभरी ।
पञ्चासे वन संरक्षित भा'को छ ।
सबको मनमा उमङ्ग छा'को छ
फुल्यो सुनाखरी

नयाँ स्वरूप पञ्चासे अहिलेको
नौ गाविस ओगटी फैलेको
फुल्यो सुनाखरी

दुलर्भ जन्तु चराको बास
हुँदै गाँछ पर्यटन विकास
फुल्यो सुनाखरी
राम्रो हुन वन जङ्गल मासे
फेवातालको मुहान हो पन्चासे
फुल्यो सुनाखरी
सारै सुन्दर पञ्चासे क्षेत्र
शखौ सधैँ सफा र पवित्र
फुल्यो सुनाखरी

❖❖❖

## ११. आऊनी जानी बसैंको (२०७२)

**स्वर : सरस्वती लामिछाने र कृष्ण अखेली**
**शव्द संकलन : शिव अखेली**
**उत्पादन : उज्यालो म्यूजिक**

**केटा :** हे ला'को खर्च व्यरम्ला आधा-आधा चिजमा
तिमी अनि म भएर यस पालिको तीजमा[२]
जाम्ला माया पोखरा घुमम्ला, फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटी :** हेऽऽऽ छोरी मान्छे मान्नु पर्ने घरकाले जे भन्छन्
आमाले त जा भनिन्छन् बाले कुन्नि के भन्छन्[२]
जाम्ला माया पोखरा घुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटा:** हेऽऽऽ परारसम्म सरम मान्थे पोहोर खिस्स हाँसियो
गाको वैशाखदेखि वल्ल माया पिरिम गाँसियो[२]
जाम्ला माया बटौली घुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटी:** हेऽऽऽ चन्द्रमुखी मुहारमा लाली पाउडर किरिम
दिन पुगेसी आफैँ बस्दो रैछ माया पिरिम[२]
जाम्ला माया बटौली घुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटा :** हेऽऽऽ जति खर्च लागे पनि चितवन त जानी हो ।
बरु माछा मासु नखाई सादा दाल भात खानी हो ।[२]
जाम्ला माया नारायणघाट घुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटी:** हेऽऽऽ सौराहामा मामा माइजू भरतपुरमा काकी छन् ?
फोन गरेर भन्दिछिन् कि भान्जि घुम्न आकिछिन् । [२]
जाम्ला माया पोखरा घुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटा :** हेऽऽऽ राहात पाय कि होलान् कि नाई पीर छ यति कुराको
भुइँचालो सबैभन्दा धेरै क्षती पूराको [२]
जाम्ला माया गोर्खामा धुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटी:** हेऽऽऽ मनकामना मन्दिरको दर्शन पनि हुनि भो
जस्तो मनले चाहे कि थिए त्यस्तै कुरा पुग्नि भो । [२]
जाम्ला माया गोर्खामा धुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटा :** हेऽऽऽ कोइले भन्छन् धरान राम्रो कोइले भन्छन् धनगढी
मैले भन्छु बाग्लुङ्ग राम्रो त्यो भन्दा झन् बढी[२]
जाम्ला माया बाग्लुङमा घुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

**केटी:** हेऽऽऽ कुश्मा गैया अग्लो पुलको अवलोकन गरौला
बलेवा र कुश्मा जोड्ने केवुलकारमा चढौला[२]
जाम्ला माया कुश्मामा घुमम्ला फिरम्ला तिम्ले तिर खानाको
मैले दुवै जनाको आऊनी जानी बसैको भाडा तिरम्ला[२]

❖❖❖

## १२. कम्मर दुख्न थाल्यो (तीजगीत-२०७२)

**स्वर : सरस्वती लामिछाने र शोभित वि.क.**

**शव्द : विकास पुन र धनु परियार**

**उत्पादक : शिवदर्शन डिजिटल**

**केटी:** लौन तीजको रमाइलो मेला
के भो के भो मलाई यहि बेला
मेरो त कम्मर दुख्न थाल्यो ।
फन फनी घुमेर उठेर बसेर अब त नाच्नी तिम्रो पालो
रमाइलो मेलामा के भो मलाई यही बेलामा मेरो त कम्मर दुख्न थाल्यो ।
फनफनी घुमेर उठेर बसेर अब त नाच्नी तिम्रो पालो
हो ओई अब त नाच्ने तिम्रो पालो ।

**केटा:** भाच्देऊ कम्मर मादलको तालैमा
आऊछ तीज एक चोटी सालैमा
अबत कम्बर दुख्न थाल्यो
तीजको गीतमा नाच्दैनन् पुरुष यो तीजमा नाच्ने तिम्रो पालो
आहो यो तीजमा नाच्ने तिम्रो पालो ।

**केटी:** रहर जाग्यो यो तीजमा नाच्न लाई
दुख्यो कम्मर सकिन भाँच्नलाई

**केटा :** रातो सारी कम्मर टिमिक्क
नाच आँखा झिम्काउँदै झिमिक्क ।

**केटी:** मैले गाउँछु बजाउँदै तालि
तिमी नाच्यौं तीजमा यसपालि
मेरो त कम्मर दुख्न थाल्यो ।

फन फनी घुमेर उठेर बसेर अब त नाच्नी तिम्रो पालो
होओई नाच्ने तिम्रो पालो ।

**केटा :** पुरुष नाच्दा भन्छन्कि जात्रा भो
भन्छन् तीज नारीको मात्र हो ।
नभन कम्मर दुख्न थाल्यो
तीजको गीतमा नाच्दैनन् पुरुष यो तीजमा नाच्ने तिम्रो पालो
होओई यो तिजमा नाच्ने तिम्रो पालो ।

**केटीः** नछुटाइदेऊ नारीको भनि
दशैं तिहार झैँ मनाउ तीज पनि
मेरो त कम्मर दुख्न थाल्यो ।
फन फनी घुमेर उठेर बसेर अब त नाच्नी तिम्रो पालो
हा हो नाच्ने तिम्रो पालो

**केटा :** सुर्धारनु छ भएका गल्तिलाई
जोगाउनु छ चलन चल्तिलाई
नभन कम्मर दुख्न थाल्यो
तीजको गीतमा नाच्दैनन् पुरुष यो तीजमा नाच्ने तिम्रो पालो
होओई यो तिजमा नाच्ने तिम्रो पालो ।

**केटीः** सम्झना होस् सधै यो वर्षको कमि नहोस् हाँसो र हर्षको

**केटा :** छैन कमि कुनै चिजमा
तिम्रो चर्चा अहिलेको तीजमा

❖❖❖

## १३. जागिर ठूलै होला (तीज गीत-२०७२)

| | | |
|---|---|---|
| **स्वर** | : | **सरस्वती लामिछाने र कृष्ण अखेली** |
| **शव्द/लय** | : | **शिव अखेली समिप कुमार घिमिरे** |
| **रेकर्ड** | : | **प्रिज्म रेकर्डिङ स्टुडियो, काठमाडौं** |
| **उत्पादन** | : | **उपमा डिजिटल प्रा.लि.** |

**केटी:** हे हिँड्दा खेरी सिङ्गापुरे सारीलाई
वारी देख्दा पारी कुरा काट्छन् बाई
सबैले यही भन्छन् कस्की दुलही हो
गलामा सुन देख्दा, हातमा फोन देख्दा
सबैले त्यही भन्छन्, यस्का बुढाको जागिर ठुलै होला ।
यस्का बुढाको जागिर ठुलै होला ।

**केटा :** हे हिल चप्पल लाउ पाउँमा काँडा बिझाउँछन्
सारी माथि अरु लाउदा गिज्याउँछन्
देख्नीले यही भन्लान् कस्की दुलही होला ?
गालामा सुन देख्दा हातमा फोन देख्दा
सबैले त्यही भन्लान् यस्का बुढाको जागिर ठुलै होला
यस्का बुढाको जागिर ठुलै होला ।
यस्का बुढाको जागिर ठुलै होला ।

**केटी:** हे बैङ्कमा व्यालेन्स एटीएम कार्ड साथमा
कानमा एयर फोन आईफोन हुदाँ हातमा
सबैले यही भन्छन् कस्की दुलही हो ...।

**केटा :** हे जस्तो जिउ डाल उस्तै रूप रङ्ग छ
सिल सोभासकी बोल्नमा क्या ढङ्ग छ
देख्नीले यही भन्लान् कस्की दुलही होला ...।

**केटी:** हे संगिनीको जन्म दिनको पाटीमा
पाटे सिक्री लगाई गाको घाटीमा
सबैले यही भन्छन् कस्की दुलही हो ...।

**केटा :** हे झुम्कालाई कान टिकियालाई निधार
बस्दा तिमी तीजको गीत गिधार
देख्नीले यही भन्लान् कस्की दुलही होला ...।

**केटी:** हे सो रुममा गई कुर्था किन्न खोजेको
चानचुन होइन २०,००० हजारको रोजेको
सबैले यही भन्छन् कस्की दुलही हो ...।

**केटा :** हे लाउलाउ पाउजु नराखु त्यो बाकसमा
छमछम नाच्ने धुलो उडाउँ आकाशमा
देख्नीले यही भन्लान् कस्की दुलही होला ...।

**केटी:** हे तीजको गीतमा हाम्री आमा नाचेको
त्यही देखेर मैले कम्मर भाँचेको
सबैले यही भन्छन् कस्की दुलही हो ...।

**केटा :** हे काधमा सारी कति राम्रो नचरी
कम्मर भाँच्न सिकि होली कसरी ।
देख्नीले यही भन्लान् कस्की दुलही होला ...।

**केटी:** हे चाँदीले पाउँ गला सुनले भरिन्छ
पैसा वालासँग बिहे गरीन्छ ।
सबैले यही भन्छन् कस्की दुलही हो ...।

**केटा :** हे लाउन खान केसैमानी कम नहोस्
तिम्लाई भेट्ने कसैकोनी दम नहोस्
देख्नीले यही भन्लान् कस्की दुलही होला ...।

❖❖❖

## १४. अमेरिका भन्ने ठाउँ ओवामाको देश (२०७३)

**स्वर : सरस्वती लामिछाने र शिव अखेली**
**शव्द संकलन : शिव अखेली**
**रेकर्ड : आचार्य रेकर्डिङ, पोखरा**
**उत्पादन : हमाल म्यूजिक, काठमाडौं**

*अमेरिका भन्ने देश ओवामाको देश*
*पैसा तिरेर तल्लो बाटो छिरेर जान भन्दा नेपालमै हलो जोत्न वेश*

**केटीः** हा होइ माने ग्रीनकार्ड तिरे तागत
तलाई पाउन पचास लाख लागत
अमेरिका भन्ने देश ओवामाको देश
पैसा तिरेर तल्लो बाटो छिरेर जान भन्दा
नेपाल मै गिटी गुट्न वेश ।

**केटा :** हा ओइ भा'को यस्तै चालीस पचास लाख लगानी
धितो राखि भा'को घर जग्गानी
अमेरिका भन्ने देश ओवामाको देश
तल्लो बाटो छिरेर जान भन्दा
नेपाल मै हलो जोत्न वेश ।

**केटीः** हा ओई तेती धेरै पैसा नि तिर्नु छ ?
ज्यानलाई जोखिम मोलेर छिर्नु छ
अमेरिका भन्ने देश ओवामाको देश
पैसा तिरेर तल्लो बाटो छिरेर जान भन्दा
खोले र सिस्नो खाना बेश ।

**केटा :** हा होई मत भन्छु कोही विदेश नजाओ
यही पसिना बगाउन मजा हो

अमेरिका भन्ने देश ओवामाको दश
तल्लो बाटो छिरेर जान भन्दा खोले र सिस्नो खाना वेश
हा ओई मत भन्छु कोइ विदेश नजाओ ।

**केटीः** हा ओई कान्छो भाइनी उही जान बल गर्यो
पैसा मागेथ्यो नदिएको कल गर्यो
अमेरिका भन्ने ठाउँ ओवामाको देश
तल्लो बाटो छिरेर जान भन्दा
नेपाल मै गरौ कुनै पेशा

**केटा :** हो हो अमेरिकन डलरै हरियो
जा हरियो त्यही मान्छे भरियो
अमेरिका भन्ने ठाउँ ओवामाको देश
पैसा तिरेर तल्लो बाटो छिरेर जान भन्दा
नेपालमै गरौ कुनै पेशा

**केटाः** हा ओइ कोही मेक्सीको कोही पुगे पानामा
कोई अमेरिकन फुलीको ठानामा
अमेरिका भन्ने ठाउँ ओवामाको देश
जान भन्दा पुनर्निर्माण काममा लाग्न बेश ।

**केटीः** ओइ युएस जानी भा'को छ फोन मै
साउदी कतार भन्दैनन् देश नै
अमेरिका भन्ने ठाउँ ओवामाको देश
❖❖❖

## १५. देउरालीको चौतारीमा (२०७३)

| | | |
|---|---|---|
| **स्वर** | **:** | **सरस्वती लामिछाने र हस्त के.सी** |
| **शव्द** | **:** | **गणेश पौडेल** |
| **रेकर्ड** | **:** | **आचार्य डिजिटल, पोखरा** |

देउरालीको चौतारीमा सधैँ टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्झेर आउनी जानी गर...

**केटा :** हे जादैँ छु म मायालु भेट्नलाई
सयौ दिनको अत्यार मेट्नलाई
देउरालीको चौतारीमा सधै टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्झेर आउनी जानी गर..

**केटी:** हे सजायर हजारौँ सपनी
तड्पियर बसिछु म पनि
देउरालीको चौतारीमा सधै टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्झेर आउनी जानी गर...

**केटा :** हे धेरै पछि हाम्रो भेट हुदैछ
अतितका दिन सम्झी मन रुदैछ
देउरालीको चौतारीमा सधै टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्झेर आउनी जानी गर...

**केटी:** हे समयले छुटायो हाम्रो साथ
त्यही पल सम्झी रोइरहे धेरै रात
देउरालीको चैतारीमा सधै टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्झेर आउनी जानी गर...

**केटा :** ठूलो खानदान तिम्रो कुल घरमा
परर्लान् र यो गरीब को भरमा
देउरालीको चौतारीमा सधैं टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्फेर आउनी जानी गर...

**केटी:** हे घर समाजको छोड्देऊ कुरो
तिमि बिना यो जीवन अधुरो
देउरालीको चैतारीमा सधै टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्फेर आउनी जानी गर...

**केटा :** हे गरे मैले मायाको अरपर्ण
जीवन ज्युनी तिमिलाई समर्पण
देउरालीको चौतारीमा सधैं टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्फेर आउनी जानी गर...

**केटी:** तयार छु म नैमती वजाउन
कल्पनाको संसारमा सजाउन
देउरालीको चौतारीमा सधैं टाढा बस्दा मन आत्तिन्छ
कहिलेकाहीँ त सम्फेर आउनी जानी गर...

❖❖❖

## १६. खाली पाउले हिँडदिउँला (२०७३)

**स्वर : सरस्वती लामिछाने र सन्देश पैाडेल**
**शव्द : शिव अखेली**
**रेकर्ड : आचार्य डिजिटल, पोखरा**

**केटा :** मागेको चिज दिउँला जे भनेनी
मुटु झिकी मलाई दे भनेनी
खाली पाउले हिँडदिउँला काडाँमाथि टेकी
हेर सानु परीक्षा लिएर पास गरौला
मैले जाचँ दिएर तिम्लाई मेरो मायामा विश्वास न'भादेखि ।
**केटी:** दुई आँखामा मायाकै चिज होस्
मनमा खेल बसाई दिल भित्र होस्
खाली पाउले हिँडदिउँला काडाँमाथि टेकी
हेर सानु परीक्षा लिएर पास गरौला
मैले जाचँ दिएर तिम्लाई मेरो मायामा विश्वास न'भादेखि ।

**केटा :** भन्छु होला तिम्रो भइन भने
यदि तिमलाई भरोसा छैन भने
खाली पाउले हिँडदिउँला काडाँमाथि टेकी ...।
**केटी:** हासो नजिक दुःख पिर टाँढा होस्
भेट नहोस् पिरति गाँढा होस्
खाली पाउले हिँडदिउँला काडाँमाथि टेकी... ।

**केटा :** दिलमा बनाई देख्या छु घर तिम्लाई
के गरेर दिलाउ खै भर तिम्लाई
खाली पाउले हिँडदिउँला काडाँमाथि टेकी... ।

**केटी:** एउटै मुटु नहोस् दुई पाटोमा
मन दोधारमा पाइला दोबाटोमा
खाली पाउले हिँडदिउँला काडाँमाथि टेकी
हेर सानु परीक्षा लिएर पास गरौला
❖❖❖

## १७. सहकारीकी नानी (२०७३)

**स्वर : सरस्वती लामिछाने र रामजी पौडेल**

**शब्द : शिव अखेली**

**रेकर्ड : आचार्य डिजिटल, पोखरा**

**केटी:** आफु हामी दिनमै भेट भइन्छ
अहिलेसम्म नामै याद रहन्छ ।
सहकारीकी नानी, मत सहकारीकी नानी
सबले खोले खाता हजुरको नी खोल्दिम्ला
बोलाउनु न बोल्दिम्ला ।

**केटा :** के हो नि नाम, को हौ नी कहाँबाट आकी हौ
कैलेबाट यो जागिर खाकी हौ
सहकारीकी नानी
धेरै जसो बाटोमा भेटिन्छ
धेरै याद त देखेनी मेटिन्छ ।

**केटी:** आफु हामी दिनकै भेट भइन्छ
अहिलेसम्म नामै याद रहन्छ ।
सहकारीकी नानी ...।

**केटा :** खाता खोले रैछ धन सङ्लनी
हासे बोले रैछ मन पग्लनी
सहकारीकी नानी ...।

**केटी:** मन मान्दैन यो जागिर नखाइनी
भेट्नु पऱ्यो एक दिन त जसरीनी
सहकारीकी नानी ...।

**केटा :** मन कस्तो छ नाप तौल नै भा छैन

सानो छ कि ठूलो छ थाहा छैन ।
सहकारीकी नानी ...।

**केटीः** हे हे खाता खोलम नाम लेखाउ थर लेखाउ
पसम्लानी कुन चाइ हो घर देखाऊ ।
सहकारीकी नानी ...।

**केटा :** सार्वजनिक विदाको दिननी
देख्न पाए आत्तिनी थिइननी
सहकारीकी नानी ...।

**केटीः** मन मान्दैन यो जागिर नखाइनी
मेट्नु पर्‍यो एक दिन त थकाइनी
सहकारीकी नानी ...।

**केटा :** सानो रैछ हातको झोलानी
झोला सानो मन ठूलो होलानी
सहकारीकी नानी ...।

**केटीः** हे हे मन कस्तो छ नाप तौल नै भा छैन
सानु छ कि ठूलो छ थाहा छैन
सहकारीकी नानी ...।

**केटा :** हाम्रो घरमा पस्दै न पसेनी
दिनकै देख्दा मायामा फसेनी
सहकारीकी नानी ...।

**केटीः** हे हे खाता खोलम नाम लेखाउ थर लेखाउ
पसम्लानी कुन चाइ हो घर देखाऊ
सहकारीकी नानी ...।

❖❖❖

## १८. बाबाजीको आँगनी (तीजगीत-२०७३)

| | | |
|---|---|---|
| **स्वर** | : | **सरस्वती लामिछाने र रामजी पौडेल** |
| **शव्द** | : | **रामजी पौडेल** |
| **रेकर्ड** | : | **आचार्य डिजिटल, पोखरा** |
| **उत्पादन** | : | **हमाल म्यूजिक** |

*तीजैमा छमछम नाच्नी भनेको, बाबाजीको आँगनी भत्किएछ बाई*

**केटा :** हा हा साथी भाइ सबै प्रदेशी भए शून्य छ गाउँ घर
चाड पर्व आएनी माइली के रमाइलो छ र
तीजैमा छमछम नाच्नी भनेको बाबाजीको आँगनी भत्किएछ बाई

**केटीः** हा हा अरु बेला फुरसर्दै हुन्न वर्ष दिनमा टेक्दा
झन् उराठ लाउछ झन् वैराग लाउछ माइती देश देख्दा
तीजैमा छम छम नाच्नी भनेको बाबाजीको आँगन भत्किएछ बाई

**केटा :** हा हा तीज आए पनि के खानु छ र दूध छैन मोइ छैन
बाख्राको पाठो फुस्किए पनि समाइदिने कोइ छैन ।
तीजैमा छम छम नाच्नी भनेको बाबाजीको आँगनी भत्किएछ बाई
न घर ठुल्दाइ न घर सान्दाइ ।

**केटीः** हा हा बाँझै छ खेत बाँझै छ बारी बिरूपै भयो घर पिँढीको डिलमा बसेर
आमा रुन्छिन् धर धर
तीजैमा छम छम नाच्नी भनेको बाबाजीको आँगन भत्किएछ बाई
न घर ठुल्दाइ न घर सान्दाइ ।

**केटा :** वल्लो घर रित्तै पल्लो घर रित्तै बसिछौं आमा धन्न
आटिमा बस्छन् बादरका हुल के जोगिन्थ्यो अन्न
तीजैमा छम छम नाच्नी भनेको बाबाजीको आँगन भत्किएछ बाई

न घर ठुल्दाइ न घर सान्दाइ

**केटीः** हा हा केश फुलेर काँश झैँ भयो भएन तिम्लाई ढुक्क
जति जति बुढेसकाल लाग्यो थपियो दुःख
तीजैमा छम छम नाच्नी भनेको बाब जीको आँगन भत्किएछ बाई
न घर ठुल्दाइ न घर सान्दाइ ।

**केटा :** हा आ बलिया बाङ्गा कोही छैनन् गाउँमा
बुढा पाकालाई पीर
विरामी हुँदा बोकेर कल्ले झारनी हो बेशि तिर
तीजैमा छम छम नाच्नी भनेको बाब जीको आँगन भत्किएछ बाई
न घर ठुल्दाइ न घर सान्दाइ ।

**केटीः** हा आ कसैलाई छैन गाउँघरको माया सबैलाई प्यारो धन
कहिलेसम्म रोइरनी होला ए आमा तिम्रो मन
तीजैमा छम छम नाच्नी भनेको बाब जीको आँगन भत्किएछ बाई
न घर ठुल्दाइ न घर सान्दाइ
बाबाजीको आँगनी भत्किएछ बाइ ।

❖❖❖

## १९. मादलुको ताल (तीजगीत-२०७४)

**स्वर : सरस्वती लामिछाने, जीवन दाहाल र तारापति सुवेदी**
**शब्द : रामजी पौडेल**
**रेकर्ड : भावना म्यूजिक सोलुसन**

**केटी :** हे वर्ष र दिनको तीज आऊदा खेरी
झझल्को आइरनी मलाइ मादालुको ताल -४
हे हो आऊछु त भन्थेउ ढाँटेउ दाई फेरी
ऐले जे भएनी दाजु आऊ है अर्को साल

**केटा :** हा हो म आऊन पाइन तीज आयो होला
झझल्को आइरनी मलाई मादलुको ताल-४
हे बैनीको मन बिजायो होला
अहिले लाई यस्तै भो बैनी आम्ला अर्को साल

**केटी:** हे नआऊछन् माइती न आऊछ चाँड
झझल्को आइरनी मलाई मादलुको ताल-४
हे न भयो मलाई कसैको आड
अहिले जे भएनी दाजु आऊ है अर्को साल-४

**केटा :** हा प्रदेशी दाइको बुझिदेऊ मर्म
झझल्को आइरनी मलाई मादलुको ताल-४
हा के गरौ बैनी यस्तै छ कर्म
ऐले लाई यस्तै भो बैनी आम्ला अर्को साल

**केटी:** हे देउराली गए जेठानी गए
झझल्को आइरनी मलाई मादलुको ताल-४
हे म पनि जान्थे बा आमा भए
अहिले जे भएनी दाजु आऊ है अर्को साल-४

**केटा :** हा नरोउन बैनी म छिट्टै आम्ला
झझल्को आइरनी मलाई मादलुको ताल
हा अर्को साल तीजमा सँगै दर खाम्ला
अहिले लाई यस्तै भो बैनी आम्ला अर्को साल ।

**केटीः** हे आऊ दाजु घर यही दुःख गर
झझल्को आइरनी मलाई मादलुको ताल
हे माइती भैँ प्यारो अरु को छर
अहिले जे भएनी दाजु आऊ है अर्को साल

**केटा :** हा मनाउ है चाड नमानी पिर
झझल्को आइरनी मलाई मादलुको ताल
हा कसैको अघि नझुकाउँ शिर
अहिले लाई यस्तै भो बैनी आम्ला अर्को साल ।

❖❖❖

## २०. तिरिरी बासुरी धुन (२०७४)

**स्वर : सरस्वती लामिछाने र चन्द्रा क्षेत्री**
**शब्द : रामजी पौडेल**
**रेकर्ड : आचार्य डिजिटल स्टुडियो, पोखरा**

*तिरिरी बासुरी धुन*
*बेनी बजार आऊ माया भेट हुन ।*

**केटी :** काली वारी बाग्लुङ बजार काली पारी बेनी
मायासँग भेट्न पाए म नी रमाउँथेनी
तिरिरी बासुरी .........

**केटा :** बेनी बजार झिलिमिली जुनको रातमा
क्या रमाइलो हुन्थ्यो सानु तिमी भए साथमा
तिरिरी बासुरी .........

**केटी :** कति माया गर्छौ भनी कसरी जानु
कुश्मा बजार घुम्न मन छ घुमाइ देऊ है सानु
तिरिरी बासुरी .........

**केटा :** भेट्ने मन हुँदा हुँदै भैयो परापर
अब आऊने शनिबार माल्ढुङ्गामा झर ।
तिरिरी बासुरी .........

**केटी :** मनले भन्छ मायासँग भेट्न पाम्ला कहिले
तिमीसँग घुम्न पाए संसार भुल्थे मैले
तिरिरी बासुरी .........

**केटा :** गुप्तेश्वरको दर्शन गरी मीठो खाजा खाउला
नेपालकै अग्लो पुलमा सेल्फि खिच्न जाउला ।
तिरिरी बासुरी .........

**केटी :** जे गरेर हुन्छ मलाई सानु घरमा मनाएर
यो सात दिनमा लैजाउ मलाई बाजा बजाएर
तिरिरी बासुरी .........

**केटा :** यस पालित घुमाइ दिन्छु धोको पुऱ्याएर
तिम्रो सिउँदो रङ्गाइ दिन्छु लगन जुऱ्याएर
तिरिरी बासुरी .........।

❖❖❖

परिशिष्ट : दुई

# अन्तर्वार्ता

**१. यहाँको जन्म कहाँ र कहिले भएको हो ?**

= मेरो जन्म २०४५ साल माघ २५ गते आइतबार पर्वत जिल्ला तिलहार गा.वि.स.वडा नं. १ हालको मोदी गाउँपालिका वडा नं. ६ मा भएको हो ।

**२. आफ्नो पारिवारिक परिचय दिनुहोस् न !**

= मेरा परिवारमा हजुरबुबा, हजुरआमा, बाबा-आमा, दुई दाजुभाइ, एक बहिनीका साथै श्रीमान् र दुई छोरीहरू रहेका छन् ।

**३. यहाँको अध्ययन र शिक्षाबारे जानकारी गराइदिनुहोस् ?**

= म कक्षा १ देखि ५ सम्म श्री नवदुर्गा प्राथमिक विद्यालयमा अध्ययन गरे र ६ कक्षादेखि १० कक्षासम्म पकुवा गा.वि.स.स्थित श्री वीरेन्द्र माध्यमिक विद्यालयमा अध्ययन गरें । मेरो अध्ययन एस.एल.सीसम्मको हो ।

**४. बाल्यकालमा बिताएका गीतसङ्गीत सम्बन्धी कुनै रमाइला क्षण सम्झन सक्नुहुन्छ ?**

= शुरुमा मामाको बिहेमा आफुभन्दा अग्रज कलाकार चित्रसागर श्रेष्ठ दाइसँग नजानी-नजानी पनि गीत गाएको त्यो क्षण सधैंको लागि स्मरणीय भएको छ ।

**५. गायन यात्राको औपचारिक प्रारम्भ कसरी भयो ?**

= २०६३ सालदेखि अहिलेसम्म १०/११ वर्ष जति भयो ।

**६. मनपर्ने अन्य गायक गायिकाको नाम लिनु पर्दा कसलाई सम्झनु हुन्छ ?**

= आफ्नो क्षेत्रमा लाग्ने सबै गायक/गायिका मन पर्दछन् ।

**७. यहाँको जीवनमा अहिलेसम्मका सुखद र दुःखद क्षण कुनै छन् ?**

= कुनै पनि काम गर्दा जीवनमा विभिन्न सुख र दुःख आउने गर्दछ । तर त्यस्तो धेरै राम्रो र नराम्रो क्षण अहिलेसम्म रहेको छैन ।

**८. हालसम्मको गायन यात्रामा तपाईंका सहकर्मी कलाकार को-को छन् ?**

= हालसम्मको गायन यात्राका सहकर्मी कलाकारमा जीतसागर श्रेष्ठ, चोलेन्द्र पौडेल, रामजी पौडेल, शंकर विरही गुरुङ, कृष्ण अखेली, तारानाथ आचार्य, जीवन दाहाल, तारापति सुवेदी, घनश्याम रिजाल, वसन्त थकाली, शिव हरि ढुङ्गाना रहेका छन् ।

**९. गीत सङ्गीतमा लाग्ने अभ्यास र समयको व्यवस्थापन कसरी गर्नुहुन्छ ?**

= गीत सङ्गीतमा अभ्यास गर्न त पहिला अरुका गीत राम्रोसँग सुन्ने हो र कार्यक्रममा जानका लागि टाढा-टाढा जान नसके पनि नजिक-नजिकका कार्यक्रममा आफ्नो समय मिलाएर जाने गर्दछु ।

**१०. गीत सङ्गीतका क्रममा पहिले गाएका गीत र अहिलेको गीत सङ्गीतमा के भिन्नता पाउनुहुन्छ ?**

= गीत सङ्गीतमा समय अनुसार परिर्वतन भएको पाउन सक्दछौ । पहिलेका पुराना गायक/गायिका, लेखक, सङ्गीत र अहिलेकोमा धेरै फरक छ । अहिलेको आधुनिक जीवन शैली अनुसार पनि भिन्नता पाउन सकिन्छ ।

**११. लोक दोहोरीमा पनि देखासिकी परम्परा भएको हो ?**

= लोकदोहोरी गीतमा पनि देखासिकी पाउन सकिन्छ । तर हामीले अरुको देखासिकी गर्नु भन्दा आफूले कसरी राम्रो गर्न र लोकगीतलाई स्तरीय बनाउनेतिर ध्यान दिने गर्नुपर्दछ । अरुको देखासिकी परम्परा हटाउनु पर्दछ ।

**१२. लोकगीत सङ्गीतको विकासका लागि के गर्नुपर्दछ ?**

= लोकगीत सङ्गीतको विकासका लागि आफ्नो मौलिक परम्परालाई बिर्सनु हुँदैन साथै आफ्नो धर्म संस्कृति अनुसार चल्न सक्नु नै लोक सङ्गीतको विकासमा सहयोग पुऱ्याउन सकिन्छ ।

**१३. लोकगीत सङ्गीतमा लाग्नेको भविष्य कस्तो पाउनुभएको छ ?**

= भविष्य त सबै क्षेत्रमा लाग्नेको भेट्न गाह्रो हुन्छ तर अरुभन्दा लोकगीत सङ्गीतमा अलि गाह्रो छ नाम चलेर कार्यक्रममा सबै ठाउँमा पुग्नेलाई सजिलो छ भने नयाँ आउने र लगानी लगाएर यो क्षेत्रमा लाग्नेलाई गाह्रो छ तर आफू इमान्दारी भएर इमान्दारीका साथ राम्रो काम गरेर यस क्षेत्रमा लाग्नेलाई भविष्य राम्रो पाउन सकिन्छ ।

**१४ अन्तमा भन्नुपर्ने केही छ कि ?**

= भन्नुपर्ने सबै कुरा भनिसकेकी छु । मेरो गायन यात्राका बारेमा यहाँले जुन चासो र क्रियाशीलता देखाउनु भएको छ त्यसका लागि आभार प्रकट गर्दछु ।

❖❖❖

परिशिष्ट : तीन

# सरस्वती लामिछाने संलग्न विभिन्न साङ्गीतिक कार्यक्रमका केही झलक




**गायक घनश्याम रिजालका साथमा सरस्वती लामिछाने**



**तामाङहरुको ल्होसार विशेष कार्यक्रममा सरस्वती लामिछाने**



**गायक चोलेन्द्र पौडेल र शंकर विहरी गुरुङका साथ सरस्वती लामिछाने**




**आफ्नो साङ्गीतिक प्रस्तुती राख्दै सरस्वती लामिछाने**



**गायक रामजी पौडेलका साथ सरस्वती लामिछाने**



**सम्मान ग्रहण गर्दै सरस्वती लामिछाने**

# सन्दर्भ सूची


गिरी, जीवेन्द्रदेव र अन्य (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा**, ललितपुर : साझा प्रकाशन ।

जोशी, सत्यमोहन (२०१४), **नेपाली लोक संस्कृति,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

ज्ञवाली, नारायणप्रसाद (२०५४), ***अली मियाँको जीवनी, व्यक्तित्व र कृतित्व*** , स्नातकोत्तर अध्ययनपत्र, पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

थापा, दुर्गाबहादुर गोदार (२०७०), **चोलेन्द्र पौडेलले गाएका गीतको अध्ययन**, स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), ***नेपाली साहित्यको विवेचना,*** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कुसुमाकर (२०६०), **धवलागिरी अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन** (लघु अनुसन्धान), काठमाडौं : विश्वविद्यालय अनुदान आयोग ।

..................(२०६६), **पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन** (शोधप्रबन्ध), काठमाडौं : त्रिभुवन विश्वविद्यालय काठमाडौं ।

पन्त, कालिभक्त (२०२८), ***हाम्रो कला सांस्कृतिक इतिहास,*** स्याङ्जा : लेखक स्वयम् ।

पराजुली, कृष्णप्रसाद (२०५७), ***नेपाली लोकगीतको आलोक,*** काठमाडौं : वीणा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), ***नेपाली लोकसाहित्य,*** काठमाडौं : एकता बुक्स ।

लामिछाने, सरस्वती (२०७०) **भन्न नसकेर,** काठमाडौं : रक्षा म्यूजिक प्रा.लि. ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : पुस्तक भण्डार काठमाडौं ।

श्रेष्ठ, आनन्द सुन्दर (२०६१), **हरिदेवी कोइरालाले गाएका गीतको अध्ययन,** स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

सुनाम, सविना (२०६९), ***पद्मराज ढकालले गाएका गीतहरूको अध्ययन,*** स्नातकोत्तर अध्ययनपत्र, पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

www.youtube.com/ramji poudel